# वैदेशिक रोजगारका लागि श्रम आप्रवासन

## नेपालको स्थिति प्रतिवेदन २०१४/१५



नेपाल सरकार

**श्रम तथा रोजगार मन्त्रालय**

# वैदेशिक रोजगारका लागि श्रम आप्रवासन

## नेपालको स्थिति प्रतिवेदन २०१४/१५

नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**

मा. दीपक बोहरा
मन्त्री
श्रम तथा रोजगार मन्त्रालय

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
निजी सचिवालय
सिंहदरबार

फोन : ४२११७९४, ४२११६७८
फ्याक्स : ९७७-१-४२११८७७
वेवसाइट : www.mole.gov.np

पत्र सङ्ख्या :-
च. नं. :- ३९८

मिति : २०७३।०३।१३

# सन्देश

नेपालको आर्थिक तथा सामाजिक विकासमा श्रम आप्रवासनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस प्रतिवेदनमा उल्लेख गरिएको तथ्याङ्कले सन् २०१३/१४ मा नेपालको कूल ग्राहस्थ उत्पादनमा विप्रेषणको योगदान करिव २८ प्रतिशत रहेको छ। त्यसको अतिरिक्त देशको गरिबी निवारणमा समेत विप्रेषणले ठूलो योगदान पुऱ्याएको छ। विदेश गएका श्रमिकहरुले देशको आर्थिक विकासमा पुऱ्याएको योगदानको कदर गरिरहँदा वैदेशिक रोजगारीको शिलशिलामा उनीहरुले भोग्नु परेको समस्याहरुको बारेमा पनि सरकार सचेत छ।

श्रम आप्रवासनसँग सम्बन्धित चुनौतीहरुको सामना गर्न देश भित्र र गन्तव्य देश दुबैमा ठोस कार्य गर्न आवश्यक छ। श्रमिकहरुको प्रयाप्त अधिकार नहुनु, कार्यस्थलमा आधारभूत सेवा सुविधा सुनिश्चिता नहुनु, न्यून क्षतिपूर्ति, मानव बेचबिखन, ठगी तथा श्रम शोषण जस्ता कुराहरुसँग जुध्न सम्बन्धित साझेदार संस्थाहरुको सहयोगका साथै दह्रो राजनैतिक इच्छा शक्तिको आवश्यकता पर्दछ।

आप्रवासी कामदार र उनीहरुको परिवारको सुरक्षा र अधिकारको प्रत्याभूतिको लागि सम्बन्धित संस्थाहरुको क्षमता विकास गर्न उपयुक्त मानव संसाधन र आर्थिक श्रोत साधनसँगै सम्बन्धित सबै सरकारी निकायहरु बीच राम्रो समन्वयको आवश्यकता पर्दछ जसले गर्दा त्यस सम्बन्धमा सक्षम तथा प्रभावकारी ढङ्गले कार्य सम्पादन होस्। उक्त कार्यलाई अरु प्रभावकारी रुपमा अगाडि बढाउन सरकारी निकाय र विकास साझेदार संस्थाहरुको यथेष्ट प्रयास आवश्यक छ।

यस दोस्रो **वैदेशिक रोजगारका लागि श्रम आप्रवासन नेपालको स्थिति प्रतिवेदन २०१४/१५** एउटा महत्वपूर्ण दस्तावेजको रुपमा आएको छ जसले श्रम आप्रवासनसँग सम्बन्धित चुनौतीहरुको सामना गर्नका लागि कार्यान्वयनको पाटोमा यथेष्ट मद्धत पुऱ्याउने छ। प्रस्तुत रिपोर्टमा सरकारी तथ्याङ्क प्रयोग गरी शूक्ष्म अध्ययन, अनुसन्धान तथा विश्लेषण गरिएको छ जसले गर्दा यस क्षेत्रमा विद्यमान चुनौती र अवसरहरु मात्र होइन सुधार पनि गर्नुपर्ने क्षेत्रको समेत पहिचान गरेको छ। यस प्रतिवेदनले श्रम आप्रवासनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई कार्यक्रम संचालन र कार्यान्वयनको लागि स्पष्ट मार्गचित्र कोर्न सहयोग पुऱ्याउने छ भन्ने मैले आशा गरेको छु।

यो प्रतिवेदन तयार गर्न अगुवाई गर्ने श्रम तथा रोजगार मन्त्रालयका साथै वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड र अनुसन्धान टोलीका सदस्यहरु रहेको समन्वय समितिलाई धन्यवाद तथा बधाई ज्ञापन गर्न चाहन्छु जसको अथक प्रयासले यो एउटा महत्वपूर्ण दस्तावेज तयार भएको छ। साथै, म हाम्रा विकास साझेदार संस्थाहरुः अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय आप्रवासि संगठन, द एशिया फाउण्डेशन, यूरोपीयन यूनियन, यू.एस.ए.आई.डी र काठमाडौं माइग्रेसन ग्रुपलाई निरन्तर आर्थिक तथा प्राविधीक सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छु।

**दीपक बोहरा**
मन्त्री
श्रम तथा रोजगार मन्त्रालय

फोन नं. : ४२११८१५, ४२११९८४ / ४२११६९६, ४२११९६३
फ्याक्स : ९७७-१-४२११८७७
Website : www.moltm.gov.np
E-mail : info@moltm.gov.np

नेपाल सरकार

**श्रम तथा रोजगार मन्त्रालय**

(............................................................ शाखा)

पत्र संख्या:-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार
काठमाडौं, नेपाल

मिति: ..............................

# दुई शब्द

**वैदेशिक रोजगारका लागि श्रम आप्रवासन नेपालको दोस्रो स्थिति प्रतिवेदन २०१४/१५** प्रकाशित भएकोमा खुशी व्यक्त गर्दछु। वैदेशिक रोजगारीले देशको आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो परिवर्तन ल्याएको छ। एकातिर वैदेशिक रोजगारी धेरै नेपाली परिवारको लागि जीविकोपार्जनको एउटा वैकल्पिक अवसरको रूपमा आएको छ भने अर्कोतिर आफ्नै देश र गन्तव्यमा श्रमिकहरुको सुरक्षित आप्रवासनका विषयमा सरकार र नीतिनिर्माताहरुमा थुप्रै चुनौतीहरु पनि थपिएको छ। श्रम आप्रवासन व्यवस्थापनको सुदृढिकरणका लागि सजिलोसँग उपलब्ध हुने विश्वासयोग्य तथ्याङ्क र सूचनाको आवश्यकता पर्दछ जसको सहायताले वर्तमान र भविष्यमा समेत गनुपर्ने कामको बारेमा आधार तयार गर्न सकियोस्। अप्रिल २०१५ को महाभूकम्पको कारण देशको आर्थिक तथा सामाजिक क्षेत्रमा देखापरेको प्रतिकुल अवस्थाले सुरक्षित आप्रवासनको समस्यालाई थप जटिल बनाइदिएको छ।

यो प्रतिवेदनले नेपालको श्रम आप्रवासनको अवस्थालाई प्रष्ट पार्नुको साथै संरचनागत कमिकमजोरीहरु औंल्याउँदै आगामी दिनमा सरकार र सम्बन्धित पक्षहरु कसरी अगाडि बढ्नु पर्दछ भन्ने बारे ठोस सुझावसमेत दिएको छ। धेरै सरकारी निकायहरुले श्रम आप्रवासनको बारेमा तथ्याङ्कहरु संकलन र प्रकाशन त गरेका छन् तर कसैले पनि ती तथ्याङ्कहरु एक ठाउँमा राखी समुचित विश्लेषण गरेका छैनन्। यो प्रतिवेदनले त्यो अवसरको उपयोग गरी सरकारको उपलब्धी र त्यस क्षेत्रमा देखापरेका चुनौतीहरुका बारेमा प्रकाश पार्ने काम गरेको छ। यसले नीति निर्माताहरुलाई श्रम आप्रवासनको विषयमा सम्बोधन गर्दा मुलतः श्रमिकहरुको अधिकार सुरक्षित गर्ने विषयमा बाटो देखाएको छ।

यो प्रतिवेदन तयार पार्नका लागि श्रम तथा रोजगार मन्त्रालयको अध्यक्षतामा गठन गरिएको समन्वय समितिलाई धन्यवाद दिन चाहन्छु। रिपोर्ट तयार गर्ने कार्यमा सहयोग पुऱ्याएकोमा म अन्तर्राष्ट्रिय श्रम संगठनको यूरोपीयन यूनियनको आर्थिक सहयोगमा सञ्चालित शालम प्रोजेक्ट, अन्तर्राष्ट्रिय आप्रवासन संस्था, द एशिया फाउण्डेशनको यू.एस.ए.आई.डीको सहयोगमा सञ्चालित सिटिप प्रोग्राम र काठमाडौं माइग्रेसन ग्रुपको सहयोगको सह्राहना गर्दै यस कार्यले नेपाल सरकार र विकास साझेदारहरु बीचको सम्बन्ध अझ गहिरो भएको महशुस गरेको छु। सूचना विश्लेषण तथा प्रतिवेदनलेखनका लागि म वरिष्ठ कन्सलट्यान्ट श्री दिपेन्द्रविक्रम थापा र सहयोगी अनुसन्धानकर्ता श्री इसान घिमिरेलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, प्रतिवेदनलेखनको अवस्थामा महत्वपूर्ण सुझावहरु उपलब्ध गराई यसलाई अझ गहकिलो बनाउन सहयोग पुऱ्याएकोमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डका कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु।

आशा छ, सुरक्षित आप्रवासनको प्रवर्द्धन कार्यको निरन्तरताका लागि यस क्षेत्रमा कार्यरत सबै साझेदारहरुको सहयोगले निरन्तरता पाउनेछ।

**बिष्णु प्रसाद लम्साल**
सचिव
श्रम तथा रोजगार मन्त्रालय

# विषय-सूची


सन्देश क
दुई शब्द ग
पारिभाषिक शब्दावली ज
छोटकरी रूप झ

**भाग १: परिचय** **१**
१.१ प्रतिवेदनका उद्देश्यहरू २
१.२ विधि २
१.३ प्रतिवेदनको सीमा ३
१.४ प्रतिवेदनको विषयवस्तु ४

**भाग २: नेपालमा श्रम आप्रवासन स्थितिको समीक्षा** **७**
२.१ श्रम स्वीकृति प्राप्त गर्ने मौजुदा प्रवृत्ति ७
२.२ श्रम आप्रवासीहरूका गन्तव्य मुलुकहरू ९
२.३ श्रम आप्रवासीहरूका उत्पत्ति जिल्लाहरू ११
२.४ श्रम स्वीकृति नवीकरण १६
२.५ आप्रवासनको माध्यम : म्यानपावर मार्फत वा व्यक्तिगत रुपमा आप्रवासन हुने १७
२.६ नियमित तथ्याङ्क १९
२.७ श्रमिक आप्रवासीहरूको उमेर तथा सीपको स्तर २२
२.८ उजुरी, पीडा र मृत्यु २३
२.९ म्यानपावर एजेन्सीहरू र अन्य संस्थाहरू ३२

**भाग ३: वैदेशिक रोजगार सञ्चालनको प्रबन्ध** **३५**
३.१ प्रचलित कानुनहरू, नीति र संस्थागत संयन्त्रहरू ३६

**भाग ४: विषयगत सवालहरू** **४७**
४.१ वैदेशिक रोजगार र राष्ट्रिय विकास ४७
४.२ भूकम्प, वैदेशिक रोजगार र विपद् पश्चातका आवश्यकताहरू ५४
४.३ वैदेशिक रोजगारमा महिला ५६
४.४ विद्यार्थी भिसा र रोजगार ५९

**भाग ५: अन्तराल,चुनौति र भावि कार्य दिशा** **६३**
५.१ प्रमुख अन्तरालहरू ६३
५.२ चुनौतिहरू ६५
५.३ भावि कार्यदिशा ६६

**अनुसूचिहरू** **७३**

## चित्रहरू


चित्र १. श्रम स्वीकृति प्राप्त गर्ने प्रवृत्तिहरू, सन् २००८/०९-२०१४/१५ ७
चित्र २. कुल श्रम आप्रवासीहरूको हिस्सा, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५ ८
चित्र ३. वैदेशिक रोजगारका लागि सबभन्दा उच्च गन्तव्य मुलुकहरू, सन् २००८/०९-२०१४/१५ ९
चित्र ४. मलेसिया र खाडी सहयोग परिषद देशहरूका लागि जारी गरिएको श्रम स्वीकृतिको प्रवृत्ति, सन् २००८/०९-२०१४/१५ १०
चित्र ५. महिला श्रमिक आप्रवासीहरूका लागि सबभन्दा उच्च दश गन्तव्य मुलुकहरू, सन् २००८/०९-२०१४/१५ ११
चित्र ६. महिला आप्रवासी कामदारहरूका लागि दश उच्च स्रोत जिल्लाहरू, सन् २००८/०९-२०१४/१५ १४
चित्र ७. वार्षिक रुपमा नवीकरण हुने श्रम स्वीकृतिको कुल सङ्ख्या, सन् २०११/१२-२०१४/१५ १६
चित्र ८. श्रम स्वीकृतिको नवीकरण गर्ने आप्रवासीहरू भएको सबभन्दा उच्च दश उत्पत्ति जिल्लाहरू, सन् २०१२/१३-२०१४/१५ १६
चित्र ९. आप्रवासनको माध्यम, सन् २००८/०९ - २०१४/१५ १८
चित्र १०. श्रम स्वीकृति प्राप्त गर्न महिला आप्रवासीहरूले प्रयोग गरेका माध्यमहरू, सन् २००८/०९-२०१४/१५ १८
चित्र ११. श्रम स्वीकृति प्राप्त गर्न पुरुष आप्रवासीहरूले प्रयोग गरेका माध्यमहरू, सन् २००८/०९-२०१४/१५ १९
चित्र १२. पहिले दर्ता नभएका तर पछि आवेदन दिएर श्रम स्वीकृति प्राप्त गर्नेहरूको सङ्ख्या, सन् २०१२/१३ - २०१४/१५ १९
चित्र १३. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृतिका लागि आवेदन दिने उत्पत्ति जिल्लाहरू, सन् २०१२/१३ - २०१४/१५ २०
चित्र १४. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गरेका महिला आप्रवासी कामदारहरूको कुल सङ्ख्या, सन् २०१२/१३ - २०१४/१५ २०
चित्र १५. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गर्ने आप्रवासी कामदारहरूको गन्तव्य मुलुकहरू, सन् २०१२/१३ - २०१४/१५ २१
चित्र १६. सबभन्दा उच्च गन्तव्य मुलुकहरूमा मृत्यु हुनेहरूको सङ्ख्या, सन् २००८/०९-२००१४/१५ २८
चित्र १७. विप्रेषण प्रवाहको प्रवृत्ति, सन् २००३/०४-२०१३/१४ ५०


## तालिकाहरू


तालिका १. श्रम आप्रवासीहरूका लागि जारी गरिएको वार्षिक श्रम स्वीकृति वृद्धि दर, सन् २००८/०९-२०१४/१५ ८
तालिका २. आप्रवासीहरूले श्रम स्वीकृति प्राप्त गर्ने उल्लेख्य रुपमा बढ्दो वा घट्दो प्रवृत्ति भएका जिल्लाहरू, सन् २००८/०९-२०१४/१५ १३
तालिका ३. सुदुर पश्चिमका जिल्लाहरूमा श्रम स्वीकृति प्राप्त गर्नेहरूको बढ्दो प्रवृत्ति १४
तालिका ४. उच्च सङ्ख्यामा श्रम स्वीकृत प्राप्त गरेका जिल्लाहरूबाट आप्रवासीहरूका उच्च तीन गन्तव्यहरू, सन् २००८/०९-२०१४/१५ १५
तालिका ५. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गर्नेहरूको सङ्ख्या, गन्तव्य र लैङ्गिकताका आधारमा, सन् २०१२/१३ - २०१४/१५ २१
तालिका ६. श्रमिक आप्रवासीहरू, उमेर र लैङ्गिकताका आधारमा, सन् २०१४/१५ २२
तलिका ७. उजुरी, फर्स्यौट तथा व्यक्ति वा एजेन्सीद्वारा प्रदान गरिएको क्षतिपूर्ति सन् २०१२/१३ -२०१४/१५ २४
तालिका ८. वैदेशिक रोजगार न्यायाधीकरणमा प्राप्त भएका मुद्घाहरू, वर्ष र अवस्थाको आधारमा २५
तलिका ९. वैदेशिक रोजगारीको अवधिमा शारीरिक रुपमा अपाङ्ग हुन पुगेका व्यक्तिहरूको जानकारी प्राप्त सङ्ख्या, सन् २००८/०९ - २०१४/१५ २६

तालिका १०. चोटपटक र अपाङ्गताका कारणहरू, सन् २००८/०९-२०१४/१५ २६
तालिका ११. वैदेशिक रोजगारको अवधिमा आप्रवासी कामदारहरूको मृत्युको कुल सङ्ख्या, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५ २७
तालिका १२. वैदेशिक रोजगारको अवधिमा आप्रवासी कामदारहरूको मृत्युको कुल सङ्ख्या, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५ २७
तालिका १३. विदेशमा काम गर्दा आप्रवासीहरूको मृत्युका कारणहरू, सन् २००८/०९ - २००१४/१५ २९
तालिका १४. मलेसिया र खाडी सहयोग परिषद देशहरूमा मृत्युका कारणहरू, सन् २००८/०९ - २००१४/१५ ३०
तालिका १५. गन्तव्य मुलुकहरूमा सडक दुर्घटनाका कारण मृत्यु, सन् २००८/०९-२००१४/१५ ३१
तालिका १६. गन्तव्य मुलुकहरूमा आत्महत्या गरी हुने मृत्युको सङ्ख्या, सन् २००८/०९ - २००१४/१५ ३२
तलिका १७. म्यानपावर एजेन्सीको विवरण ३३
तलिका १८. अप्रिल २०१५ को भूकम्प अघि र पछिको श्रम आप्रवासनको प्रवाह ५४
तालिका १९. जारी गरिएका श्रम स्वीकृतिको लैङ्गिक वार्षिक वर्गिकृत तथ्याङ्क ५७
तालिका २०. महिला आप्रवासी कामदारहरूको आवतजावतमा सरकारको रोक ५८
तालिका २१. नेपाल सरकारद्वारा जारी गरिएको “वैदेशिक अध्ययन अनुमति पत्रहरू” ५९

# पारिभाषिक शब्दावली

वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार प्रक्रिया र यसका अवयवहरूसँग सम्बन्धित पारिभाषिक शब्दावलीहरूको व्याख्या गरिएको छ ।

यस प्रतिवेदनले ऐनमा उल्लेख भएका परिभाषाहरूलाई आधार मानेको छ । तथापि, तलका शब्दावलीहरू ऐनमा उल्लेख भएका शब्दावलीहरूको मर्म र भावनालाई कायम राख्दै प्रयोग गरिएका छन् ।

- **श्रम आप्रवासन:** यस शब्दावलीले भारतमा रोजगारका लागि जाने बाहेकका नेपालबाट वैदेशिक रोजगारमा जाने आप्रवासनलाई जनाउँदछ । यसैगरी, "श्रम आप्रवासीहरू" भन्नाले श्रम आप्रवासनमा जाने नेपाली नागरिकहरूलाई जनाउँदछ ।
- **म्यानपावर एजेन्सी:** यस शब्दावलीले प्रचलित ऐन अन्तर्गत अन्य मुलुकहरूमा विज्ञापनअनुसारको कामका लागि कामदारहरू भर्ती गर्ने उद्देश्यले वैदेशिक व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्थाहरूलाई जनाउँदछ ।

यसका अतिरिक्त, "अलेखबद्ध आप्रवासी" वा "गैर-कानुनी आप्रवासी" प्रयोग गरिदैन । यसको सट्टा आप्रवासनमा जाने प्रत्येक व्यक्तिको मानवअधिकारका दृष्टिकोणले निम्न शब्दावली प्रयोग गरिन्छ ।

- अनियमित आप्रवासीः कुनै व्यक्ति उत्पत्ति मुलुक, पारगमन र गन्तव्य मुलकका नियमहरूको परिधिभन्दा बाहिर आवागमनका क्रममा कुनै विदेशी सिमाना पार गर्दछ भने त्यस्तो व्यक्तिलाई अनियमित आप्रवासी भनिन्छ । यो शब्दावली थाइल्याण्डले सन् १९९९ मा आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय सँगोष्ठीः अनियमित/अलेखबद्ध आप्रवासनको आयोजना गरेदेखि अन्तर्राष्ट्रिय अभ्यासमा बेहत्तर भएको छ । यसैगरी "अनियमित आप्रवासन"ले अनियमित आप्रवासीले सिमाना पारगर्ने आप्रवासनको प्रक्रियालाई जनाउँदछ ।

यस प्रतिवेदनको अधिकांश तथ्याङ्कलाई नेपाली आर्थिक वर्षलाई आधार मानी प्रस्तुत गरिएको छ । नेपालमा हरेक आर्थिक वर्ष १७ जुलाईबाट शुरु भई १६ जुलाईमा अन्त्य हुन्छ । यस प्रतिवेदनले गत आर्थिक वर्षलाई २०१४/१५ भन्ने जनाउँदछ । त्यसभन्दा अघिका वर्षहरूलाई पनि सोहीअनुसार व्यक्त गरिएको छ ।

# छोटकरी रूप

| | |
|---|---|
| EPS | रोजगार स्वीकृत प्रणाली |
| GCC | खाडी सहयोग परिषद |
| GDP | कुल ग्रार्हस्थ उत्पादन |
| ILO | अन्तर्राष्ट्रिय श्रम संगठन |
| NPR | नेपाली रुपैयाँ |
| SAARC | दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन |



वैदेशिक रोजगारीमा जाने कामदारहरु श्रम ग्राममा श्रम स्वीकृतिको पर्खाइमा । © *ILO/O. Havana*

# परिचय

एक्काइशौं शताब्दीमा नेपालबाट हुने गरेको वैदेशिक रोजगारी वास्तवमा अन्तर्राष्ट्रिय आप्रवासनको सबभन्दा महत्वपूर्ण अंश हो। आर्थिक वर्षहरूसन् १९९३/१९९४-२०१४/१५ को अवधिमा सरकारद्वारा (भारत बाहेक) वैदेशिक रोजगारीका लागि ३८ लाखभन्दा बढीश्रम स्वीकृतिहरू जारी गरिएका थिए, जसले देशको वर्तमान जनसङ्ख्याको करिब १४ प्रतिसतलाई  जनाउँदछ। यसैगरी सबभन्दा पछिल्लो जनगणनाअनुसार (सन् २०११)अनुपस्थित जनसङ्ख्या (१,९२१,४९४) वा नेपालभन्दा बाहिर रहेका व्यक्तिहरू (भारतमा बसोबास गरिरहेका समेत) को करिब कुल ७१ प्रतिसतले विदेशमा निजी तथा संस्थागत कामहरूका लागि देश छोड्ने गरेको उल्लेख छ।[१]

यसको परिणामस्वरुप, विप्रेषणको प्रवाहमा उल्लेखनीय वृद्धि भई सन् २००३/०४ को ५८.६ अर्ब नेपाली रुपैयाँबाट २०१४/१५ मा ५८९.५ अर्ब पुगेको छ। यो विप्रेषण सन् २००३/०४ मा १०.९ प्रतिसत थियो भने २०१४/१५ मा २७.७ प्रतिसत। तसर्थ, नेपालको विकासको अर्थतन्त्रमा विप्रेषणको मुख्य योगदान रहेको छ।

विगतको दशकमा आप्रवासीहरूको बाह्य गमन देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनाको परिवर्तनका  लागि प्रभावशाली भएको छ। आप्रवासीहरूको नगद प्रवाहका कारण नेपाल विप्रेषण अर्थतन्त्रको रुपमा उदय भएको छ। यसैगरी, सन् २०१२[२] मा नेपाल विश्वमा कुलग्राहस्थ उत्पादनमा योगदान पुऱ्याउने तेस्रो सबभन्दा बढी विप्रेषण प्राप्त गर्ने र अतिकम विकसित मुलुकहरूमध्ये सबभन्दा बढी विप्रेषण प्राप्त गर्ने देशहरूमध्यको[३] एक हुन पुग्यो। वैदेशिक रोजगारले वैकल्पिक जिविकोपार्जनका अवसरहरू प्रदान गरेको छ भने विप्रेषणले परिवारको आय वृद्धि गर्न मद्धत पुऱ्याएको छ।

वैदेशिक रोजगारीका धेरै प्रभावहरूमध्येविशेषगरी कामगर्ने उमेरका धेरैजना पुरुषहरूको जनसङ्ख्या घरभन्दा बाहिर रहेकोले सामाजिक संरचनामा परिवर्तन भएको छ। यसका अतिरिक्त, धेरै महिलाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा श्रम शक्तिमा समाहित हुन थालेको हुनाले सांस्कृतिक मान्यताहरूमा परिवर्तन भइरहेको छ।

ठूलो सङ्ख्यामा रोजगारीका लागि हुने गरेको श्रम आप्रवासनले सरकार र नीति निर्माताहरूलाई नयाँ अवसरहरूतथा चुनौतीहरू प्रदान गरेको छ। आप्रवासी कामदारहरूको ठूलो सङ्ख्यालाई व्यवस्थापन गर्दै उनीहरूको सुरक्षा, अधिकार, मर्यादा र कल्याण सुनिश्चित गर्नु प्रमुख सरोकारको विषय भएको  छ। यसका लागि प्रशासनिक प्रक्रियालाई सुदृढ गर्नु, उचित कानुन तथा नीतिहरू निर्माण गरी तिनीहरूको उचित कार्यान्वयन सुनिश्चित गर्न आवश्यक पर्दछ।

कानुन तथा नीतिहरू विद्यमान हुँदाहुँदै र औपचारिक मार्गबाट आप्रवासी कामदारहरू विदेश जानेक्रममा वृद्धि हुँदाहुँदै पनि यस्ता नीति तथा नियमहरू अझै पूर्ण रुपमा कार्यान्वयन हुन सकेका छैनन्। यस्तो अपूर्णताले आप्रवासीहरूका अधिकार एवं सुरक्षामा असर पार्नुका साथै श्रम आप्रवासीहरू मथि हुने दुर्व्यवहार, शोषण तथा आर्थिक संकटका घटनाहरूले निरन्तरता पाएका छन। परिणामस्वरुप, उनीहरूका अधिकार र हितमा अवरोध हुने गरेको छ।

श्रमिक एवं मानव अधिकारमुखी, सुरक्षित र उचित स्तरको वैतनिक श्रम आप्रवासन तथा वैदेशिक रोजगारसँग[४] सम्बन्धित सम्पूर्ण आयामहरूलाई अझ गहन तथा विस्तृत रुपमा बुझ्नका लागि आवश्यक रणनीतिहरूमा जोड दिनु पर्दछ जसको परिणामस्वरुप यसले राष्ट्रिय विकासका[५] लागि दोहन गर्न सकिन्छ।

---

१ केन्द्रीय तथ्याङ्क विभाग, २०१४, पेज नं. २२८।

२ विश्व बैंक, २०१४।

३ संयुक्त राष्ट्र संघ, २०१४, पेज नं. १५।

४ राष्ट्रिय योजना आयोग र युएनडिपि, २०१४, पेज नं. ७४।

५ राष्ट्रिय योजना आयोग, पेज नं. ९८।

तसर्थ, यस प्रतिवेदनको उद्देश्य वैदेशिक रोजगारसँग सम्बन्धित मौजुदा तथ्याङ्क, प्रवृत्ति, सवाल र चुनौतीहरूको अभिलेखन गर्नुका साथै मुलुक स्तरीय विभिन्न पहलहरूको बारेमा उत्पत्ति र गन्तव्य दुवै देशहरूमा सूचना प्रदान गर्नु रहेको छ । यसमा सुरक्षित र सम्मानजनक आप्रवासनको प्रवर्द्धन गर्नका लागि नीतिगत निर्णयहरूका साथै आप्रवासन व्यवस्थापन संयन्त्रहरू तथा प्रशासनिक संस्थाहरूमा सुधार गर्नुपर्ने कुरा समेत पर्दछन् ।

## १.१ प्रतिवेदनका उद्धेश्यहरू

यस प्रतिवेदन तयार पार्ने क्रममा गरिएको अनुसन्धानका निम्न उद्देश्यहरू थिए:

- तथ्याङ्क सङ्कलन र आप्रवासन चक्रसँग सम्बन्धित निकायहरूबाट उपलब्ध सूचनालाई सङ्ग्रह गरेर नेपालबाट वैदेशिक रोजगारका लागि हुने श्रम आप्रवासनका सबै पक्षहरूको परिमाणको मूल्याङ्कन र व्याख्या गर्ने;
- सुरक्षित आप्रवासनको प्रवर्द्धन र नेपाल तथा गन्तव्य मुलुकहरूमा आप्रवासी कामदारहरूका अधिकार एवं हकहितको संरक्षणका लागि सरकारको नेतृत्वमा नीतिगत तथा संरचनागत तहहरूमा भएका विभिन्न पहलहरूलाई प्रकास पार्ने; र
- वैदेशिक रोजगारसँग सम्बन्धित विषयगत सवालहरूको वृहत्तर विकासे कार्यढाँचाभित्र पहिचान गरी छलफल गर्ने; र
- श्रम आप्रवासन एवं आप्रवासीहरूको विकासमा सहयोग पु¥याउने खालका विद्यमान नीतिहरू एवं संरचनागत संयन्त्रहरूमा भएका अभाव र चुनौतिहरूको पहिचान गरी यस्ता अभावहरू पूर्ति गर्ने उपायहरूको प्रस्ताव गर्ने ।

## १.२ विधि

श्रम तथा रोजगार मन्त्रालय, यस मातहतको वैदेशिक रोजगार विभाग र तीनवटा विकासे साझेदारहरू (अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय आप्रवासी संगठन र एसिया फाउन्डेसन) सँगको परामर्शमा सेवाका सर्तहरू तयार पारिएको थियो ।

अनुसन्धान प्रक्रियामा प्राविधिक एवं सञ्चालनका लागि मार्ग दर्शन प्रदान गर्ने उद्देश्यले पहिलेको अनुभवका आधारमा एउटा समन्वय समिति गठन गरिएको थियो । यस समितिमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र तीनवटा विकासे साझेदारहरूको प्रतिनिधित्व रहेको थियो ।

अनुसन्धेताहरूले वैदेशिक रोजगारसम्बन्धी अघिल्लो प्रतिवेदनमा प्रयोग भएको तथ्याङ्कहरूको पुनरावलोकन गरे । यसमा वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डर वैदेशिक रोजगार न्यायाधीकरण पर्दछन् ।

वैदेशिक रोजगारका प्रवृत्तिहरूलाई विगत सातवटा आर्थिक वर्षहरूसन् २००८/०९ - २०१४/२०१५ सम्म प्रस्तुत गरिएको छ। पहिलो प्रतिवेदनले सन् २०१३/१४ सम्मका प्रवृत्तिहरू र तथ्याङ्कलाई समेटेको भए तापनि यस प्रतिवेदनले पाठकहरूका लागि सरल सन्दर्भ सामग्रीको रुपमा एउटै विस्तृत प्रतिवेदन निर्माण गर्ने उद्देश्यले अघिल्लो आर्थिक वर्षको अध्यावधिक तथ्याङ्क सहित ती प्रवृत्तिहरूलाई उजागर गर्दछ । पहिलो प्रतिवेदनमा ब्याख्या गरिएजस्तो तथ्याङ्क सङ्कलनलाई वैदेशिक रोजगारको नियमन र व्यवस्थापनका लागि वैदेशिक रोजगार ऐन २००७ लाई उल्लेखनीय वर्षको रुपमा लिइएको थियो ।

पहिलो प्रतिवेदनमा रहेको तथ्याङ्कहरूको अभावलाई सम्भाव भएसम्म यस वर्षको प्रतिवेदनमा केही हदसम्म पूर्ति गरिएको छ । वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले तथ्याङ्कका लागि प्रयोग गरेको सफ्टवेरको न्यून क्षमताका कारण अभावहरू सिर्जना भएका थिए । परिणामस्वरु, निश्चत वर्गीकरणअन्तर्गत त्रुटिहीन वर्गिकृत तथ्याङ्कहरू प्राप्त गर्न सकिने अवस्था

भएन । यस प्रतिवेदनले ती डेटावेस प्रणालीहरूमा सुधार गरेको छ, जसमा अब दुबै सफ्टवेरले पहिलेभन्दा बढी सूचनाउपलब्ध गराउन सक्दछन् । उदाहरणका लागि, पहिले व्यक्तिगत रुपमा श्रम स्वीकृति लिने कुनै पनि व्यक्तिको उत्पत्ति र गन्तव्यसँग सम्बन्धित कुनै पनि भौगोलिक सूचना उपलब्ध थिएन भने यस्तो जानकारी विगत तीनवटा आर्थिक वर्षहरू, सन् २०१२/२०१३-२०१४/२०१५ को उपलब्ध छ । यस वर्षको प्रतिवेदनमा श्रम स्वीकृतिको नवीकरण समेत समाविष्ट गरिएको छ, र आप्रवासी कामदारको उमेर समूह सम्बन्धी केही सूचकहरू समेत उपलब्ध छन् ।

विषयगत सवालहरूमा छलफलका लागि थुप्रै सन्दर्भ सामग्रीहरूको पुनरावलोकन गरिएको थियोः राष्ट्रिय विकास योजनाहरू, सरकारी तथा गैर सरकारी निकायहरूका वार्षिक प्रतिवेदन तथा प्रगति प्रतिवेदनहरू, सर्वेक्षण र अनुसन्धान पत्रहरू ।

विषयवस्तुमा सुधार गर्न तथा उपलब्ध तथ्याङ्कको व्याख्या गर्नका लागि सरकारी एवं गैर सरकारी निकायहरू र संस्थाहरूका उच्चस्तरीय कर्मचारी तथा सम्पर्क व्यक्तिहरूसँग परामर्श गरिएको थियो ।

## १.३ प्रतिवेदनको सीमा

यो प्रतिवेदन सरकारी संस्थाहरूको विभिन्न तहमा उपलब्ध हुने औपचारिक तथ्याङ्कमा सीमित छ । विगत सात वर्षको तथ्याङ्क प्रयोग गरी यस प्रतिवेदनले वर्तमान प्रवृत्ति मात्र प्रस्तुत गर्दछ ।

वैदेशिक रोजगार विभागद्वारा जारी गरिएको श्रम स्वीकृतिको प्रयोग वैदेशिक रोजगारमा श्रम आप्रवासीको स्वरुप, परिमाण र महत्ताको लेखाजोखा गर्ने मुख्य सूचकको रूपमा सीमित रहेको छ । तसर्थ, यस विश्लेषणमा भारततर्फको श्रम आप्रवासनलाई समावेश गरिएको छैन किनभने सीमा पार गर्नका लागि कुनै पनि सरकारी कागजातको आवश्यकता नपर्ने भएकोले आप्रवासनको प्रवाहको कुनै पनि अभिलेख हुने गर्दैन ।

श्रम आप्रवासनसम्बन्धी संक्षिप्त तथ्याङ्क प्रस्तुत गर्नका लागि केही प्राविधिक कुराहरूमा ध्यान पुऱ्याउनु परेको थियो । वैदेशिक रोजगार विभागको डेटावेस विद्युत्तीय माध्यममा रहेको छ र यसले सोही समयको तथ्याङ्क उपलब्ध गराउँदछ । तसर्थ, निश्चित समयमा सङ्कलन गरिएको तथ्याङ्क भविष्यमा मेल खादैन, खासगरी हालको र एक वर्ष अगाडिको तथ्याङ्कसँग । उदाहरणका लागि, पहिलो प्रतिवेदनमा सन् २०१३/१४ मा जारी गरिएको श्रम स्वीकृतिको कुल अङ्क सन् २०१४/१५ का लागि सङ्कलन गरिएको सङ्ख्यासँग मेल खादैन । यसको कारण श्रम स्वीकृति लिएको केही महिना पछि सो स्वीकृति रद्ध भएकाले हो । साथै तथ्याङ्कमा गौण असङ्गतिहरू छन् जसले समष्टिगत प्रवृत्तिहरूमा असर पर्ने नभए तापनि तिनलाई औंल्याउनु जरुरी छ ।

श्रम आप्रवासीहरूको सीपसम्बन्धी सीमित सूचना मात्र प्रस्तुत गरिएको छ र यसले उनीहरूको सीपको स्तरलाई वास्तविक रुपमा उजागर गर्दैन । उदाहरणका लागि, धेरै तथ्याङ्क प्रविष्टिमा आप्रवासीको पेशालाई अभिलेखन मात्र गरियो । तर, सीप वा योग्यताहरूको बारेमा उल्लेख गरिएन ।

म्यानपावर एजेन्सीको प्रयोग नगरी व्यक्तिगत रुपमा नेपाल छोड्ने श्रम आप्रवासीहरूको वारेमा विगत तीन वर्षमा सीमित वर्गिकृत तथ्याङ्कहरूउपलब्ध छन् । यसैगरी, श्रम स्वीकृतिको नवीकरण र आप्रवासीहरूको नियमितता सम्बन्धी तथ्याङ्क सन् २०१२/१३ देखिको मात्र उपलब्ध छ ।

यस प्रतिवेदनमा अनुपस्थित जनसङ्ख्या र बसाइसराइ लगायतका आप्रवासनका अन्य आयामहरूसम्बन्धी तथ्याङ्कहरू समावेश गरिएको छैन ।

## १.४ प्रतिवेदनको विषयवस्तु

भाग २ ले वैदेशिक रोजगारीका लागि जारी गरिएका श्रम स्वीकृतिसम्बन्धी विगतको सातवटा आर्थिक वर्षहरू (सन् २००८/ ०९ - २०१४/१५ को प्रवृत्तिहरूलाई प्रकास पार्दछ। सूचना लिङ्ग उमेर, उत्पत्तिको करिडोर र वैदेशिक रोजगारका लागि गन्तव्य तथा आप्रवासी कामदारहरूले दर्ता गरेका उजुरी र पीडा सम्बन्धमा उपलब्ध गराइएको छ।

भाग ३ ले वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न कानुन, नीति तथा संस्थागत संयन्त्रहरूका वारेमा जानकारी प्रदान गर्नुका साथै आप्रवासीहरूको बाह्य प्रवाहलाई व्यवस्थापन गर्नका लागि हालसालै गरिएका प्रगति तथा उपलब्धीहरूलाईप्रस्तुत गर्दछ।

भाग ४ मा वैदेशिक रोजगार भित्रको विषयगत सवालहरूको बारेमा छलफल गरिएको छ। वैदेशिक रोजगारीका लागि मुलुक छोड्ने व्यक्तिहरूको सङ्ख्यामा भएको वृद्धिमा सरोकार रहेको छ भने यसका लाभहरूलाई अधिकतम वृद्धि गर्नका लागि श्रम आप्रवासन विषयहरूका गहन र विस्तृत बोधको माग भएको छ। यस वर्षको प्रतिवेदनमा वैदेशिक रोजगार र राष्ट्रिय विकासबिचको सम्बन्ध र यसमा सरकारको भूमिकाको बारेमा छलफल गरिएको छ। यसले सन् २०१५ को विनाशकारी भूकम्पबाट भएको क्षतिको परिप्रेक्षमा वैदेशिक रोजगारलाई राष्ट्रिय श्रम व्यवस्थापन रणनीतिको रुपमा पनि मूल्याङ्कन गरेको छ। यसका अतिरिक्त, विदेशबाट शिक्षा आर्जन गरेको सन्दर्भमा वैदेशिक रोजगारको परिवर्तित पक्षहरू लगायत वैदेशिक रोजगारमा महिलाहरूको बढ्दो प्रवृत्तिलाई पनि प्रकास पारेको छ।

भाग ५ मा नेपालमा वैदेशिक रोजगार प्रक्रियाको सु-सञ्चालनका सन्दर्भमा विद्यमान अन्तराल र चुनौतिहरू समेटिनुका साथै अन्तराल पूर्ति गर्न र चुनौतिहरूको सामना गर्ने दिशा निर्देशको प्रस्ताव गरिएको छ।




इच्छुक कामदारहरु इ.पि.एस. कोरियाको सीप परिक्षणमा सहभागी हुँदै । *© ILO/C. Shekhar Karki*

# नेपालमा श्रम आप्रवासनस्थितिको समीक्षा

अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकहरूको ठूलो माग रहेको छ। वैदेशिक रोजगार विभागद्वारा सन् २०१४/१५ मा जारी गरिएको पूर्व स्वीकृतिअनुसार २७ वटा मुलुकमा १२ लाख रोजगारी उपलब्ध छन्। हालैका वर्षहरूमा नेपालबाट खासगरी खाडी सहायता परिषद देशहरू र मलेसिया जाने श्रम आप्रवासीहरूको सङ्ख्यामा वृद्धि भएको कुरा आप्रवासनसम्बन्धी विश्लेषणमा बारम्बार देखा पर्ने गरेको छ। यस खण्ड र यस प्रतिवेदनमा संलग्न अनुसूचीले सन् २००८/०९ देखि सन् २०१४/१५ सम्मको तथ्याङ्कमा आधारित भइ नेपालबाट बाह्य प्रवाह हुने श्रम आप्रवासनसम्बन्धी सूचना उपलब्ध गराउँदछन्।

## २.१ श्रम स्वीकृति प्राप्त गर्ने मौजुदा प्रवृत्ति

सन् २००८/०९ र २०१४/१५[६] मा श्रम तथा रोजगार विभागद्वारा कुल २७२३,५८७ श्रम स्वीकृतिहरू जारी गरिएका थिए। चित्र १ मा देखाइएजस्तै, सन् २०१३/१४ सम्म कुल सङ्ख्यामा केही गिरावट नआउन्जेल श्रम स्वीकृति जारी गर्ने क्रम तिव्र रुपमा वृद्धि भयो। अघिल्लो वर्षको तुलनामा सन् २०१४/१५ मा ३.८ प्रतिसतले गिरावट हुने कुरा अप्रिल २०१५ मा नेपालमा आएको विनासकारी भूकम्पसँग सम्बन्धित रहेको छ। भूकम्प र आर्थिक वर्षको अन्तिम चौथाइमा निरन्तर आएका परकम्पहरूले वैदेशिक रोजागारका लागि सेवा प्रदान गर्ने सरकारी र निजी दुवै खाले संस्थाहरू लगायत दैनिक जीवनका सम्पूर्ण पक्षहरूलाई अस्तव्यस्त पार्‍यो। यसको परिणामस्वरुप, सन् २०१३/१४ को सोही अवधिको तुलनामा सन् २०१४/१५ को अन्तिम चौथाइमा श्रम स्वीकृति जारी गर्ने काममा ४८ प्रतिसतले गिरावट आयो (आप्रवासनमा भूकम्पको प्रभावसम्बन्धी विश्लेषणका लागि खण्ड ४.१.३ हेर्नुहोस्)।

**चित्र १. श्रम स्वीकृति प्राप्त गर्ने प्रवृत्तिहरू, २० सन् ०८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग।

[६] यसमा सरकार-सरकारबिचको रोजगारी स्वीकृत प्रणाली मार्फत वैदेशिक रोजगारका लागि गणतन्त्र कोरिया गएका नेपाली आप्रवासी कामदारहरू समावेश गरिएको छैन।

श्रम स्वीकृति जारी गरिएको तथ्याङ्कअनुसार, विगत सात वर्षको अवधिमा श्रम आप्रवासनमा पुरुषहरूको बर्चस्व ९५.७ प्रतिसतमा रह्यो । तथापि, चित्र १ मा देखाइजस्तै सोही अवधिमा महिलाहरूले प्राप्त गरेको श्रम स्वीकृतिको सङ्ख्यामा उल्लेखनीय रुपमा वृद्धि हुन पुग्यो । श्रम आप्रवासनमा महिलाहरूको हिस्सा सन् २०१२/१३ मा उच्च बिन्दुमा कुल श्रम आप्रवासनको ६.२ प्रतिसतमा पुग्यो र त्यसपछि निरन्तर रुपमा गिरावट भइरहेको छ (चित्र २) ।

**चित्र २. कुल श्रम आप्रवासीहरूको हिस्सा, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

महिला आप्रवासी कामदारहरूको वृद्धि आफैंमा महत्वपूर्ण भए तापनि यसको पुरुष आप्रवासी कामदारहरूभन्दा श्रम स्वीकृति जारी गरिएको समग्र प्रवृत्तिमा कम प्रभाव छ। समग्र श्रम स्वीकृतिको वार्षिक वृद्धि वा गिरावट पुरुष आप्रवासी कामदारहरूको सङ्ख्यामा हुने गरेको उतारचढावसँग सम्बन्धित हुने गर्दछ । सन् २००९/१० मा श्रम स्वीकृति लिने पुरुषहरूको सङ्ख्या स्वीकृत जारी गरिएको समग्र सङ्ख्या सँगै वृद्धि भए तापनि त्यस पछिका वर्षहरूमा गिरावट आयो (तालिका १) । जारी गरिएको श्रम स्वीकृतिको समग्र सङ्ख्यामा वार्षिक वृद्धि दर पुरुष आप्रवासी कामदारहरूको वार्षिक वृद्धि वा गिरावटसँग निकटतम छ (वैदेशिक रोजगारका लागि महिलाहरूको सहभागितासम्बन्धी अझ बढी छलफलका लागि खण्ड ४.२ हेर्नुहोस्) ।

**तालिका १. श्रम आप्रवासीहरूका लागि जारी गरिएको वार्षिक श्रमस्वीकृतिवृद्धि दर, २००८/०९-२०१४/१५**

| वर्ष | जारी गरिएको स्वीकृतिको वार्षिक वृद्धि दर (%) | सापेक्ष सङ्ख्यामावृद्धि दर (% पुरुष) | सापेक्ष सङ्ख्यामावृद्धि दर(% महिला) |
|---|---|---|---|
| २००८/०९ | - | - | - |
| २००९/१० | ३३.७० | ३४.३७ | १७.० |
| २०१०/११ | २०.६१ | २१.२१ | ३.६ |
| २०११/१२ | ८.४४ | ५.०५ | १२०.४ |
| २०१२/१३ | १७.२१ | १६.९७ | २०.९४ |
| २०१३/१४ | १५.२४ | १५.९२ | ४.८७ |
| २०१४/१५ | -३.८ | -२.५१ | -२६.४४ |

स्रोत : वैदेशिक रोजगार विभाग

चित्र १ मा प्रस्तुत गरिएको तथ्याङ्क भारतमा जाने आप्रवासी कामदारहरू (श्रम स्वीकृतिको आवश्यकता नपर्ने भएकोले) र दुई सरकारबिचको सम्झौता मार्फत वैदेशिक रोजगार विभागको रोजगार स्वीकृति प्रणाली कोरिया शाखा अन्तर्गत व्यवस्थापन गरिने हुनाले उनीहरूलाई समावेश गरिएको छैन । नेपाल सरकारले सन् २००८ मा रोजगार स्वीकृति प्रणालीको सहज कार्यान्वयनका लागि निर्देशिका जारी गऱ्यो । गणतन्त्र कोरियाले सन् २००४ मा रोजगार स्वीकृति प्रणाली लागु गऱ्यो र श्रम आप्रवासीहरू भित्र्याउनका लागि धेरै मुलुकहरूसँग द्वीपक्षीय सम्झौता गरेको छ । श्रमिकहरू पठाउने १५ वटा मुलुकहरूमध्ये नेपालले सन् २००९, २०११ र २०१३ मा इपिएस कोरियाबाट असल अभ्यास उत्कृष्ट पुरस्कार प्राप्त गऱ्यो । इपिएस कोरिया शाखाको अभिलेखअनुसार सन् २००८ देखि हालसम्म कुल ३३,९६० श्रम आप्रवासीहरू (पुरुषः ३१,७७१ र महिलाः २,१८९) यस कार्यक्रममा सहभागी भएका छन् ।

## २.२ श्रम आप्रवासीहरूका गन्तव्य मुलुकहरू

विगत सातवटा आर्थिक वर्षहरू (सन् २००८/०९-२०१४/१५) मा नेपाली आप्रवासी कामदारहरूले १३६ देशहरूको लागिश्रम स्वीकृति प्राप्त गरे । आप्रवासी कामदारहरूले नेपाल सरकारद्वारा प्रतिबन्धित अवस्थामा बाहेक संयुक्त राष्ट्र संघको कुनै पनि सदस्य राष्ट्रलाई गन्तव्य मुलुकको रुपमा चयन गरेको पाइन्छ । तथापि, सरकारले म्यानपावर एजेन्सीहरू मार्फत रोजागार प्रदान गरिने देशहरूको सङ्ख्यासीमित गरेको छ (नेपाली कामदारहरूलाई काम गर्न अनुमति प्राप्त भएका देशहरूको सूचि, १३६ वटा गन्तव्य मुलुकहरूको सूची र हरेक देशमा गएका पुरुष तथा महिलाको सङ्ख्याका लागि अनुसूचीहह हेनुहोस्) ।

विगत सातवटा आर्थिक वर्षहरूमा ८५ प्रतिसत पुरुष आप्रवासी कामदारहरू लिने सबभन्दा आकर्षक गन्तव्यहरूमा मलेसिया र खाडी सहायता परिषद देशहरू थिए । चित्र ३ मा प्रस्तुत गरिएजस्तै २,७२३,५८७श्रम स्वीकृति जारी गरिएकामध्ये ३३.३ प्रतिसत रोजगारीका लागि मलेसिया गएका थिए ।त्यसपछि १९ प्रतिसत कतार, १८.९ प्रतिसत साउदी अरेविया, ९.८ प्रतिसत युनाइटेड अरव इमिरेट्स, २.५ प्रतिसत कुवेत, ०.९ प्रतिसत बहराइन र ०.६ प्रतिसत ओमानका लागि थिए ।

**चित्र ३. वैदेशिक रोजगारका लागि सबभन्दा उच्च गन्तव्य मुलुकहरू, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

गणतन्त्र कोरिया जाने कामदारहरूको सङ्ख्या तुलनात्मक रुपमा थोरै हुने भए तापनि विगत सात वर्षको अवधिमा दुई सरकारहरूबिच सम्झौता भएकोले यो लोकप्रिय गन्तव्य मुलुकको रुपमा उदय भयो । जसको परिणामस्वरुप आकर्षक ज्याला, आवास र सेवाका उचित सर्तहरू प्राप्त हुने गरेका छन् । सन् २००८/०९ देखि २०१४/१५ को बिचमा ३५,५८५ श्रम स्वीकृतिहरू जारी गरिएकोमा ९५.४ प्रतिसतलाई इपिएस योजना मार्फत व्यवस्थापन गरिएको थियो ।

अन्य बाँकी मुलुकहरूमध्ये अफगानिस्तान, जापान, जोर्डन, लेवनन र मकाउ लोकप्रिय गन्तव्यको रुपमा रहे भने नयाँ गन्तव्यको रुपमा मरिसस्, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, सिसिलिस र उज्बेकिस्तानको उदय भयो ।

चित्र ४ मा प्रस्तुत गरिएजस्तो सन् २००८/०९र २०१३/१४ को बिचमा मलेसियाका लागि श्रम स्वीकृति प्राप्त गर्ने आप्रवासीहरूको सङ्ख्यामा अत्यन्तै उच्च वृद्धि भइ करिब ६०० प्रतिसत पुग्यो । यस्तो अनपेक्षित वृद्धि अन्य चारवटा मुलुकहरू कुवेत, कतार, साउदी अरेविया र युनाइटेड अरव इमिरेट्समा पनि भयो ।

**चित्र ४. मलेसिया र खाडी सहयोग परिषद देशहरूका लागि जारी गरिएको श्रम स्वीकृतिको प्रवृत्ति, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

स्वाभाविक रुपमा पुरुष आप्रवासीहरूको वैदेशिक रोजगारतर्फको झुकावले समग्र प्रवृत्ति कायम राख्यो । पुरुष आप्रवासीहरूको गन्तव्यका लागि प्राथमिकतामा परेका १० वटा देशहरू हुन् मलेसिया (सबै पुरुषहरूको ३४.१ प्रतिसत), साउदी अरेविया (१९.८ प्रतिसत), कतार (१९.७ प्रतिसत), युनाइटेड अरव इमिरेट्स (९.३ प्रतिसत) कुवेत (१.३ प्रतिसत), गणतन्त्र कोरिया (१.३ प्रतिसत), बहराइन (०.८ प्रतिसत, ओमान (०.५ प्रतिसत), जापान (०.२ प्रतिसत) र आफगानिस्तान (०.१ प्रतिसत) ।

महिलाहरूको झुकावमा थोरै फरक परेको छ (चित्र ५) । विगत सात वर्षको अवधिमा महिला आप्रवासी कामदारहरूको सबभन्दा उच्च गन्तव्य मुलुकहरू थिए : युनाइटेड अरव इमिरेट्स (२५,९१६ स्वीकृति जारी गरिएको), मलेसिया(२३,४२७ स्वीकृति जारी

गरिएको), कुवेत (१७, ६८५ स्वीकृति जारी गरिएको), कतार (६,१७९ स्वीकृति जारी गरिएको), लेबनन (४१६४ स्वीकृति जारी गरिएको), साइप्रस (२,८७१ स्वीकृति जारी गरिएको), साउदी अरेविया(२,६६४ स्वीकृति जारी गरिएको), ओमान (२,५३८ स्वीकृति जारी गरिएको), गणतन्त्र कोरिया (२,२४१ स्वीकृति जारी गरिएको) र बहराइन (१,८४८ स्वीकृति जारी गरिएको)।

**चित्र ५. महिला श्रमिक आप्रवासीहरूका लागि सबभन्दा उच्च दश गन्तव्य मुलुकहरू, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

## २.३ श्रम आप्रवासीहरूका उत्पत्ति जिल्लाहरू

विगत सातवटा आर्थिक वर्षको अवधिमा नेपालको सबै जिल्लाका आप्रवासी कामदारहरूले श्रम स्वीकृति प्राप्त गरेका थिए भने उच्च दश जिल्लाहरूमा (सबभन्दा बढी आप्रवासी सङ्ख्याको आधारमा क्रमबद्ध) धनुषा, झापा, महोत्तरी, मोरङ, सिरहा, नवलपरासी, सुनसरी,सप्तरी, रुपन्देही र सर्लाही छन् ।




यी उच्च दश जिल्लाका कामदारहरूका लागि विगत सात वर्षको अवधिमा जारी गरिएका स्वीकृति कुल श्रम स्वीकृतिको ३६.२ प्रतिशत हुन आउँछ। प्रवृत्तिका हिसावले यी उच्च दश जिल्लाहरू वैदेशिक रोजगारका लागि अधिकांश आप्रवासीहरूको भौगोलिक स्रोत रहे तापनि अन्य जिल्लाहरूबाट वैदेशिक रोजगारमा बढीकामदारहरू जान थालेपछि दश जिल्लाको हिस्सामा सामान्य गिरावट आएको छ। एकातर्फ सबै जिल्लाहरूमा श्रम आप्रवासीहरूको सङ्ख्यामा समग्र वृद्धि भएको छ भने अर्कातर्फ केही जिल्लाहरूको कुल हिस्सामा उल्लेखनीय रुपमा वृद्धि भएको छ।

उदाहरणका लागि, दक्षिण तर्फको तराइका बाँके, बर्दिया, कन्चनपुर, कपिलबस्तु, पर्सा र रौतहट जिल्लाहरू (तालिका २) मा उल्लेखनीय वृद्धि भएको छ। तर कैलाली जिल्ला अपवादमा पर्दछ किनभने त्यहाँ सन् २००९/१० र २०११/१२ मा ३.९ प्रतिसतमा पुग्ने गरी वृद्धि भएको भए तापनि सन् २०१४/१५ मा उल्लेखनीय रुपमा गिरावट भइ ०.८ प्रतिसत हुन पुग्यो। केही वर्षसम्म देखिएको सुदुर पश्चिमाञ्चलबाट भारततर्फ काम गर्न जाने प्रवृत्ति वा भारतको मार्ग हुँदै वैदेशिक रोजगारमा जाने कारण कैलालीबाट कुल आप्रवासीको न्यून प्रतिसत हिस्सा रहेको हुन सक्दछ। कैलालीबाट सन् २००८/०९/१० मा कुल आप्रवासीको हिस्सामा एक्कासि उल्लेख्य वृद्धि भई सन् २०१२/१३ मा उल्लेख्य गिरावट भएको विषयमा जानकारी हासिल गर्न थप विश्लेषण र अनुसन्धानको आवश्यकता पर्दछ।

पहाडी जिल्लाहरूमध्येका केही भागहरूमा हालैका वर्षहरूमा उल्लेख्य वृद्धि तथा गिरावट भएको थियो। उदाहरणका लागि, मकवानपुर जिल्लामा सबै श्रम आप्रवासीको अनुपात सन् २००८/०९ को १.८ प्रतिसतबाट सन् २०१४/१५ मा करिब २ प्रतिसतमा उक्लियो भने स्याङ्जा जिल्लामा सोही अवधिमा २ प्रतिसतबाट १.६ प्रतिसतमा झऱ्यो।

**तालिका २. आप्रवासीहरूले श्रम स्वीकृति प्राप्त गर्ने उल्लेख्य रुपमा बढ्दो वा घट्दो प्रवृत्ति भएका जिल्लाहरू, सन् २००८/०९-२०१४/१५**

| कुल आप्रवासीहरूको हिस्साको प्रतिसत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | **२००८/०९** | **२००९/१०** | **२०१०/११** | **२०११/१२** | **२०१२/१३** | **२०१३/१४** | **२०१४/१५** | **सात वर्षको कुल हिस्सा** |
| बारा | १.०८ | १.१२ | १.५१ | १.६० | १.७६ | १.९० | १.९६ | १.६८ |
| रौतहट | ०.९५ | ०.९५ | १.१९ | १.२७ | १.५८ | १.८३ | २.०५ | १.५६ |
| कैलाली | ०.३६ | ३.२८ | ३.८९ | २.८१ | ०.६२ | ०.७० | ०.७७ | १.४८ |
| कपिलवस्तु | ०.७५ | ०.९७ | १.२४ | १.२१ | १.८७ | १.७८ | १.९२ | १.५६ |
| बाँके | ०.६१ | ०.८३ | १.०० | ०.९८ | १.२५ | १.२६ | १.३० | १.१२ |
| पर्सा | ०.५४ | ०.५३ | ०.७२ | ०.८६ | ०.९४ | १.३७ | १.३३ | १.०२ |
| बर्दिया | ०.४५ | ०.६० | ०.८३ | ०.७५ | ०.९५ | ०.९६ | १.०५ | ०.८७ |
| कञ्चनपुर | ०.४१ | ०.५२ | ०.७१ | ०.५७ | ०.७१ | ०.७३ | ०.७६ | ०.६७ |
| मकवानपुर | १.७५ | १.५३ | १.५१ | १.८६ | २.०६ | २.०७ | १.९७ | १.८९ |
| स्याङ्गजा | २.०२ | १.४६ | १.८० | १.८० | २.२० | १.९१ | १.८६ | १.९० |
| धादिङ्ग | १.४६ | १.६८ | २.०८ | २.११ | १.७६ | १.६८ | १.६३ | १.७६ |
| तनहु | २.६९ | २.१७ | २.२३ | २.४१ | २.२१ | २.०१ | १.९३ | २.१६ |

स्रोत : वैदेशिक रोजगार विभाग ।

त्यसैगरी, देशको सुदुर पश्चिम क्षेत्रको पहाडी जिल्लाका कामदारहरूले वैदेशिक रोजगारका लागि लिने श्रम स्वीकृतिको सङ्ख्यामा नाटकीय रुपमा वृद्धि भयो । यो परम्परागत रुपमा मौसमी रोजगारीका लागि भारत जाने (श्रम स्वीकृति आवश्यक नपर्ने) कामदारहरूको स्रोतको रुपमा चिनिएको क्षेत्र हो । उनीहरूको हिस्सा समग्र प्रवृत्तिमा उल्लेख्यनभए तापनि तालिका ३ मा प्रस्तुत गरिएजस्तो निरपेक्ष सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। यी क्षेत्रहरूमा श्रम आप्रवासनमा भएको वृद्धिले नेपालको जनसङ्ख्याको मनोग्राफको विश्लेषणलाई झल्काउँदछ : भारततर्फ जाने नेपाली कामदारहरूको अनुपात २००१ को ७७.२ प्रतिसतबाट २०११[७] म उल्लेखनीय रुपमा गिरावट भइ ३७.६ प्रतिसत कायम भएको छ। यस मनोग्राफमा सन् २००१ र २०११ को बिचमा नेपालबाट भारतका लागि अन्तर्राष्ट्रिय आप्रवासनमा १.२ प्रतिसतले वृद्धि भएको थियो भने अन्य देशहरूमा नेपाली आप्रवासीहरूको ५८१ प्रतिसतले वृद्धि भएको थियो ।

[७] नेपालको जनसङ्ख्या मनोग्राफ, २०१३ ।

**तालिका ३. सुदुर पश्चिमका जिल्लाहरूमा श्रम स्वीकृति प्राप्त गर्नेहरूको बढ्दो प्रवृत्ति**

| जिल्ला | २००८/०९-२०१४/१५ देखि श्रम स्वीकृति लिनेहरूको वृद्धि प्रतिसत | सात वर्षको कुल हिस्सा |
|---|---|---|
| जाजरकोट | ७५८.७३ % | ०.३४ % |
| दैलेख | ७६९.५६ % | ०.३४ % |
| डडेलधुरा | ३८३.४५ % | ०.३० % |
| बैतडी | ३५६.८७ % | ०.३० % |
| दार्चुला | ५१५.६६ % | ०.१७ % |
| अछाम | २ १८४.८४ % | ०.१५ % |
| बझाङ्ग | १ ६६७.२७ % | ०.११ % |
| कालीकोट | १ २७७.९७ % | ०.१० % |
| डोटी | ९५९.२१ % | ०.१० % |
| बाजुरा | ६४७ % | ०.०९ % |
| जुम्ला | १ २४८.२८ % | ०.०४ % |
| हुम्ला | ३८२.३५ % | ०.०२ % |

स्रोत : वैदेशिक रोजगार विभाग ।

सन् २००८/०९ र २०१४/१५ को बिचमा अधिकांश पुरुष आप्रवासी कामदारहरू तिनै उच्च १० जिल्लाहरूबाट थिए । यी उच्च १० जिल्लाहरू महिला आप्रवासी कामदारहरूको उत्पत्तिको सबभन्दा उच्च जिल्लाहरूभन्दा फरक छन् । विगत सात वर्षको अवधिमा श्रम स्वीकृति प्राप्त गर्ने महिलाहरूको कुल सङ्ख्यामध्ये करिब आधा (४८.५ प्रतिसत) महिलाहरू झापा, सिन्धुपालचोक, मोरङ्ग, मकवानपुर, काठमाडौं, सुनसरी, काभ्रेपलान्चोक, नुवाकोट, इलाम र चितवन (चित्र ६) का थिए ।

भौगोलिक अन्तर स्पष्ट छ : वैदेशिक रोजगारमा झापा, मोरङ्ग, सुनसरी र चितवन जिल्लाहरूबाट जाने महिलाहरूको हिस्सा केही ठूलो भएता अधिकांश पुरुषहरूदक्षिणी समथर भुभाग र अधिकांश महिलाहरू पहाडी क्षेत्रहरूका थिए ।

**चित्र ६. महिला आप्रवासी कामदारहरूका लागि दश उच्च स्रोत जिल्लाहरू, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उत्पत्तिको जिल्लाहरूलाई गन्तव्य मुलुकहरूसँग तुलनागर्न मिल्ने जानकारी समावेश गरिएको छ। स्वाभाविक रुपमा, सबभन्दा बढी सङ्ख्यामा श्रम स्वीकृति जारी गरिएका जिल्लाहरूबाट जाने आप्रवासी कामदारहरूको उच्च गन्तव्य मलेसिया, साउदी अरेविया र कतार थिए। तालिका ४ मा प्रस्तुत गरिएअनुसार, विगत सात वर्षको अवधिका रोजगार व्यवसायीहरू मार्फत सबभन्दा बढी सङ्ख्यामा श्रम स्वीकृति जारी गरिएका जिल्लाहरूबाट श्रम आप्रवासी कामकारको रुपमा जाने पुरुषहरूको उच्च गन्तव्य मुलुकहरू समग्र रुपमा उच्च गन्तव्यहरूसँग मेल खान्छ। सबभन्दा उच्च दर्जामा राखिएका जिल्लाका आप्रवासी महिला कामदारहरूको सवालमा पनि समान खाले प्रवृत्ति देखिन्छ । उक्त तालिकामा उल्लेखनीय रुपमा छुट भएको देश साइप्रस हो जुन हालैका वर्षहरूमा महिलाहरूको प्रमुख गन्तव्य भएको छ। तथ्याङ्क अनुसार सिन्धुपाल्चोकबाट १६.६ प्रतिसत महिलाहरू त्यस मुलुकमा गएका थिए भने बाँकी अन्य धेरै जिल्लाहरूको निरन्तर प्रतिनिधित्व थियो।

**तालिका ४. उच्च सङ्ख्यामा श्रम स्वीकृत प्राप्त गरेका जिल्लाहरूबाट आप्रवासीहरूका उच्च तीन गन्तव्यहरू, सन् २००८/०९-२०१४/१५**

| पुरुष र महिलाको उच्च स्रोत जिल्लाहरू | पुरुषहरूको उच्च गन्तव्य मुलुकहरू (यी जिल्लाबाट श्रम आप्रवासनमा जाने सम्पूर्ण कामदारहरूको सात वर्षको कुल हिस्सा) | महिलाहरूको उच्च गन्तव्य मुलुकहरू (यी जिल्लाबाट श्रम आप्रवासनमा जाने सम्पूर्ण कामदारहरूको सात वर्षको कुल हिस्सा) |
|---|---|---|
| धनुषा | १. कतार(३४.४३%)<br>२. साउदी अरेविया(३२.२३%)<br>३. मलेसिया (२४.८९%) | १. संयुक्त अरब ईमिरेट्स (३५.२६%)<br>२. मलेसिया (३४.२१%)<br>३. कतार(११.०५%) |
| महोत्तरी | १. मलेसिया (४०.११%)<br>२. साउदी अरेविया(२७.०१%)<br>३. कतार(२४.८३%) | १. मलेसिया (३५.७७%)<br>२. संयुक्त अरब ईमिरेट्स(२६.२९%)<br>३. लेबनन(१५.८६%) |
| झापा | १. मलेसिया (३५.४९%)<br>२. कतार(२३.४४%)<br>३. साउदी अरेविया(२०.४८%) | १. मलेसिया (३९.२१%)<br>२. संयुक्त अरब ईमिरेट्स(३५.१३%)<br>३. कतार(९.१४%) |
| मोरङ्ग | १. मलेसिया (३९.७२%)<br>२. साउदी अरेविया(२३.१०%)<br>३. कतार(२०.७४%) | १. मलेसिया (४५.३६%)<br>२. संयुक्त अरब ईमिरेट्स(२९.४१%)<br>३. कतार(९.१२%) |
| सिन्धुपाल्चोक | १. मलेसिया (४८.८३%)<br>२. साउदी अरेविया(१९.३४%)<br>३. कतार(१५.५२%) | १. संयुक्त अरब ईमिरेट्स(३८.७३%)<br>२. मलेसिया (२५.१७%)<br>३. लेबनन(११.६१%) |
| मकवानपुर | १. मलेसिया (४४.५३%)<br>२. साउदी अरेविया(२२.२४%)<br>३. कतार(१९.५२%) | १. मलेसिया (३८.३७%)<br>२. संयुक्त अरब ईमिरेट्स(२८.८३%)<br>३. कतार(८.६०%) |
| काभ्रेपलाञ्चोक | १. मलेसिया (४७.७१%)<br>२. साउदी अरेविया(१९.२१%)<br>३. कतार(१५.५०%) | १. मलेसिया (३७.३२%)<br>२. संयुक्त अरब ईमिरेट्स(३२.६६%)<br>३. कतार(११.२०%) |

स्रोत : वैदेशिक रोजगार विभाग।

## २.४ श्रम स्वीकृति नवीकरण

श्रम स्वीकृति प्राप्त गर्ने प्रवृत्तिजस्तै आप्रवासी कामदारहरूले श्रम स्वीकृति नवीकरण गर्ने कार्यमा उल्लेखनीय वृद्धि भएको छ। श्रम स्वीकृतिको नवीकरण आफ्नो करार अवधि समाप्त हुन लागेका वा करार समाप्त भइ सोही गन्तव्य मुलुकमा जान चाहने र सोही कामको प्रावधान भएका कामदारहरूलाई दिने गरिन्छ। पूनःप्रवेशको तथ्याङ्क सन् २०११/१२ देखिको मात्र उपलब्ध छ। चार वर्षको अभिलेखन अवधिमा ७१२,५५७श्रम स्वीकृतिहरूको नवीकरण गरिएको थियो। यो तथ्याङ्क सोही अवधिमा नयाँ जारी गरिएको श्रम स्वीकृतिको करिब एक तीहाइ हो। हरेक वर्ष पुरुष र महिला दुवैले उल्लेखनीय सङ्ख्यामा श्रम स्वीकृति नवीकरण गर्ने गर्दछन् (चित्र ७)। श्रम स्वीकृतिको नवीकरण व्यक्तिगत रुपमा गर्ने गरिन्छ र तथ्याङ्कअनुसार श्रम स्वीकृतिको अधिकांश नवीकरणमलेसिया र खाडी सहायता परिषद देशहरूका लागि गरिएको थियो। अरु कुनै निर्दिष्ट सूचना प्राप्त नभए तापनि नवीकरणको सङ्ख्यालाई दृष्टिगत गर्दा यी आप्रवासी कामदारहरूका लागि केही हदसम्म कामको सुरक्षा र सन्तुष्टि भएको अपेक्षा गरिन्छ।

**चित्र ७. वार्षिक रुपमा नवीकरण हुने श्रम स्वीकृतिको कुल सङ्ख्या, २०११/१२-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग।

सन् २०१२/१३ र २०१४/१५ को बिचमा आप्रवासीहरूका लागि अधिकांश नवीकरणहरू(करिब ४२ प्रतिसत[८]) (चित्र ८) धनुषा, सिरहा, झापा, महोत्तरी, मोरङ, नवलपरासी, स्याङ्जा, तनहुं, रुपन्देही र सुनसरी जिल्लाहरूबाट गरिएको थियो। तीन वर्षको अवधिमा ५५८,८६७ भन्दा बढी नवीकरण गरिएका श्रम स्वीकृतिहरूमध्ये ९६.७ प्रतिसत पुरुषहरू थिए।

**चित्र ८. श्रम स्वीकृतिको नवीकरण गर्ने आप्रवासीहरू भएको सबभन्दा उच्च दश उत्पत्ति जिल्लाहरू, सन् २०१२/१३-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

[८] भौगोलिक सूचना सन् २०१२/१३ सम्मको उपलब्ध भएको हुनाले तीन वर्षको तथ्याङ्क मात्र प्रस्तुत गरिएको छ।

सन् २०१२/१३ र २०१४/१५ को बिचमा नवीकरण गरिएकामध्ये अधिकांशश्रम स्वीकृतिहरू कतार, साउदी अरेविया, युनाइटेड अरव इमिरेट्स, मलेसियार कुवेतका लागि थिए। यो कुल नवीकरण सङ्ख्याको ९२ प्रतिसत थियो।

यी गन्तव्य मुलुकहरूमा अघिल्ला वर्षहरूमा पनि ठूलो सङ्ख्यामा श्रम स्वीकृति जारी गरिएको हुनाले सोही अनुपातमा नवीकरणहरू पनि भएका थिए। तथापि, मलेसियाका लागि केवल ८.५ प्रतिसत मात्र नवीकरण भएको थियो। यो अनुपात अघिल्ला वर्षहरूको सो मुलुकमा कामदारहरू जाने ठूलो सङ्ख्याको अनुपातमा न्यून देखिन्छ। नेपालीहरू आप्रवासी कामदारको रुपमा मलेसिया जाने कुल सङ्ख्यालाई दृष्टिगत गर्दा सो देशका लागि नवीकरणमा तुलनात्मक रुपमा गिरावट आउनुको ठोस प्रमाण नभएकोले यी लक्षण र योगदानका पक्षहरूलाई समेत अध्ययन गर्नएउटा गहन विश्लेषण गर्नु जरुरी छ।

महिला आप्रवासी कामदारहरूले गरेका अधिकांश श्रम स्वीकृतिको नवीकरण क्रमशः युनाइटेड अरव इमिरेट्स (३७.८ प्रतिसत), कुवेत (२८.६ प्रतिसत), इजरायल (८.८ प्रतिसत), लेवनन (५.६ प्रतिसत) र ओमान (३.९ प्रतिसत) थिए।

## २.५ आप्रवासनको माध्यम : म्यानपावर मार्फत वा व्यक्तिगत रूपमा आप्रवासन हुने

वैदेशिक रोजगारको खोजीका क्रममा आप्रवासीहरूले म्यानपावर कम्पनीकोसेवा प्रयोग गर्नरुचाएको देखिन्छ । विगतका सात आर्थिक वर्षहरूमा यसरी श्रम स्वीकृति लिनेहरूको सङ्ख्या कुल स्वीकृतिको ७९.९ प्रतिसत थियो । चित्र ९ मा प्रस्तुत गरिएजस्तो सन् २०११/१२ सम्म दुवै माध्यमबाट श्रम स्वीकृति लिनेहरूको सङ्ख्यामा सन्तुलित रुपमा वृद्धि भएको थियो भने उक्त अवधि पश्चात वैदेशिक रोजगार विभागबाट व्यक्तिगत रुपमा स्वीकृति लिने आप्रवासीहरूको सङ्ख्यामा उल्लेख्य गिरावट आएको थियो । निश्चित गन्तव्य मुलुकहरूबाट एकमुष्ठ सङ्ख्यामा श्रमिकहरूको माग हुने भएकोले म्यानपावर कम्पनीको सेवाको लोकप्रियता बढ्नुको एउटा प्रमुख कारण हो । यसको दोस्रो कारण वैदेशिक रोजगारका लागि सेवा प्रदान गर्ने म्यानपावर कम्पनीको सङ्ख्या र सञ्जालमा वृद्धि हुनु हो । सरकारले सन् २०१२ मा वैदेशिक रोजगारलाई सुरक्षित बनाउने र नियमन गर्ने उद्देश्यले व्यक्तिगत प्रक्रिया सम्बन्धी निर्देशिका जारी गरेपछि व्यक्तिगत रुपमा श्रम स्वीकृति लिने काममा भारी गिरावट आयो ।

तथापि, यस निर्देशिकाको उद्देश्य निजी रुपमा प्रक्रिया पूरा गरेर इच्छुक आप्रवासी कामदारहरूलाई विदेश जानबाट रोक्नु नभइ यस्तो माध्यमबाट जाने व्यक्तिहरूलाई प्रक्रियामा ल्याइ उनीहरूको संरक्षण गर्नु थियो। आफ्नो स्वीकृति आफैं लिने आप्रवासी कामदारहरूले आफ्नो रोजगारीको व्यवस्था पनि आफैं मिलाउनु पर्ने हुनाले गन्तव्य मुलुकमा कठिनाइको सामना गर्नु परेको खण्डमा उनीहरूलाई सहयोग गर्ने कोही चाहिन्छ। यस समूह अन्तर्गतका आप्रवासी कामदारहरूले कुनै प्रकारको दुर्घटना भएमा म्यानपावर कम्पनीहरूसँग क्षतिपूर्तिको माग दावी पनि गर्न सक्दैनन्। तसर्थ, म्यानपावर कम्पनीको सेवा प्रयोग गर्ने प्रवृतिमा वृद्धि भइरहेको छ। यस निर्देशिकाले सरकारलाई गन्तव्य मुलुकहरूमा उपलब्ध काम तथा व्यक्तिगत प्रक्रियमा संलग्न सहयोगीहरूका बारेमा अझ बढी जानकारी सङ्कलन गर्न मद्धत पुऱ्याएको छ। परिणामस्वरुप, आप्रवासी कामदारहरूको अझ उचित संरक्षण सम्भव भएको छ।

**चित्र ९. आप्रवासनको माध्यमका आधारमा श्रम स्वीकृतिका् अनुपात, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

पुरुष आप्रवासी कामदारहरूमध्ये म्यानपावर कम्पनीबाट सेवा लिने कुरा लोकप्रिय भएको भए तापनि महिला आप्रवासी कामदारहरूको म्यानपावर कम्पनी मार्फत श्रम स्वीकृति लिने क्रममा परिवर्तन भएको पाइन्छ। चित्र १० मा उल्लेख भएअनुसार गत आर्थिक वर्षमा वैदेशिक रोजगारका लागि म्यानपावर कम्नीको सेवा प्रयोग गर्ने महिलाहरूको सङ्ख्यामा २७.३ प्रतिसतले वृद्धि भएको थियो। यस्तो वृद्धि हुनाको एउटा कारण सन् २०१४/१५ को अधिकांश अवधिमा महिलाहरूमाथि घरेलु कामदारको रुपमा विदेश जान प्रतिबन्ध लगाइएकोले हुन सक्दछ। यस प्रतिबन्ध अघि सरकारी नीतिहरूले घरेलु कामदारहरूलाई व्यक्तिगत रुपमा विदेश जान अनुमति प्रदान गरेको थियो। प्रतिबन्धको प्रावधानले महिलाहरूलाई घरेलु कामदारको रुपमा विदेश जान पूर्ण रुपमा रोक लगायो। यस्तो प्रतिबन्धको परिणामस्वरुप, व्यक्तिगत रुपमा वैदेशिक रोजगारमा जाने महिलाहरूको सङ्ख्यामा गिरावट आयो। यसको पुष्टि व्यक्तिगत रुपमा आप्रवासी कामदारको रुपमा महिलाहरूका लागि जारी गरिएको श्रम स्वीकृतिमा भएको गिरावटबाट हुन्छ।

यस प्रवृत्तिमा भएको परिवर्तनले निरन्तरता पाउने सम्भावना देखिन्छ किनकि सरकारले सन् २०१५ अप्रिलमा जारी गरेको अर्को निर्देशिकाले दर्ता भएका म्यानपावर कम्पनीहरूले घरेलु कामदारहरूको मागलाई सम्बोधन गर्ने अधिकार प्रदान गरेको छ। यस अघि महिला आप्रवासी कामदारहरूलाई अर्को कुनै विकल्प नभएकोले उनीहरू आफैले श्रम स्वीकृति लिनु पर्दथ्यो किनभने म्यानपावर कम्पनीहरूलाई घरेलु कामदारमा लगाउन पाउने अनुमति प्रदान गरिएको थिएन।

**चित्र १०. श्रम स्वीकृति प्राप्त गर्न महिला आप्रवासीहरूले प्रयोग गरेका माध्यमहरू, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

**चित्र ११. श्रम स्वीकृति प्राप्त गर्न पुरुष आप्रवासीहरूले प्रयोग गरेका माध्यमहरू, सन् २००८/०९-२०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

## २.६ नियमित तथ्याङ्क

वैदेशिक रोजगार विभागको डेटावेसले श्रम स्वीकृतिको कुल सङ्ख्या पत्ता लगाउनुका साथै पहिले दर्ता नभइ आप्रवासनमा गएका तर उही गन्तव्य मुलुकका लागि श्रम स्वीकृति लिने उद्देश्यले फिर्ता भएका कामदारहरूलाई समेत समावेश गर्दछ। यस तथ्याङ्कले विगत तीन आर्थिक वर्षहरूलाई मात्र समेट्दछ (चित्र १२) । सन् २०१२/१३ र सन् २०१४/१५ को बिचमा यस समूह अन्तर्गत कुल १४०,४२३ श्रम स्वीकृति जारी गरी अभिलेखन गरिएको थियो, जसले कुल व्यक्तिगत निवेदकहरूको ७६.२ लाई प्रतिनिधित्व गर्दछ। यसमध्ये ९० प्रतिसत पुरुषहरूका लागि जारी गरिएको थियो ।

**चित्र १२. पहिले दर्ता नभएका तर आवेदन दिइ श्रम स्वीकृति प्राप्त गर्नेहरूको सङ्ख्या, सन् २०१२/१३ - २०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग

उत्पत्तिको जिल्लाको आधारमा तथ्याङ्कलाई वर्गीकरण गर्दा श्रम स्वीकृति प्राप्त गर्ने पहिले दर्ता नभएका आप्रवासीहरूको सङ्ख्या धनुषा, झापा, सिरहा, रुपन्देही, स्याङ्गजा, मोरङ्ग, महोत्तरी, नवलपरासी, सुनसरी र कास्कीबाट सबभन्दा बढी थियो ("पून:वैधता समूह" अन्तर्गत अभिलेखन गरिएको) । चित्र १३ मा देखाइएजस्तै, तीन वर्ष अभिलेखन गरिएको सूचनाका आधारमा यी १० जिल्लाको ४१.७ प्रतिसत संलग्नता रह्यो ।

**चित्र १३. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृतिका लागि आवेदन दिने उत्पत्ति जिल्लाहरू, सन् २०१२/१३ - २०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

आप्रवासी कामदारहरूको लैङ्गिकताका आधारमा नियमित तथ्याङ्कलाई अझ विभाजन गरेर हेर्दा यस समूहमा अधिकांश पुरुष आप्रवासी कामदारहरूको कुल हिस्सामाजस्तै उही जिल्लाहरूबाट रहन गएको छ । महिला आप्रवासीहरूमध्ये ५१.८ प्रतिसत कामदारहरू झापा, सिन्धुपाल्चोक, मोरङ्ग, रुपन्देही, सुनसरी, नवलपरासी, काठमाडौं, चितवन, मकवानपुर र कास्की जिल्लाबाट थिए (चित्र १४) ।

**चित्र १४. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गरेका महिला आप्रवासी कामदारहरूको कुल सङ्ख्या, सन् २०१२/१३ - २०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार अनियमित आप्रवासीहरूले १३६ गन्तव्य मुलुकहरूका लागि श्रम स्वीकृति प्राप्त गरिरहेका छन् । तिनीहरूमध्ये, कतार, साउदी अरेविया, युनाइटेड अरव इमिरेट्स, कुवेत, मलेसिया, ओमान, बहराइन र लेवननका लागि आठौं सबभन्दा ठूलो सङ्ख्यामा वा कुल सङ्ख्याको ९१ प्रतिसतलाई श्रम स्वीकृति दिइएको थियो (चित्र १५) ।

**चित्र १५. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गर्ने आप्रवासी कामदारहरूको गन्तव्य मुलुकहरू, सन् २०१२/१३ - २०१४/१५**




स्रोत : वैदेशिक रोजगार विभाग ।

अधिकांश "नियमित" पुरुष श्रम आप्रावासीहरूका लागि कतार, साउदी अरेविया, र युनाइटेड अरव इमिरेट्स गन्तव्य मुलुकहरू थिए, जबकी ठूलो सङ्ख्यामा महिला आप्रवासीहरूकुवेत, युनाइटेड अरव इमिरेट्स, ओमान र लेवननका लागि थिए (तालिका ५)।

**तालिका ५. पहिले दर्ता नभएका तर पछि श्रम स्वीकृति प्राप्त गर्नेहरूको सङ्ख्या, गन्तव्य र लैङ्गिकताका आधारमा, सन् २०१२/१३ -२०१४/१५**

| देश | पुरुष | महिला | कुल |
|---|---|---|---|
| कतार | ४७ ९०२ | ४०२ | ४८ ३०४ |
| साउदी अरेविया | २८ २७६ | ९८३ | २९ २५९ |
| संयुक्त अरब ईमिरेट्स | २२ १७५ | ३ २२६ | २५ ४०१ |
| कुवेत | ५ ०४५ | ४ ५४३ | ९ ५८८ |
| मलेसिया | ६ ९०७ | १४३ | ७ ०५० |
| बहरेन | ३ ३४३ | ४०६ | ३ ७४९ |
| ओमान | १ ९६१ | १ ०४१ | ३ ००२ |
| लेबनन | ४२७ | १ ०७३ | १ ५०० |
| कुल | ११६ ०३६ | ११ ८१७ | १२७ ८५३ |

स्रोत : वैदेशिक रोजगार विभाग

## २.७ श्रमिक आप्रवासीहरूको उमेर तथा सीपको स्तर

सन् २०११ को जनगणनाअनुसार, कामदार जनसङ्ख्या (१५-१९ वर्ष) सन् २००१ को ५४ प्रतिसत[९] बाट करिब ५७ प्रतिसतमा वृद्धि भएको छ। अधिकांश अनुपस्थित जनसङ्ख्या कामगर्ने उमेरको थियो भने त्यसको सबभन्दा ठूलो अनुपात (४८.८ प्रतिसत) १५-२४ वर्ष समूहको थियो । यसैगरी, करिब अनुपस्थित जनसङ्ख्याको एक चौथाई व्यक्तिले रोजगारीका लागि आफ्नो घर छोडे,जसमध्ये ६२.४ प्रतिसत भारतभन्दा अन्य मुलुकहरूका लागि विदेशिए[१०] । तसर्थ, रोजगारीका लागि देश छोड्ने सबभन्दा ठूलो जनसङ्ख्या युवाहरूको थियो ।

वैदेशिक रोजगार विभागले श्रमिक आप्रवासीहरूको जन्म मितिको अभिलेख राख्ने भए तापनि डेटावेस प्रणालीले विस्तृत रुपमा सूचनाको उजागर गर्दैन । व्यक्तिगत रुपमा श्रम स्वीकृति लिने श्रमिक आप्रवासीहरूको विवरण सन्२०१४/१५ मा थप गरिएको थियो । व्यक्तिगत रुपमा आवेदन दिनेश्रमिक आप्रवासीहरूका लागि ५०,५८२ श्रम स्वीकृतिहरू जारी गरिएकामध्ये ३४,३८४ जना श्रमिक आप्रवासीहरूको उमेरको तह निर्धारण गर्न सकिन्थ्यो[११] । श्रम स्वीकृत प्राप्त गर्ने सबभन्दा उच्च अनुपात (४७.२) २६-३५ वर्ष उमेर समूहको थियो भने त्यसपछि क्रमशः ३६-४५ वर्ष उमेर समूहको (२५.९ प्रतिसत), १८-२५[१२] वर्ष उमेर समूहको (२१.१ प्रतिसत) र ४६ वर्ष र सोभन्दा माथिको उमेरको ५.९ प्रतिसत । एकातर्फ पुरुष आप्रवासीहरूका लागि सोही क्रमले निरन्तरता पाएको छ भने १८-२० वर्ष उमेरका महिलाहरूको सङ्ख्या ३६-४५ वर्ष उमेरका महिलाहरूको भन्दा झिनो अनुपातमा बढी छ ।

**तालिका ६. श्रमिक आप्रवासीहरू, उमेर र लैङ्गिकताका आधारमा, सन् २०१४/१५**

| उमेरको आधार | पुरुष | महिला | कुल |
|---|---|---|---|
| १८-२५ वर्ष | ६ ४५२ (२०.६८ %) | ८१९ (२५.७० %) | ७ २७१ (२१.१४ %) |
| २६-३५ वर्ष | १४ ७०७ (४७.१४ %) | १ ५०७ (४७.३० %) | १ ६२१४ (४७.१५ %) |
| ३६-४५ वर्ष | ८ १०८ (२५.९८ %) | ७८३ (२४.५७ %) | ८ ८९१ (२५.८५ %) |
| ४६ वर्ष र माथि | १ ९३१ (६.२ %) | ७७ (२.४३ %) | २ ००८ (५.८६ %) |
| **कुल** | **३१ १९८** | **३ १८६** | **३४ ३८४** |

स्रोत : वैदेशिक रोजगार विभाग ।

यी उमेर समूहकोबिचमा जनगणनाको परिणाम[१३] र तथ्याङ्कको स्वरुपमा भिन्नता पाइन्छ । उल्लेखनीय रुपमा छुट भएको तथ्याङ्कका कारण यस स्वरुपलाई बङ्ग्याइएको हुन सक्दछ। यसभन्दा अघि उल्लेख गरिएजस्तै व्यक्तिगत रुपमा श्रम स्वीकृति लिने आप्रवासीहरूको अनुपात म्यानपावर एजेन्सीमार्फत वैदेशिक रोजगारमा जाने आप्रवासीहरूको सङ्ख्याभन्दा ज्यादै सानो छ। तथापि उपलब्ध तथ्याङ्क भावि जानकारीका लागि उपयोगी प्रारम्भिक बिन्दु हुन सक्दछ ।आप्रवासीहरूकोउमेर समूहकोप्रवृत्तिसम्बन्धी विस्तृत जानकारी प्रदान गर्नका लागि वैदेशिक रोजगार विभागको डेटावेसलाई यथाशिघ्र सुदृढ गर्न सकिने अपेक्षा गरिन्छ ।

९ केन्द्रीय तथ्याङ्क विभाग, २०११ ।

१० केन्द्रीय तथ्याङ्क विभाग, २०१३ ।

११ बाँकी तथ्याङ्क प्राप्त गर्दा सफ्टवेर वा तथ्याङ्क प्रविष्टिमा गल्ती भएको थियो ।

१२ वैदेशिक रोजगार ऐन, २००७ को प्रावधानअनुसार : "१८ वर्ष नपुगेको कुनै पनि नाबालिगलाई वैदेशिक रोजगारीका लागि पठाइने छैन ।"

१३ जन गणनाको तथ्याङ्कले कामका साथै परिवारसँगको भेटघाटका लागि भारत जाने व्यक्तिहरूको सङ्ख्या समेत उल्लेखनीय रुपमा समावेश गरिएको हुनाले यसले बालबालिकाहरूलाई समेत समावेश गर्दछ ।

## २.८ उजुरी, पीडा र मृत्यु

सरकारले आप्रवासनको क्रममा सामना गर्नसक्ने प्रतिकूल स्थितिको सम्बोधन गर्नका लागि धेरै प्रक्रियागततथा संस्थागत प्रावधानहरू लागु गरेको छ । म्यानपावर एजेन्सीद्वारा गरिने ठगिजस्ता अपराध र गन्तव्य मुलुकहरूमा रोजगारीका अवधिमा हुने गरेका दुर्व्यवहार, शोषण, चोटपटक वा मृत्युको वारेमा जानकारी प्राप्त हुने गरेको छ । सरकारले यस्ता पीडित व्यक्तिहरूलाई नेपाल र गन्तव्य मुलुकहरूमा क्षतिपूर्ति लगायतका सेवाहरू प्रदान गरी सहयोग गर्दछ ।

नेपालमा श्रमिक आप्रवासीहरूद्वारा सबभन्दा बढी उजागर गरिएका उजुरी र पीडा म्यानपावर कम्पनी र रोजगारीको प्रक्रियाको अवधिमा बहकाउने र गलत सूचना प्रदान गर्ने व्यक्तिहरूका विरुद्धमा हुने गर्दछ । खोटो करारनामा, अधिक सेवा शुल्क असुली र सम्झौताको अवज्ञा गरी हुने ठगीका कारण श्रमिक आप्रवासीहरूले गम्भीर रुपमा शोषणयुक्त अवस्थाहरूको सामना गर्नु परेको छ । यसका अतिरिक्त, उनीहरूलाई आवागमन/हिंडडुलमा नियन्त्रण गरिन्छ, ज्याला भुक्तान गरिँदैन, आप्रवासनको क्रममा हुने अधिक खर्चका कारण सम्पत्तिको नोक्सानी समेत हुने गर्दछ । यदि म्यानपावर कम्पनीका विरुद्धमा यस्ता उजुरीहरू भएमा श्रमिक आप्रवासीहरूले आफ्ना उजुरी वैदेशिक रोजगार विभागको उजुरी तथा अनुसन्धान शाखामा दर्ता गर्न सक्नेछन् ।

### २.८.१ वैदेशिक रोजगार विभागमा दर्ता गरिने उजुरी र सम्बद्ध क्षतिपूर्ति

वैदेशिक रोजगार विभागको उजुरी दर्ता तथा अनुसन्धान शाखाले संस्था (म्यानपावर एजेन्सी) वा व्यक्ति (प्रतिनिधि वा अन्य व्यक्तिहरू) विरुद्ध मुद्धा लिने गर्दछ । उजुरीहरू मौजुदा नियमहरूअनुरुप अघि बढाइने गरिन्छ र सोहीअनुसारको अभिलेख राखिन्छ । शाखाको अभिलेखअनुसार, ठगी र दुराचारसँग सम्बन्धित उल्लेखनीय सङ्ख्यामा उजुरी दर्ता भएका छन् (संस्था र व्यक्तिहरू विरुद्ध) । संस्थाभन्दा व्यक्तिहरूको विरुद्धमा अत्यन्तै वढि उजुरी प्राप्त हुने गरेका छन् । यो कुरा वैदेशिक रोजगारका नाममा व्यक्तिगत रुपमा पैसाको लेनदेन हुने कुरासँग जोडिएको छ । यसको कारण के हो भने वैदेशिक रोजगार एजेन्सीले वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा ठगी र छलकपट भएको खण्डमा ज्यादै कडाइका साथ कारवाही गर्दछ ।

**तालिका ७. उजुरी, फर्स्यौंट तथा व्यक्ति वा एजेन्सीद्वारा प्रदान गरिएको क्षतिपूर्ति २०१२/१३ -२०१४/१५**

| वर्ष | | २०१२/१३ | | २०१२/१३ | | २०१२/१३ | |
|---|---|---|---|---|---|---|---|
| | | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत |
| उजुरी सङ्ख्या | | १ २४५ | १ ०६० | ९७४ | १५७७ | ७७३ | १ ९०६ |
| मागदावी गरेको रकम (नेरु) | | ८३९ ३८० ६०७ | ३३१ ५५१ ६१० | ७५८ २९३ ७४४ | २७६ १७७ ८०९ | ४७१ १०९ ०८३ | २६२ ७९६ ७४७ |
| टुङ्गो लगाईको रकम (नेरु) | | ८२ १९१ १३० | ४९ ३८९ ०३७ | ९२ ३५९ ३५६ | ६५ ३८३ ४८३ | ७७ ४८३ ००० | ४६ ०२६ ९०० |
| फर्स्यौंट गरेका मुद्दाहरूको प्रतिसत | | ९.८ | १४.९ | १२.१८ | २३.७ | १६.५ | १७.५ |
| दायर भइ फर्स्यौंट भएका उजरीहरूको सङ्ख्या | | २०२ | ३५० | १५१ | ३०३ | ७४ | ५८९ |
| उजुरीहरू | अदालतमा मुद्दा दायर भएका | १६४ | १४ | १२८ | ५ | १६५ | १ |
| | अदालतमा माग दाबी गरिएको रकम (नेपाली रुपैयां) | ३९६ ५४३ ९४९ | ४० २१४ २५० | ४३६ ४१६ ४३७ | ३ ६९१ ५०० | २८९ २४३ ८४६ | ० |
| | वैदेशिक रोजगार विभागको निर्णय | ० | ३९ | ० | ४५ | ० | २ |
| | वैदेशिक रोजगार विभागले निर्णय गरेअनुसारको जरिवाना (नेपाली रुपैयां) | ० | ४ ५०० ००० | ० | ४ ६०० ००० | ० | १५० ००० |

नोट : नेरु =रुपैयां।
स्रोत : वैदेशिक रोजगार विभाग।

तालिका ७ मा प्रस्तुत गरिएअनुसार फर्स्यौंट गरिएका दुईवटै रकम माग दावी भएको रकमभन्दा ज्यादै न्यून छन्। दावी गरिएको रकमको तुलनामा टुङ्गो लगाइएको रकमको प्रतिसतलाई हेर्ने हो भने व्यक्ति विरुद्धको उजुरीमा सन् २०१२/१३, २०१३/१४ र २०१४/१५ का लागि क्रमशः ९.८ प्रतिसत, १२.२ प्रतिसत र १६.५ प्रतिसत छ। यो रकम संस्था विरुद्धको उजुरीमा क्रमशः १४.९ प्रतिसत, २३.७ प्रतिसत र १७.५ प्रतिसत हुन जान्छ[१४] । यस्तो यथार्थको गहिरो विश्लेषण गर्दाअधिकांश घटनाहरूमा यी दुई पक्षले उजुरी र सिकायतहरूलाई अनौपचारिक रुपमा टुङ्ग्याउने गरेको देखिन्छ। यसरी अनौपचारिक रुपमा गरिएका समझदारी कहिल्यै पनि वैदेशिक रोजगार विभागको औपचारिक संयन्त्रमा आउँदैनन्। यसका अतिरिक्त, क्षतिपूर्ति संयन्त्र र एजेन्सीहरूको केन्द्रीकरण, प्रभावकारी अनुसन्धानका लागि आवश्यक पर्ने पर्याप्त स्रोत साधन र मानव क्षमताको अभाव, उजुरीलाई पुष्टि गर्ने खालका ठोस प्रमाणको अभावजस्ता कुराहरू आप्रवासी कामदारहरूलाई सहयोग गर्नका लागि औपचारिक संयन्त्र भित्रका सामान्य अवरोध हुन्। यो वास्तविकता पनि व्यक्तिगत र संस्थागत दुवैको हकमा दर्ता गरिएका उजुरी र फर्स्यौंट गरिएका उजुरीहरूको सङ्ख्याद्वारा राम्ररी झल्किएको छकिनभने यो सङ्ख्या न्यून छ।

[१४] निश्चित आर्थिक वर्षमा दायर गरिएकामध्ये केही मुद्धाहरू अर्को वर्षका लागि सारिन सक्दछन्। तसर्थ, एउटा आर्थिक वर्षको अवधिमा टुङ्गो लगाइको रकम सोही आर्थिक वर्षमा दावी गरिएको रकमसँग प्रत्यक्ष मेल खान सक्दैन।

वैदेशिक रोजगार विभागद्वारा सिफारिस गरिएका मुद्दाहरूवैदेशिक रोजगार न्यायाधीकरणमा दर्ता गर्ने गरिन्छ । यस न्यायाधीकरणले वैदेशिक रोजगार ऐन, २००७ बमोजिम वैदेशिक रोजगार विभागबाट दण्डनीय हुने बाहेकका मुद्दाहरूचलाउने र फस्र्यौट गर्ने गर्दछ । खासगरी, वैदेशिक रोजगार विभागले व्यक्तिगत मुद्दाहरूको बारेमा निणर्य गर्न सक्दैन र यस्ता मुद्दाहरून्यायाधीकरणमा सिफारिस गरेर पठाउनै पर्दछ । न्यायाधीकरणको अभिलेखमा देखिएअनुसार विगत सात वर्षको अवधिमा कुल ९५१ वटा मुद्दाहरू दर्ता गरिएकोमा ७४५ मुद्दाहरूफस्र्यौट गरियो (तालिका ८)। न्यायाधीकरणमा मुद्दाको फस्र्यौट प्रभावकारी हुने गरेको छ किनभने प्रत्येक वर्ष फस्र्यौट गरिएका मुद्दाहरूको प्रतिसतमा वृद्धि भइरहेको छ । सन् २०१४/१५ को अवधिमा नयाँ र बाँकी रहेका दुवै गरी कुल मुद्दाहरूको ५०.८ प्रतिसत फस्र्यौट गरिएको थियो । यो अनुपात सन् २००९/१० को तुलनामा उल्लेखनीय रुपमा १०.१३ प्रतिसतले वृद्धि भएको हो ।

**तालिका ८. वैदेशिक रोजगार न्यायाधीकरणमा प्राप्त भएका मुद्धाहरू, वर्ष र अवस्थाको आधारमा**

| आर्थिक वर्ष | नयाँ मुद्धाहरू | कुल मुद्धाहरू (नयाँ र अघिल्लो वर्षबाट ल्याइएका) | टुङ्गो लगाइएका मुद्धाहरू | थाँती रहेका मुद्धाहरू | टुङ्गो लगाइएका मुद्धाहरूको प्रतिसत |
|---|---|---|---|---|---|
| २००९/१० | १५८ | १५८ | १६ | १४२ | १०.१३ |
| २०१०/११ | १२० | २६२ | ७८ | १८४ | २९.७७ |
| २०११/१२ | १८६ | ३७० | १२४ | २४६ | ३३.५१ |
| २०१२/१३ | १७८ | ४२४ | १६३ | २६१ | ३८.४४ |
| २०१३/१४ | १३४ | ३९५ | १५१ | २४४ | ३८.२३ |
| २०१४/१५ | १७५ | ४१९ | २१३ | २०६ | ५०.८० |
| **कुल** | ९५१ | – | ७४५ | | |

स्रोत : वैदेशिक रोजगार विभाग ।

प्रतिवेदनहरूको अभिलेखलाई दृष्टिगत गर्दा श्रमिक कामदारहरूले वैदेशिक रोजगारको अवधिमा धेरै कठिनाइहरूको सामना गर्ने गर्दछन्, जस्तैः कार्यस्थलमा हुने दुर्घटना, शोषणयुक्त कामका सर्तहरू र अलपत्र परेका (धेरै कारणले, जस्तै अधिक बसाइ, करारयुक्त कामबाट राजिनामा र बिरामी)। मृत्युको सङ्ख्या पनि उल्लेख्य हुने कुरा उजागर भएका छन्। गन्तव्य मुलुकहरूमा यस्तो खालका पीडित वा पीडाबाट बाँच्न सफल भएका श्रमिकहरूले सर्वप्रथम सहयोगका लागि नेपाली दुतावासमा अनुरोध गर्नुका साथै विभिन्न गै.स.स. र सरकारी अधिकारीहरूबाट पनि सहयोग खोज्ने गर्दछन्। नेपाली दुतावासहरूले पीडित आप्रवासीहरूलाई सहयोग गर्ने गरेको र आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई आर्थिक हर्जाना प्राप्त गर्नका लागि सहायता प्रदान गर्ने गरेको कुरा जानकारीमा आएको भए तापनि यहाँ प्रस्तुत गर्ने खालकोएकत्रित तथ्याङ्क दुतावासबाट प्राप्त भएको छैन।

## २.८.२ आप्रवासी कामदारहरूको कल्याणकारी कोषमार्फत क्षतिपूर्ति

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले अपाङ्ग हुने गरी चोटपटक लागेका वा बिरामी भएका र/वा रोजगारी गुमाएका र मृत्यु भएका आप्रवासी कामदारहरूको तथ्याङ्क उपलब्ध गराउँदछ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले यस्ता कामदारहरू र उनीहरूका हकवालालाई वैदेशिक रोजगार नियमावली, २००८ बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु का साथै यस्तो प्रक्रियामा तथ्याङ्क सिर्जना गर्दछ। तथापि, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सिर्जना गरिएको तथ्याङ्क एजेन्सीसँग सहयोग माग्ने र क्षतिपूर्तिका लागि अनुरोध गर्ने व्यक्तिहरूका लागि मात्र सीमित हुने गर्दछ। तसर्थ, यस्तो तथ्याङ्कले मृत्यु र अपाङ्गता सम्बन्धी सबै घटनाहरू उजागर नगर्न सक्दछ। तथापि, यस्तो सूचनालाई समस्याहरूको सूचकको रुपमा लिइन्छ।

सन् २००८/०९ देखि सातवटा आर्थिक वर्षको अवधिमा कुल ४९३ जना श्रमिक आप्रवासीहरूले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट अपाङ्गताको लागि क्षतिपूर्ति प्राप्त गरे, जसमध्ये ४२२ जना पुरुष थिए भने ७१ जना महिला (तालिका ९)।

[१५] क्षतिपूर्ति वैदेशिक रोजगार ऐन, २००७ ले निर्धारण गरेबमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषबाट प्रदान गरिएको छ।

**तालिका ९. वैदेशिक रोजगारीको अवधिमा शारीरिक रुपमा अपाङ्ग हुन पुगेका व्यक्तिहरूको जानकारी प्राप्त सङ्ख्या, सन् २००८/०९ - २०१४/१५**

| वर्ष | लिङ्ग | | कुल |
|---|---|---|---|
| | पुरुष | महिला | |
| २००८/०९ | ८ | ० | ८ |
| २००९/१० | ९ | २ | ११ |
| २०१०/११ | २९ | ० | २९ |
| २०११/१२ | २ | ५४ | ५६ |
| २०१२/१३ | ८९ | ४ | ९३ |
| २०१३/१४ | १०८ | ७ | ११५ |
| २०१४/१५ | १७७ | ४ | १८१ |
| कुल | ४२२ | ७१ | ४९३ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

हरेक वर्ष घटनाको सङ्ख्यामा वृद्धि हुँदाहुँदै पनि श्रमिक आप्रवासीहरूको सङ्ख्यामा पनि उत्तिकै वृद्धि भएको छ । यस्तो वृद्धि भइरहेको सङ्ख्याबाट के बुझ्न सकिन्छ भने श्रमिक आप्रवासीहरूको क्षतिपूर्ति संयन्त्रको पहुँचमा वृद्धि हुन थालेको छ । शुरुका वर्षहरूमा आप्रवासीहरूमाझ चेतनाको अभावमा कम पहुँच हुने गर्दथ्यो ।

अपाङ्गताको परिणाम भोग्नुपर्ने खालका अधिकांश घटनाहरू मलेसियाका लागि (४८.२ प्रतिसत) अभिलेख गरिएको थियो भने त्यसपछि क्रमशः साउदी अरेविया (२१.५ प्रतिसत), कतार (१४.४ प्रतिसत), युनाइटेड अरब इमिरेट्स (९.२ प्रतिसत) र कुवेत (४.१ प्रतिसत) । बाँकी केही घटनाहरू बहराइन, लेवनन, ओमान र गणतन्त्र कोरियासँग सम्बन्धित थिए ।

विगत सात वर्षको अवधिमा जानकारी प्राप्त भएको अपाङ्गताको अभिलेखहरूले अधिकांश घटनाहरू कार्यस्थल दुर्घटनाका कारण र त्यसपछि रोग, सडक दुर्घटना र झै-झगडाका कारण भन्ने देखिन्छ । पुरुषहरू यी चारवटै कारणहरूबाट अपाङ्ग भएको देखिन्छ भने महिलाहरूसडक दुर्घटना वा झै-झगडाका कारण अपाङ्ग भएको देखिंदैन (तालिका १०) ।

**तालिका १०. चोटपटक र अपाङ्गताका कारणहरू, सन् २००८/०९-२०१४/१५**

| वर्ष | रोग | | झै-झगडा | | सडक दुर्घट्ना | | कार्यक्षेत्र दुर्घट्ना | |
|---|---|---|---|---|---|---|---|---|
| | पु | म | पु | म | पु | म | पु | म |
| २००८/०९ | १ | ० | १ | ० | ५ | ० | १ | ० |
| २००९/१० | २ | १ | ० | ० | १ | ० | ६ | १ |
| २०१०/११ | २ | ० | १ | ० | २ | ० | २४ | ० |
| २०११/१२ | १ | २ | ० | ० | ० | ० | ५३ | ० |
| २०१२/१३ | १४ | १ | ३ | ० | २ | ० | ७० | ३ |
| २०१३/१४ | १८ | ५ | २ | ० | २९ | ० | ५९ | २ |
| २०१४/१५ | ४३ | १ | ० | ० | १७ | ० | ११७ | ३ |
| कुल | ८१ | १० | ७ | ० | ५६ | ० | ३३० | ९ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

सन् २००८/०९-२०१४/१५ को अवधिमा २४ वटा गन्तव्य मुलुकहरूमा कुल ४,३२२ (४,२३५ पुरुष र ८५ महिला[१६] ) मृत्युका घटनाहरू वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड समक्ष जाहेर भएका थिए (तालिका ११) ।

**तालिका ११. वैदेशिक रोजगारको अवधिमा आप्रवासी कामदारहरूको मृत्युको कुल सङ्ख्या, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५**

| वर्ष | लैङ्गिकताको आधारमा | | कुल |
|---|---|---|---|
| | पुरुष | महिला | |
| आ.व. २००८/०९ | ८७ | ३ | ९० |
| आ.व. २००९/१० | ३९९ | १९ | ४१८ |
| आ.व. २०१०/११ | ५४१ | ८ | ५४९ |
| आ.व. २०११/१२ | ६३२ | १४ | ६४६ |
| आ.व. २०१२/१३ | ७१६ | ११ | ७२७ |
| आ.व. २०१३/१४ | ८६४ | २४ | ८८८ |
| आ.व. २०१४/१५ | ९९६ | ६ | १ ००२ (+२ लिङ्ग पहिचान नभएका) |
| कुल | ४ २३५ | ८७ | ४ ३२२ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

विगत सात वर्षको अवधिमा गन्तव्य मुलुकहरूमा भएको मृत्युको अभिलेखले सबभन्दा बढी मलेसिया, साउदी अरेविया, कतार, युनाइटेड अरब इमिरेट्स र कुवेतमा भएको देखिन्छ (तालिका १२) । अधिकांश मृत्युको सङ्ख्या यी मुलुकहरूमा हुनु अस्वाभाविक होइन किनभने यी वर्षहरूमा यी मुलुकहरूमा सम्पूर्ण आप्रवासीहरूको करिव ८५ प्रतिसत कामदार गएका थिए ।

**तालिका १२. वैदेशिक रोजगारको अवधिमा आप्रवासी कामदारहरूको मृत्युको कुल सङ्ख्या, लैङ्गिक आधारमा, सन् २००८/०९-२०१४/१५**

| देश / वर्ष | आ.व. २००८/०९ | आ.व. २००९/१० | आ.व. २०१०/११ | आ.व. २०११/१२ | आ.व. २०१२/१३ | आ.व. २०१३/१४ | आ.व. २०१४/१५ | कुल |
|---|---|---|---|---|---|---|---|---|
| मलेसिया | १५ | १०५ | २१९ | २३७ | २५३ | ३०६ | ४२७ | १ ५६२ |
| साउदी अरेविया | २७ | १२४ | १३३ | १७९ | २०६ | २२० | २७३ | १ १६२ |
| कतार | २६ | ११४ | १२५ | १३० | १५१ | २०८ | १७८ | ९३२ |
| संयुक्त अरब ईमिरेट्स | १३ | ५३ | ३७ | ५० | ४७ | ६९ | ५७ | ३२६ |
| कुवेत | | ३ | १० | २२ | २२ | ३९ | ३३ | १२९ |
| बहरेन | २ | ५ | १२ | ८ | १४ | ८ | १२ | ६१ |
| गणतान्त्रिक कोरिया | १ | १ | ६ | ६ | १४ | १५ | १२ | ५५ |
| ओमान | ४ | ४ | १ | ६ | ७ | १४ | ३ | ३९ |
| लेबनन | २ | ६ | ४ | ३ | ३ | २ | | २० |
| इजरेल | | १ | | ३ | ३ | | | ७ |

[१६] तथ्याङ्कमा दुईजना आप्रवासी कामदारहरूको लैङ्गिक जानकारी उल्लेख गरिएको थिएन ।

| देश / वर्ष | आ.व. २००८/०९ | आ.व. २००९/१० | आ.व. २०१०/११ | आ.व. २०११/१२ | आ.व. २०१२/१३ | आ.व. २०१३/१४ | आ.व. २०१४/१५ | कुल |
|---|---|---|---|---|---|---|---|---|
| जापान | | | | २ | २ | २ | १ | ७ |
| अफ्गानिस्तान | | | २ | | १ | १ | ३ | ७ |
| रुस | | | | | २ | | १ | ३ |
| श्रीलंका | | १ | | | १ | | | २ |
| जर्मनी | | | | | | १ | | १ |
| माल्दिभ्स | | | | | | १ | | १ |
| पपुवा न्यूगिनी | | | | | | १ | | १ |
| संयुक्त राष्ट्र | | | | | | १ | | १ |
| लिव्या | | १ | | | | | | १ |
| इटली | | | | | १ | | | १ |
| क्यानडा | | | | | | | १ | १ |
| मरिसस् | | | | | | | १ | १ |
| पोल्याण्ड | | | | | | | १ | १ |
| युगाण्डा | | | | | | | १ | १ |
| कुल | ९० | ४१८ | ५४९ | ६४६ | ७२७ | ८८८ | १ ००४ | ४ ३२२ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

लैङ्गिक रुपमा वर्गिकृत तथ्याङ्कलाई हेर्दा खाडी सहयोग परिषद देशहरू र मलेसियामा भएको पुरुष तथा महिलाको मृत्यु सम्पूर्ण मृत्युको क्रमशः ९७ र ७५ प्रतिसत देखिन आउँदछ । खाडी सहयोग परिषद देशहरूमा सबभन्दा बढी सङ्ख्यामा पुरुषहरूको मृत्यु हुने गरेको कुरा पुरुष आप्रवासीहरूका लागि यी देशहरू उच्च गन्तव्यको रुपमा लोकप्रिय रहेको कुरासँग गाँसिएको छ ।

महिला श्रमिक आप्रवासी कामदारहरूमध्ये सबभन्दा बढी मृत्यु कुवेतमा (२४ जना), त्यसपछि क्रमशः मलेसियामा (१७ जना) र युनाइटेड अरब इमिरेट्समा (१६ जना) भएको देखिन्छ । यी तीनवटा मुलुकहरू महिला श्रमिक आप्रवासीहरूका लागि उच्च तीन गन्तव्यमा पर्दछन् ।

**चित्र १६. सबभन्दा उच्च गन्तव्य मुलुकहरूमा मृत्यु हुनेहरूको सङ्ख्या, सन् २००८/०९-२००१४/१५**




स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोड

- युएइ को कुल (पुरुषमहिला) तालिका १३ को कुल सङ्ख्यासँग मेल खांदैन किनभने लैङ्गिक जानकारी थाहा छैन । फुटनोट ११ हेर्नु हुन ।

उपलब्ध सूचनाले इङ्गित गरेअनुसार श्रमिक आप्रवासीहरूले विदेशमा कामगर्दा मृत्यु हुने प्रमुख कारणहरूमा हृदयघात (९४१ घटना), स्वाभाविक मृत्यु (८४७) र अन्य वा पहिचान हुन नसकेका कारणहरू (७९५) छन् । मृत्युको उल्लेख्य सङ्ख्यामा सडक दुर्घटना भएर (५७१) र आत्महत्या (४५१) पनि अभिलेख गरिएको थियो भने कार्यस्थलमा दुर्घटनाका कारणले मृत्यु हुनेको अनुपात कम थियो (८.५ प्रतिसत) । महिला श्रमिक आप्रवासीहरूको मृत्युको प्रमुख कारण आत्महत्या थियो (कुल ८५ जना महिला कामदारहरूमध्ये २९ जनाको मृत्यु) । करिब सबै मृत्युको १९ प्रतिसत मृत्युलाई “अन्य वा पहिचान हुन नसकेको कारण” भनेर वर्गीकरणगरिएको छ (तालिका १३) । डेटावेसले मृत्युको कारणसम्बन्धी परिमाणात्मक तथ्याङ्कभन्दा अन्य कुराको विस्तृत विवरण उपलब्ध गराउँदैन ।

**तालिका १३. विदेशमा काम गर्दा आप्रवासीहरूको मृत्युका कारणहरू, सन् २००८/०९ - २०१४/१५**

| आ.व. | मृत्युको कारण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हृदय घात | | मुटुरोग | | हत्या | | स्वाभाविक मृत्यु | | आत्महत्या | | सडक दुर्घटना | | कार्यस्थलमा हुने दुर्घटना | | अन्य वा कारण पहिचान हुन नसकेको | | कुल |
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | |
| २००८/०९ | २५ | १ | २ | – | १ | – | २४ | – | ८ | १ | ८ | – | ६ | – | १३ | १ | |
| २००९/१० | १०४ | २ | १० | – | १ | – | ११० | ८ | २१ | ४ | ६५ | २ | ४१ | ३ | ४७ | – | |
| २०१०/११ | १०० | – | ४८ | – | ४० | – | ११४ | ४ | ६० | २ | ६० | – | ५९ | २ | ६० | – | |
| २०११/१२ | १३४ | – | ३७ | – | २ | – | १०२ | – | ६१ | ५ | ९७ | ४ | ३९ | २ | १६० | ३ | |
| २०१२/१३ | ११५ | १ | ३१ | १ | २ | – | १०५ | १ | ७६ | ५ | १०४ | – | २७ | – | २५६ | ३ | |
| २०१३/१४ | १९० | – | ७३ | ६ | १ | – | १३७ | १ | ८७ | ९ | ११० | २ | ७८ | १ | १८९ | ४ | |
| २०१४/१५ | २६९ | – | ८७ | २ | – | – | २४१ | – | १०९ | ३ | ११८ | १ | ११३ | – | ५९ | – | |
| कुल | ९३७ | ४ | २८८ | ९ | ४७ | ० | ८३३ | १४ | ४२२ | २९ | ५६२ | ९ | ३६३ | ८ | ७८३ | १२ | ४ ३२० (+२)* |

नोट :*= मृत्यु भएका दुईजना आप्रवासीहरूको लैङ्गिक जानकारी थाहा नभएको भनेर सन् २०१४/१५ सूचीकृत गरिएको थिया । पु = पुरुष, म = महिला
स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

तालिका १५ ले मलेसिया र खाडी सहयोग परिषद मुलुकहरूमा हुने गरेको मृत्युका कारणहरूमा प्रकाश पार्दछ किनभने आप्रवासी कामदारहरूका जानकारीमा आएका अधिकांश मृत्युहरू यी मुलुकहरूमा भएका थिए । तथ्याङ्कले उजागर गरेअनुसार “अन्य वा पहिचान हुन नसकेको” भनेर उल्लेख गरिएका अधिकांश मृत्युका घटनाहरू मलेसियामा (५४६ जना) र कतारमा (१४०) जना भएका थिए । सबभन्दा ठूलो सङ्ख्यामा हृदय गति बन्द हुने कतारमा (४६२ जनाका मृत्यु) भएको थियो भने स्वाभाविक कारणले मृत्यु भनेर वर्गीकरण गरिएअनुसार सबभन्दा बढी साउदी अरेवीयामा भएको थियो । सडक दुर्घटनासँग सम्बन्धित सम्पूर्ण मृत्यको ६० प्रतिसत साउदी अरेबीयामा भएको देखिन्छ । सबभन्दाबढी आत्महत्या मलेसियामा (११४ जना), साउदी अरेवियामा (६० जना), र कतारमा (५४ जना), जहाँ सबभन्दा बढी हत्याका घटनाहरू पनि जाहेर भए । सन् २०१०/११ मा जाहेर गरिएका ४० वटा हत्याका घटनाहरूमा (तालिका १५) १९ जनाको मलेसियामा भयो भने १८ जना कतारमा । यस्ता हत्याको बारेमा थप जानकारी उपलब्ध थिएनन् ।

**तालिका १४. मलेसिया र खाडी सहयोग परिषददेशहरूमा मृत्युका कारणहरू, सन् २००८/०९ - २०१४/१५**

| देश | सात वर्षमा भएको मृत्युको कुल सङ्ख्या | | | घटनाका कारणहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | कुल | हृदयघात | मुटुरोग | स्वाभाविक मृत्यु | पहिचान हुन नसकेका अन्य कारण | सडक दुर्घटना | आत्महत्या | कार्यस्थलमा हुने दुर्घटना | हत्या |
| मलेसिया | १ ५४५ | १७ | १ ५६२ | २९१ | १३२ | १६६ | ५४६ | ८३ | ११४ | १३६ | १९ |
| साउदी अरेविया | १ १५८ | ३ | १ १६१ (+१ लिङ्ग अज्ञात) | ६१ | २८ | ४८५ | ३४ | ३४० | ६० | ११८ | १ |
| कतार | ९२७ | ५ | ९३२ | ४६२ | ४५ | ६५ | १४० | ४९ | ५४ | ८१ | २२ |
| संयुक्त अरब ईमिरेट्स | ३०९ | १६ | ३२६ (+१ लिङ्ग अज्ञात) | ९८ | ३५ | ६२ | २९ | ४६ | २६ | १८ | ३ |
| कुवेत | १०५ | २४ | १२९ | ६ | ४३ | ७ | १६ | २४ | १८ | २ | २ |
| ओमान | ३८ | १ | ३९ | ४ | २ | १२ | ७ | ७ | ४ | ३ | ० |
| बहरेन | ६१ | ० | ६१ | ५ | १ | ३२ | ३ | १२ | ३ | ६ | ० |
| कुल | ४ १४३ | ६६ | ४ २११ | ९२७ | २८६ | ८२९ | ७७५ | ५६१ | ३०९ | ३६४ | ४७ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

वर्तमान प्रणालीमा मृत्युको कारणसम्बन्धी वर्गीकरण र प्रत्येक समूह अन्तर्गत मृत्युको सङ्ख्याका हिसावले यस पछिका परिणामहरूले मृत्युका कारणहरू बारे बुझ्नका लागि उल्लेखनीय उपायहरू उजागर गर्दछन् । पहिलो, आप्रवासी कामदारको मृत्युको कारणलाई वर्गीकरण गरिएका धेरै समूहहरू द्वीअर्थी छन् । सूचनाको अभावका कारण यसले केवल अनुमानित निर्णयतर्फ मात्र डोऱ्याउने हुनाले थप अनुसन्धानको आवश्यकता पर्दछ । उदाहरणका लागि, ठूलो सङ्ख्यामा मृत्युको कारणमा “अन्य वा पहिचान हुन नसकेको” अन्तर्गत राखिएको छ भने हृदयघात हुने मुख्य कारणहरू बारे थप जानकारी उपलब्ध छैन । दोस्रो, यदि उपलब्ध सूचनालाई अंकित मूल्यको रुपमा लिने हो भने, यसले प्रकट भएको सार्वजनिक स्वास्थ्यको सवाललाई गहिरो रुपमा बुझ्नुपर्ने हुन्छ, जसका लागि विधिसम्मत विश्लेषण र तत्कालिन सहयोगको आवश्यकता पर्दछ । तसर्थ, आप्रवासी कामदारहरूको मृत्युका कारणहरू बारे थप जानकारी हासिल गर्न गन्तव्य मुलुकहरूमा अटोप्सीसको अनुसन्धान र चिकित्सकको प्रतिवेदनले गहन विश्लेषणका लागि सहयोग पुऱ्याउने छ ।

उपलब्ध तथ्याङ्कहरूबाट केही प्रवृत्तिहरू उजागर भएका छन् जसले गन्तव्य मुलुकहरूमा सुरक्षाको सवालको बारेमा ध्यानाकर्षण गर्दछन् । खासगरी, ठूलो सङ्ख्यामा सडक दुर्घटनाहरू हुनु चिन्ताको विषय हो । विगत सात वर्षका विश्लेषणलाई हेर्दा गन्तव्य

मुलुकहरूमा भएको कुल मृत्युको सङ्ख्याको १३ प्रतिसत सडक दुर्घटनाबाट भएको अभिलेख गरिएको छ । यो अभिलेखको ९८ प्रतिसत खाडी सहयोग परिषद देशहरू र मलेशीयमा पाईएको छ । त्यसैगरी, सडक दुर्घटनाबाट घाइते भएकामध्ये ६० प्रतिसत साउदी अरेबियामा रहेको छ । सडक दुर्घटनाबाट मृत्यु हुनेको राष्ट्रिय तथ्याङ्क सबै प्रकारका मृत्युको २.७ प्रतिसतलाई मध्यनजर गर्दा सडक दुर्घटनाबाट आप्रवासी कामदारहरूको मृत्युको अनुपात उच्च छ । नेपालमा सडक दुर्घटनाबाट हुने मृत्यु, मृत्युका दशवटा कारणहरूमध्येको एक हो[१७] । नेपाली नागरिकहरूमा सडक सुरक्षा प्रमुख राष्ट्रिय समस्या भएको छ भने अन्तर्राष्ट्रिय स्तरमा अझ बढी समस्याको रुपमा देखा परेको छ ।

प्रस्थान पूर्वको अभिमुखीकरण सत्रमा ट्राफिकनियमसम्बन्धी शिर्षक[१८] राखिने गरेको भए तापनि अझ बढी तयारीको टड्कारो आवश्यकता देखिन्छ ।

**तालिका १५. गन्तव्य मुलुकहरूमा सडक दुर्घटनाका कारण मृत्यु, सन्२००८/०९-२०१४/१५**

| देश | सडक दुर्घटना | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००८/०९ | | २००९/१० | | २०१०/११ | | २०११/१२ | | २०१२/१३ | | २०१३/१४ | | २०१४/१५ | | कुल |
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु+म |
| साउदी अरेविया | ४ | | ४२ | १ | ४० | | ५९ | | ७१ | | ६६ | | ५७ | | ३४० |
| मलेसिया | | | १४ | | २ | | १३ | २ | ११ | | १७ | | २४ | | ८३ |
| कतार | | | १ | १ | ९ | | १३ | | ५ | | ६ | | १४ | | ४९ |
| संयुक्त अरब ईमिरेट्स | २ | | ७ | | ६ | | ४ | २ | ६ | | ९ | १ | ८ | १ | ४६ |
| कुवेत | | | | | १ | | ३ | | ५ | | ४ | | ११ | | २४ |
| बहरेन | १ | | १ | | १ | | ३ | | ३ | | २ | | १ | | १२ |
| गणतान्त्रिक कोरिया | | | | | १ | | | | १ | | ४ | | ३ | | ९ |
| ओमान | १ | | | | | | २ | | १ | | २ | १ | | | ७ |
| जापान | | | | | | | | | १ | | | | | | १ |
| कुल | ८ | ० | ६५ | २ | ६० | ० | ९७ | ४ | १०४ | ० | ११० | २ | ११८ | १ | ५७१ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

तथ्याङ्कले सबैखाले मृत्युमध्ये १० प्रतिसत मृत्यु आत्महत्याबाट हुने गरेको देखाएको छ, जसमध्ये ६८ प्रतिसत खाडी सहयोग परिषद देशहरू र मलेसियामा भएका छन् । पुरुष आप्रवासी कामदारहरूमध्ये सबभन्दा ठूलो सङ्ख्यामा आत्महत्या मलेसियामा (कुल ४२२ वटा घटनामा १४२ वटा) भएको छ भने अभिलेखबाट ठूलो सङ्ख्यामा महिला कामदारहरूले कुवेत र लेवननमा आत्महत्या गरेको देखिन्छ । महिला आप्रवासी कामदारहरूका सबैखाले मृत्युमध्ये ३३ प्रतिसतका दरले हुने गरेको आत्महत्या उनीहरूको मृत्युको मुल कारण देखिन्छ । यस्ता मृत्युमध्ये कुवेत र लेवननमा आत्महत्या गर्ने महिलाको सङ्ख्या ६२ प्रतिसत छ। आत्महत्यातर्फ आकर्षित हुने फरक फरक कारणहरू देखिए तापनि उच्च तनाव र/वा नैराश्यतासँग जोडिएको अनुमान गरिएको छ । महिलाहरूले गन्तव्य मुलुकहरूमा आफ्नो विनाश किन आफैंले गर्दछन भन्ने विषयमा ज्यादै कम मात्र अनुसन्धान भएको भए तापनि महिलाहरूले गन्तव्य मुलुकहरूमा रोजगारीको अवधिमा कार्यस्थलमा हिंसाको शिकार भएका प्रमाण छन्[१९] ।

[१७] विश्व खाद्य संगठन, २०१५ ।

[१८] वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, वैदेशिक रोजागार शिक्षा : अभिमुखीकरण तालिम पाठ्यक्रम ।

[१९] भद्रा, २०१३ ।

**तालिका १६. गन्तव्य मुलुकहरूमा आत्महत्या गरी हुने मृत्युको सङ्ख्या, सन् २००८/०९ - २०१४/१५**

| देश | आत्महत्या | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००८/०९ | | २००९/१० | | २०१०/११ | | २०११/१२ | | २०१२/१३ | | २०१३/१४ | | २०१४/१५ | | कुल |
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु+म |
| मलेसिया | २ | | ४ | | ३७ | | २५ | २ | ३४ | | ४१ | | ४३ | १ | १४४ |
| साउदी अरेविया | १ | | ३ | १ | ८ | | १४ | | १७ | | १८ | | ३३ | | ६० |
| कतार | २ | | ११ | | ८ | | ७ | | १५ | | १३ | | १२ | | ५४ |
| संयुक्त अरब ईमिरेट्स | ३ | | १ | २ | | १ | ८ | | ३ | | ६ | ३ | ६ | १ | २६ |
| कुवेत | | | | | २ | १ | २ | १ | | ३ | ४ | ५ | ९ | १ | १८ |
| गणतान्त्रिक कोरिया | | | | | ३ | | ३ | | ३ | | ३ | | ५ | | ११ |
| लेबनन | | १ | १ | १ | १ | | | २ | | १ | | १ | | | ८ |
| ओमान | | | १ | | | | २ | | १ | | | | | | ४ |
| बहरेन | | | | | १ | | | | १ | | १ | | १ | | ३ |
| इजरेल | | | | | | | | | | १ | | | | | १ |
| जापान | | | | | | | | | १ | | | | | | १ |
| रुस | | | | | | | | | १ | | | | | | १ |
| पपुवा न्यु गिनी | | | | | | | | | | | १ | | | | १ |
| कुल | ८ | १ | २१ | ४ | ६० | २ | ६१ | ५ | ७६ | ५ | ८७ | ९ | १०९ | ३ | ४५१ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

## २.९ म्यानपावर एजेन्सीहरू र अन्य संस्थाहरू

म्यानपावर एजेन्सीहरू मौजुदा कम्पनी ऐन अन्तर्गत स्थापना भएका र वैदेशिक रोजगारका लागि सहजता प्रदान गर्ने सेवाहरू सञ्चालन गर्न इजाजत प्राप्त निजी व्यवसाय हुन । म्यानपावर एजेन्सीहरूलाई वैदेशिक रोजगारीका अवसरहरूको खोजी गर्न र सम्भावित आप्रवासीहरूका लागि भर्ना प्रक्रियाको प्रबन्ध मिलाउनका लागि अधिकार प्रदान गरिएको हुन्छ । यी एजेन्सीहरू प्रक्रियालाई सहजता प्रदान गर्नका लागि नियुक्त गरिएका प्रतिनिधिहरू मार्फत सञ्चालनमा रहेका हुन्छन् ।

म्यानपावर एजेन्सीहरू र अभिमुखीकरण दिने संस्थाहरूले आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि वैदेशिक रोजगार विभागबाट स्वीकृति प्राप्त गर्दछन् र कुनै पनि गलत अभ्यासका घटनाको सम्बन्धमा आप्रवासी कामदार र राज्यप्रति उत्तरदायी हुन्छन् ।

**तलिका १७. म्यानपावर एजेन्सीको विवरण**

| विवरण | कुल सङ्ख्या |
|---|---|
| व्यवसाय सञ्चालनका लागि दर्ता भएका म्यानपावर एजेन्सीहरू | १ ०३३ |
| हाल सञ्चालनमा रहेका म्यानपावर एजेन्सीहरू | ७५४ |
| दर्ता भएका म्यानपावर एजेन्सीका शाखाहरू | ४७ |
| म्यानपावर एजेन्सीका दर्ता भएका प्रतिनिधिहरू | ७३३ |
| व्यवसाय सञ्चालनका लागि दर्ता भएका अभिमुखिकरण संस्थाहरू | १२६ |
| हाल सञ्चालनमा रहेका अभिमुखिकरण संस्थाहरू | १०८ |
| जिट्को सम्झौता अन्तर्गत व्यवसाय सञ्चालनका लागि स्वीकृत प्राप्त संस्थाहरू | १३७ |
| घरेलु कामका लागि तालिम प्रदान गर्न दर्ता भएका संस्थाहरू | १७ |

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।



म्यानपावर एजेन्सीको प्रतिनीधि कामदारहरुको पासपोर्ट सहित अन्तिम श्रम स्वीकृतिको लागि आवश्यक कार्य गर्दै । *© ILO/O. Havana*

# वैदेशिक रोजगार सञ्चालनको प्रबन्ध

सरकारले नेपाली श्रमिक आप्रवासीहरूका अधिकारको व्यवस्थापन र संरक्षण गर्नका लागि निरन्तर प्रयास गरेको छ । समय क्रममा सरकारका प्रयासहरुले घरेलु र अन्तर्राष्ट्रिय श्रम बजारहरूको परिवर्तित सन्दर्भलाई सम्बोधन गर्न, वैदेशिक श्रम रोजगारका लागि आप्रवासन प्रक्रियाहरूलाई नियमन गर्न, सहजता प्रदान गर्न र अनुगमन गर्न प्रयास गरेको छ । त्यसैगरी, सरकारले श्रमिक आप्रवासीहरूका अधिकारहरूको संरक्षण गर्ने तथा फिर्ती भएका आप्रवासीका लागि सीप तथा ज्ञानको सदुपयोग गरी लगानीका लागि सक्षम वातावरण सिर्जना गर्ने प्रयास समेत गरेको छ । कानुनी, रणनीतिमूलक र संरचनागत क्रमविकासमा विगत दुई दशकको अवधिमा वैदेशिक रोजगारका लागि श्रमिक आप्रवासनका कारण देशको अर्थतन्त्रमा द्रुत गतिले वृद्धि भएको छ ।

वैदेशिक रोजगारलाई नियमन गर्ने सरकारको पहिलो प्रयास सन् १९८५ मा वैदेशिक रोजगार ऐन, २०६४ जारी भए देखि शुरु भएको हो । यसले भारत बाहेकका अन्य देशहरूमा जाने आप्रवासी कामदारहरूलाई नियमन गर्ने लक्ष राख्यो । सन् १९८१ र १९९१ को जनगणनाअनुसार क्रमशः ७ र १० प्रतिसत जनसङ्ख्या देशमा अनुपस्थित देखियो । जनगणनाको तथ्याङ्कअनुसार भारत बाहेकका अन्य मुलुकहरूमा जाने आप्रवासीहरूको अनुपात वैदेशिक रोजगार ऐन तर्जुमा भए पछिको पहिलो दशकमा वृद्धि भए तापनिथोरै आप्रवासीहरूले मात्र सरकारले सुझाएअनुसारको प्रक्रिया र संयन्त्रहरूको अवलम्वन गरेको पाइयो । तात्कालिन श्रम तथा रोजगार प्रवर्द्धन विभागको सबभन्दा पहिलो  अभिलेखअनुसार सन् १९९३/९४ मा ३,६०५ जना नेपाली आप्रवासीहरूले मात्र वैदेशिक रोजगारका लागि नेपाल छोडेको देखिन्छ । त्यो सङ्ख्या सन् १९९९/२००० मा वृद्धि भएर २७,७९६ पुग्यो । अझै पनि यो सङ्ख्या जन गणनाले इङ्गित गरेको सङ्ख्याभन्दा उल्लेखनीय रुपमा कम थियो

वैदेशिक रोजगारमा जाने नेपाली श्रमिक आप्रवासीहरूको सङ्ख्यामा वृद्धि भइरहेको अवस्था र त्यसबखत औपचारिक प्रणालीको अभावलाई मध्यनजर गर्दै सरकारले सन् १९९८ मा वैदेशिक रोजगार ऐनलाई (दोस्रो पटक) संसोधन गरी त्यसपछि ऐनका प्रावधानहरूलाई कार्यान्वयन गर्ने उद्देश्यले सन् १९९९ मा वैदेशिक रोजगार नियमावली जारी गर्‍यो । यी संसोधनहरूमार्फत सरकारको निरीक्षणमुखी कार्यलाई सुदृढ गर्नुका साथै व्यक्तिगत प्रबन्धमा वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरूलाई समेत समावेश गर्‍यो । सन् १९९९ मा जारी गरिएको राष्ट्रिय श्रम नीतिले आप्रवासी कामदारहरूका अधिकारको संरक्षण र सुरक्षा सहितको वैदेशिक रोजगारलाई सहजता प्रदान गर्ने उद्देश्यले उपयुक्त संयन्त्र र संरचनाहरूको विकास गर्न मार्गदर्शन गरेको छ । विगतमा आप्रवासी कामदारहरूको सङ्ख्यामा सामान्य वृद्धि भए तापनि सन् १९९९/२००० को २७,७९६ बाट सन् २००१/०२ मा १०४,७३६ पुगेको सङ्ख्याअनुसारको वैदेशिक रोजगारीका लागि जारी गरिएको श्रम स्वीकृतिमा भएको तीब्र वृद्धि यस्ता प्रयासहरूको सकारात्मक संकेत थियो ।

त्यसैगरी, सरकारले वैदेशिक श्रम आप्रवासन नियमावलीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गर्नुका साथै भर्ती र रोजगारीका बखत हुने गरेका शोषणयुक्त अभ्यासहरूसँग सम्बन्धित सवालहरूको पहिचान गर्नका लागि अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग सहकार्य गरेको छ । नेपाल कोलम्बो प्रक्रिया (२००३) र अबुधावी बार्ता (२००८) जस्ता वैदेशिक रोजगार तथा करारयुक्त श्रमिकको व्यवस्थापन एवं आप्रवासी कामदारहरूका अधिकारहरूको संरक्षणसम्बन्धी क्षेत्रीय परामर्श मञ्चहरूको सदस्य हो । नेपाल सरकारले बलजफ्ती श्रमिक बनाउने विरुद्धका महासन्धीहरू, १९३० (नं. २९) र बलजफ्ती श्रमिक उन्मुलन महासन्धी,१९५७ (नं. १०५)[२०] जस्ता महासन्धिहरूलगायतका आठ वटा आधारभूत महासन्धीहरूमध्ये रोजगारका लागि आप्रवासन (पुनरावलोकन) महासन्धि, १९४९ (नं.

[२०] नेपालले अनुमोदन गरेका आइएलओ महासन्धीको पूर्ण सूचिका लागि हेर्नुहोस्: www.ilo.org/dyn/normlex/en/f?p=1000:11200:0:: NO : 11200:P11200_COUNTRY_ID:103197.

९७), सातवटा महासन्धीहरूसहित ११ वटा आइएलओ महासन्धीहरू अनुमोदन गरेको छ । सरकारले अनुमोदन नगरेका आप्रवासी कामदारसम्बन्धी (पूरक प्रावधानहरू) महासन्धि, १९७५ (नं. १४३) तथा तिनीहरूका सम्बन्धित सिफारिसहहरू (नं. ८६ र नं. १५१) जस्ता महासन्धी र सिफारिसहरूको बारेमा नियमित रुपमा प्रतिवेदन पठाउने गरेको छ । सरकारले सम्बन्धित कानुन र नीतिहरूलाई यी महासन्धी र सिफारिसहरू अनुरुप पूनरावलोकन गरेको छ । परिणामस्वरुप, वैदेशिक रोजगार मर्यादित, सुरक्षित, व्यवस्थित र भरपर्दो हुने अपेक्षा गरिएको छ ।

वैदेशिक रोजगार ऐन जारी भएको दुई दशकपछि सरकारको भूमिका वैदेशिक रोजगारसम्बन्धी सेवा उपलब्ध गराउने निजी एजेन्सीहरू र व्यक्तिहरूलाई नियमन गर्ने, विदेशमा सुरक्षित र मर्यादितकामको प्रवर्द्धन गर्ने र जान लागेका आप्रवासीहरू र तिनीहरूको गन्तव्यहरूको सङ्ख्यामा नियन्त्रण गर्नुभन्दा पनि आप्रवासी श्रमिकहरूको अधिकार र कल्याणतर्फ बढी झुकाव रहेको देखिन्छ ।[२१] वैदेशिक रोजगारका लागि आप्रवासी कामदारहरूको सङ्ख्यामावृद्धि हुँदै जाँदा सरकारले आप्रवासी कामदारहरूको सुरक्षाको माग लगायत नयाँ कानुनी र प्रशासनिक चुनौतिहरूको सामना गर्नु पऱ्यो । यसैगरी, सरकारले श्रमिक आप्रवासनाट नेपालमा हुने सामाजिक-आर्थिक प्रभावलाई समेत ध्यान दिनु परेको थियो । तसर्थ, परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सन् २००७ मा एउटा नयाँ ऐनको तर्जुमा गरिएको थियो ।

## ३.१ प्रचलित कानुनहरू, नीति र संस्थागत संयन्त्रहरू

### ३.१.१ वैदेशिक रोजगार ऐन, २०६४

वैदेशिक रोजगार ऐन, २०६४ र यससँग सम्बन्धित नियमहरू ले नेपालबाट वैदेशिक रोजगारका लागि आप्रवासनसँग सम्बन्धित सबै विषयलाई समेट्दछन् । कानुन र सम्बद्ध नियमहरूले विदेशमा रहेका आप्रवासीहरूको सुरक्षा र कल्याणलाई उनीहरूका अधिकारहरूको संरक्षण गर्ने र आप्रवासन प्रक्रियालाई सहजता प्रदान गर्ने खालका काम कार्वाहीलाई नियमित एवं अनुगमन गर्ने प्रावधानको माध्यमद्वारा प्रवर्द्धन गर्ने गर्दछ । यी प्रावधानहरूमा वैदेशिक रोजगार कल्याणकारी कोषको सिर्जना, बीमा, पूर्व प्रस्थान तालिम तथा अभिमुखीकरण, आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई क्षतिपूर्ति, आप्रवासी कामदारहरूको उद्धार र उनीहरूको फिर्ति पर्दछन् । यसका अतिरिक्त,अनुगमन संयन्त्रहरूसम्बन्धी प्रावधानहरू पनि निर्दिष्ट गर्दछन्, जस्तै अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क, उजुरी दर्ता गर्ने, अनुसन्धान गर्ने र निर्णय गर्ने तथा मुद्धाको किनारा लगाउने र दोषिमाथि सजाय गर्ने न्यायाधीकरणको व्यवस्था आदि ।

यी प्रावधानहरू ऐन जारी गरिएपछि स्थापित वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधीकरणजस्ता विभिन्न संस्थागत संयन्त्रहरूमार्फत कार्यान्वयन गरिएका छन् । श्रम सहचारीहरू श्रम आप्रवासीहरूको उजुरीहरू र पीडाको क्षतिपूर्तिका लागि सहजीकरण गर्ने भूमिकाको लागि गन्तव्य मुलुकहरूमा नेपाली दुतावासहरूमा कर्मचारी नियुक्ति गरिएको छ (श्रम सहचारीसम्बन्धी विस्तृत विवरणका लागि खण्ड ३.१.३ हेर्नुहोस्) । आप्रवासी कामदारहरूको कल्याण कोषको सिर्जना वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड अन्तर्गत गरिएको थियो भने काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्कको स्थापना गरिएको थियो ।

विदेशमा श्रम आप्रवासनको बढ्दो चुनौतिहरू र गतिशिलतालाई मध्यनजर गर्दै सन् २०११[२२] मा वैदेशिक रोजगार नियमावली, २०६४ मा आवश्यक परिमार्जन गरिएको थियो र यो ऐन हाल पुनरावलोकनको अवस्थामा छ । यो प्रक्रिया सम्पन्न भइसकेपछि श्रम आप्रवासन सुरक्षित, अझ राम्रोर सम्मानजनक हुने अपेक्षा गरिएको छ ।

---

[२१] सरकारको मौजुदा कानुनहरूले निश्चित उमेरभन्दा कम उमेरका महिलाहरूलाई मात्र केही मुलुकहरूमा यात्रा गर्न नियमन गर्दछन्, तर नेपाली नागरिकहरूका लागि गन्तव्य मुलुकहरूमा उच्च सुरक्षा सरोकार नहुन्जेल कुनै पनि देशको यात्रामा रोक लगाउंदैनन् ।

[२२] वैदेशिक रोजगार नियमावली (पहिलो संसोधन), २०११ ।

### ३.१.२ नीति

एउटा वैदेशिक रोजगार नीतिको सन् २०१२ मा घोषणा गरिएको थियो । यो वैदेशिक श्रम रोजगारको बढ्दो प्रवृत्तिहरूको सामाजिक-आर्थिक आयतनलाई सम्बोधन गर्ने गरी लक्षित सरकारको पहिलो नीति हो । यस नीतिले रोजगारीका लागि आप्रवासन प्रक्रियाको व्यवस्थापनमा हुने गरेको अनियमितताहरू र सुशासनको अभावलाई प्रमुख समस्याको रुपमा पहिचान गरेको छ । यसले यथेष्ठ जानकारी प्राप्त नगरेका र पूर्व तयारी बेगर गएका आप्रवासी कामदारहरू शोषण तथा सङ्कटोन्मुख स्थितिहरूको ठूलो जोखिममा रहेको कुरा पनि पहिचान गरेको छ । यसले महिला श्रमिक आप्रवासीहरूको बढ्दो प्रवृत्तिलाई स्वीकारगर्नुका साथै उनीहरूले आप्रवासन प्रक्रियाको क्रममा सामना गर्नु पर्ने समस्याहरूलाई पनि पहिचान गरेको छ । यसका अतिरिक्त, यसले नेपालमा रहेका उनीहरूका परिवारहरूका सवालहरूलाई मध्यनजर गर्दै फिर्ती हुने आप्रवासीहरूको लागि पुनःएकीकरण प्रक्रियाका लागि रणनीति तय गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

यस नीतिले “वैदेशिक रोजगारको आर्थिक र गैर-आर्थिक लाभहरूमार्फत दीर्घकालीन आर्थिक तथा सामाजिक विकास सहितको गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउनका लागि सुरक्षित, संगठित, सम्मानजनक र भरपर्दो वैदेशिक रोजगार सुनिश्चित गर्ने” लक्ष तय गरी निम्न सातवटा “नीतिगत आधारहरू” निर्दिष्ट गरेको छ :

- अन्तर्राष्ट्रिय बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने ।
- वैदेशिक रोजगारबाट अधिकतम लाभ लिनका लागि प्रतिस्पर्धात्मक क्षमताको सीपयुक्त मानव स्रोतहरूको विकास गर्ने ।
- वैदेशिक रोजगार प्रक्रियाको प्रत्येक चरण सरल, पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने ।
- महिला आप्रवासी कामदारहरूका सरोकारहरूलाई सम्बोधन गर्ने र समग्र आप्रवासनको चक्रमा उनीहरूका अधिकारहरू सुनिश्चित गर्ने ।
- वैदेशिक रोजगारको व्यवस्थापनमा सुशासन सुनिश्चित गर्ने ।
- वैदेशिक रोजगारको व्यवस्थापन गर्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतसाधनहरूको प्रबन्ध मिलाउने र क्षेत्रगत साझेदारी वृद्धि गरी सहयोगात्मक प्रयासहरूको प्रवर्द्धन गर्ने ।
- आप्रवासी कामदारहरूले आर्जन गरेको विप्रेषण सम्भव भएसम्म उनीहरूको आफ्नै “मानव विकासका लागि” उपयोग गर्न सहयोग गर्ने ।

सरकारले वैदेशिक रोजगार व्यवसायलाई नियमन गर्नका लागि केही निर्देशिका र कार्यविधि प्रयोग गरेको छ : वैदेशिक रोजगारका लागि घरेलु कामदारहरूपठाउने विषयसँग सम्बन्धित निर्देशिका, २०७२; अभिमूखिकरण तालिम संस्था दर्ता र नवीकरणसम्बन्धी पुस्तिका, २०७१; व्यक्तिगत श्रम स्वीकृति प्रक्रियासम्बन्धी निर्देशिका, २०७०; सीपयुक्त तालिम भएका मानव स्रोतहरूका लागि उद्देश्यमूलक सहायता विस्तारपुस्तिका, २०७१; र वैदेशिक रोजगारीमा जाने कामदारहरूका लागि स्वास्थ्य परीक्षण गर्ने संस्थाको सूचिकृत प्रक्रियासम्बन्धी मापदण्ड, २०७० ।

### ३.१.३ संस्थागत संयन्त्रहरू र तिनीहरूका उपलब्धिहरू

**श्रम तथा रोजगार मन्त्रालय**

श्रम तथा रोजगार मन्त्रालयले नेपाल सरकारको नियमावली, २०१२ (कार्य विभाजन) अनुसार श्रम तथा रोजगारसँग सम्बन्धित नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्दछ । मन्त्रालय भित्र, वैदेशिक रोजगारसँग सम्बन्धित सबै कामहरू वैदेशिक रोजगार तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध महाशाखाद्वारा सञ्चालन गरिन्छ ।

आफ्नो भौगोलिक इलाका बाहिर कार्यक्षेत्रको विस्तार गर्ने तथा विदेशमा आफ्ना नागरिकहरूको सुरक्षा बढाउने प्रयासमा सरकारले निम्न मुलुकहरूसँग द्वीपक्षीय सम्झौता वा सम्झौता पत्रमा हस्तक्षर गऱ्यो : कतार ( सन,२००५), युनाइटेड अरब

इमिरेट्स (सन,२००७), गणतन्त्र कोरिया ( सन, २००७), बहरेन (सन,२००८), जापान (सन,२००९) र इजरायल (सन,२०१५) । यी द्वीपक्षीय सम्झौताहरू यिनीहरूको निर्दिष्ट पक्षमा भिन्न भए तापनि सबै श्रमिक पठाउने र प्राप्त गर्ने प्रतिवद्धतामा आधारित छन् र तिनीहरूमा निम्न कुराहरू समेटिएका छन् :

- प्रस्थान पूर्व नेपालका जिम्मेवारीहरू;
- कामदारहरूको भर्ती प्रक्रियाहरू;
- कामदारहरूको यात्रासँग सम्बन्धित एवं भर्ती शुल्कको भुक्तानीका प्रावधानहरू;
- करारनामामा हुने विषयवस्तु र यसको ढाँचा सम्बन्धी प्रावधानहरू;
- विवाद निरुपणका विधिहरू;
- सम्झौताको अनुगमनसम्बन्धी कार्यढाँचा; र
- सम्झौताको वैधता र आपसी सहमतिमा विस्तार वा खारेजसम्बन्धी सर्तहरू ।

नयाँ कानुनहरू प्रस्ताव नभएको अवस्थामा मन्त्रालयले कानुनमा आवश्यक परिमार्जन गरी लागु गर्ने गर्दछ । वैदेशिक रोजगार ऐन, २००७ जारी भएदेखि यता मन्त्रालयले सन् २०११ मा जारी गरेका नियमहरू परिमार्जन गऱ्यो र सन् २००८ मा प्राविधिक इन्टर्नहरू जापान पठाउने व्यवस्थापन सम्बन्धी निर्देशिका, सन् २०१२ मा व्यक्तिगत प्रक्रियामार्फत श्रम स्वीकृति प्राप्त गर्ने निर्देशिका र सन् २०१५ मा वैदेशिक रोजगारका लागि घरेलु कामदारहरू पठाउने व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गऱ्यो । मन्त्रालयले हाल वैदेशिक रोजगार ऐनमा आवश्यक परिमार्जन गर्नका लागि पुनरावलोकन गरिरहेको छ ।

मन्त्रालयले सन् २०१५ देखि २०२० को अवधिका लागि एउटा विस्तृत पाँच वर्षे राष्ट्रिय रणनीतिमूलक कार्य योजना जारी गऱ्यो र यसलाई मन्त्रिपरिषदले स्वीकृति प्रदान गऱ्यो । यस रणनीतिमूलक कार्य योजनाले वैदेशिक रोजगार नीतिका उद्देश्य, लक्ष र सातवटा नीतिगत आधारहरूलाई सुरक्षित, व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारका अवसरहरूको सिर्जना गरी कार्यान्वयन गर्ने लक्ष राखेको छ । जसको परिणामस्वरुप गरिबी न्यूनिकरणका साथै दीर्घकालीन आर्थिक र सामाजिक विकासतर्फ योगदान पुग्ने छ । यस कार्य योजना भित्रका रणनीतिहरूको चाहना  विप्रेषणलाई उत्पादनशील क्षेत्रहरूमा प्रयोग गरेर सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित देशको हैसियतबाट विकासोन्मुख मुलुकको रुपमा स्तरोन्नती गर्न सहयोग गर्नु हो ।

राष्ट्रिय रणनीतिमूलक कार्य योजनाका प्रमुख व्यवहारिक आकर्षणहरू देहाय अनुसार रहेका छन् : फिर्ति भएका कामदारहरूको सामाजिक-आर्थिक पुनःएकिकरण;  विप्रेषणसँग सम्बन्धित नीति तर्जुमा; वैदेशिक रोजगारीका लागि सामाजिक लागतमा न्यूनिकरण; काठमाडौं केन्द्रित वैदेशिक रोजगार सेवाहरूलाई स्थानीय तहसम्म विकेन्द्रिकरण; महिलाहरूका लागि सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका अवसरहरूमा सुधार; बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमी (युवाहरूको अनुपस्थितिमा स्याहर शुसारको अभावको सामना गरिरहेका व्यक्तिहरू) लाई सामाजिक सुरक्षाको प्रत्याभूतिमा समावेश; अनियमित आप्रवासीहरू, खासगरी महिला कामदारहरूको दस्तावेजीकरण; भारतमा हुने आप्रवासनसम्बन्धी अनुसन्धान र यसका परिणामलाई अझ बढी व्यवस्थित प्रक्रियाको विकास गर्नका लागि प्रयोग; नेपाली दुतावासहरू र महावाणिज्य दुतहरूका कार्यालयहरू तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको क्षमता विकास; फिर्ती भएका कामदारहरूलाई सामाजिक-आर्थिक पुनःएकीकरण लक्षित तालिम कार्यक्रमहरूमा स्रोत व्यक्तिको रुपमा प्रयोग; राजदुतहरू र महावाणिज्य दुतहरूको जिम्मेवारीमा वैदेशिक रोजगारका सवालहरूलाई समावेश गरी श्रम कुटनीतिलाई पक्ष पोषण; जिल्ला अस्पतालहरू र श्रम कार्यालयहरूमा मनोसामाजिक विमर्श सेवाहरूको प्रावधान; सबै प्रमुख तालिम संस्थानहरूमा सञ्चालन हुने तालिम कार्यक्रमहरूमा वैदेशिक रोजगार विषय समावेश; र श्रमिक आप्रवासीहरूका लागि सुरक्षित आवासहरूको उचित व्यवस्थापन ।

राष्ट्रिय रणनीतिमूलक कार्य योजनाले अपेक्षित परिणामहरूप्रदान गर्नका लागि जिम्मेवार निकायहरू, परिणामको प्रत्येक क्षेत्रका लागि समयसीमा र बजेट (करिब कुल बजेट नेपाली रुपैयाँ ५.३ बिलियन वा अमेरिकी डलर ४८.४ मिलियन) निर्धारण गर्दछ । राष्ट्रिय रणनीतिमूलक कार्य योजनाले सरकार, विकास साझेदारहरू र निजी क्षेत्रबिच संयुक्त वित्तीय व्यवस्थापनको परिकल्पना गरेको छ ।

रोजगारीमा रहेका आप्रवासीहरू र सम्भावित आप्रवासीहरूका लागि वैदेशिक रोजगारलाई सुरक्षित, सम्मानजनक र सन्तोषजनक सम्भावनाको रुपमा प्रवर्द्धन गर्न मन्त्रालयले संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग सहकार्य गरेको छ । हाल विकास साझेदारहरूसँगको सहकार्यमा वैदेशिक रोजगार मामिलासम्बन्धी सञ्चालन भएका मन्त्रालयस्तरीय कार्यक्रमहरू यी हुन : (१) सुरक्षित आप्रवासन परियोजना, सन् २०१३-२०१७; (२) श्रम बजारको सूचनासम्बन्धी कार्य मार्फत दक्षिण एसियाबाट श्रम आप्रवासन सम्बन्धी सुशासन, भर्ती र रोजगारीको अवधिमा सुरक्षा, सीप र विकासको प्रभाव, सन् २०१३-२०१६; (३) दक्षिण एशीया र मध्य पूर्वमा महिला आप्रवासी कामदारहरूका लागि निष्पक्ष भर्ती र उचित काम, सन् २०१३-२०१८; (४) नेपालमा आप्रवासन र विकाससम्बन्धी अनुसन्धान र नीति संवादका पहलहरू; र (५) कोलोम्बो प्रक्रियाका सदस्य राष्ट्र मुलुकहरूका लागि श्रमिक आप्रवासनको क्षमतामा सुदृढिकरण पहल, २०१३-२०१५ ।[२३]

## श्रम तथा रोजगार मन्त्रालयले हासिल गरेका प्रमुख उपलब्धिहरु तथा क्रियाकलापहरु -सन् २०१४/१५ मा (केही २०१४/१५ भन्दा बाहेक)

- निःशुल्क भिषा र निःशुल्क टिकट प्रणाली लागु गरी आप्रवासन प्रक्रियाको अवधिमा कामदारहरुका लागि आर्थिक बोझ तथा ठगिका सम्भावनाहरुको न्यूनीकरण ।
- वैदेशिक रोजगारका लागि घरेलु कामदार पठाउने व्यवस्थापनसँग सम्बन्धित निर्देशिका, २०१५ को परिमार्जन र जारी ।
- वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नती ।
- पाँच वर्षे रणनीतिक कार्य योजनाको मन्त्री परिषदद्वारा स्वीकृति ।
- घरेलु कामदारहरूलाई वैदेशिक रोजगारमा पठाउने व्यवस्थापनसँग सम्बन्धित निर्देशिका, २०१५ जारी तथा परिमार्जन ।

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको स्थापना वैदेशिक रोजगार ऐनको दफा ३८ बमोजिम भएको थियो र यसको अध्यक्षता श्रम तथा रोजगार मन्त्रीद्वारा गरिन्छ। यसको प्रमुख उद्देश्य वैदेशिक रोजगारका लागि प्रवर्द्धनात्मक क्रियाकलाप गर्नु र निम्न कार्यहरू मार्फत आप्रवासी कामदारहरूको सामाजिक सुरक्षा र कल्याण सुनिश्चित गर्नु हो :

- नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजीका लागि अध्ययन गर्ने, गराउने;
- वैदेशिक रोजगार प्रवर्द्धनको लागि सूचना सङ्कलन, प्रसोधन र प्रकाशन गर्ने;
- वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्थापन गर्ने;
- प्रस्थान पूर्वको अभिमुखीकरण, सीप तालिम सञ्चालन गर्नुका साथै प्रत्येक कामदारलाई आकश्मिक सम्पर्क विवरण उपलब्ध गराउने जसले विदेशमा काम गर्दा उनीहरूको अझ राम्रो सुरक्षा हुने गर्दछ;
- विदेशबाट फर्की आएका कामदारको सीप, पूँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्रहितमा लगाउने खालका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने;
- आप्रवासी कामदारहरूलाई प्रस्थान पूर्व वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्न योग्यता तोक्नुका साथै तालिमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने;
- वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक पर्ने अल्पकालिन र दीर्घकालीन नीति तर्जुमा गर्ने;
- वैदेशिक रोजगार ऐन कार्यान्वयन सम्बन्धमा समष्टीगत रुपमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने; र
- सेवा शुल्क तथा प्रवर्द्धन खर्च निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सल्लाह दिने ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्थापन गर्नुका साथै निम्न क्रियाकलापहरूको सुपरिवेक्षण गर्दछ :

[२३] प्रत्येक अवयवका लागि साझेदारहरू : (१) एसडिसि/हेल्भेटास; (२) आइएलओ/इयु; (३) आइएलओ/डिफिड; (४) कोइका/आइओएम; र (५) इयु/आइओएम ।

- सीपमूलक तालिम र अभिमुखीकरण;
- कामदार र उनीहरूका परिवारका लागि औषधोपचार सुविधाहरूमा पहुँच;
- उद्धार, पुन:स्र्थापना र पुन:र्मिलन;
- आर्थिक सहायता र क्षतिपूर्ति;
- जनचेतना अभिवृद्धि र प्रवर्द्धनात्मक क्रियाकलापहरू ।

## वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले सन् २०१४/१५ मा हासिल गरेका प्रमुख उपलब्धि तथा क्रियाकलापहरू

- मृतक आप्रवासीका हकवालालाई क्षतिपूर्ति उपलब्ध गराइनुका साथै प्रति कामदारका लागि प्रदान गरिने आर्थिक सहायताको राशिमा दोब्बर वृद्धि गर्ने निर्णय ।
- वैदेशिक रोजगारको शिलशिलामा शारिरीक रुपमा अशक्त भएका कामदारहरुलाई आर्थिक सहायता उपलब्ध गराइएको ।
- मृतकको लासलाई काठमाडौंबाट उनीहरुको गृह जिल्ला पुऱ्याइएको ।
- वैदेशिक रोजगार छात्रवृत्ति कार्यक्रम लागु गर्नस्तरीय सञ्चालन प्रक्रियाका लागि स्वीकृति प्राप्त गरेको ।
- देशभरबाट ३,३३८ जनालाई वैदेशिक रोजगारका लागि सीपमूलक तालिम ।
- प्रस्थान पूर्वको अभिमुखीकरण पाठ्यक्रममा परिमार्जन ।
- स्वदेश फर्किएका लैङ्गिक हिंसाका पीडितहरु र भावनात्मक चोटबाट ग्रस्त महिला श्रमिक आप्रवासीहरुका लागि उद्यमशील कार्यक्रमको कार्यान्वयन ।
- दक्षिण एशियाली सहयोग संगठनका मुलुकहरुका आप्रवासी कामदारहरुका लागि कार्यसूची र कार्य योजना प्रस्ताव गरिएको ।
- विद्यार्थी भिषा लिएर विदेश जाने नेपाली नागरिकहरुको बारेमा प्रारम्भिक अध्ययन सम्पन्न ।

**वैदेशिक रोजगार विभाग**

पहिलेको श्रम तथा रोजगार प्रवर्द्धन विभागलाई पुनर्गठन गरी हालको वैदेशिक रोजगार विभाग तथा श्रम विभागको स्थापना गरिएको हो ।

वैदेशिक रोजगार विभागका उद्देश्यहरू रोजगारदाता एजेन्सीहरूको सञ्चालन र सेवाहरूसँग सम्बन्धित कारोवारहरू स्वच्छ र उपयुक्त हुने कुरा सुनिश्चित गर्ने लगायत सुरक्षित र मर्यादित वैदेशिक रोजगारको प्रवर्द्धनको सेरोफेरोमा रहेका छन् । यस विभागले देहायका कार्यहरु गर्दछ :

- वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्रदान, नवीकरण, खारेज गर्ने लगायतका सो व्यवसायसम्बन्धी कारोवारहरूलाई नियमन गर्दछ;
- एजेन्सी वा एजेन्टहरू विरुद्ध कामदारले दिएका उजुरीहरूको अनुसन्धान गर्दछ र अनुसन्धानबाट प्रमाणित भएमा कार्वाहीको प्रक्रिया अघि बढाउँदछ ;
- कामसँग सम्बन्धित विज्ञापनहरू आधिकारिक र उपयुक्त हुन् भन्ने कुराको रूजु गरेर वैदेशिक रोजगारसँग सम्बन्धित ठगीलाई नियन्त्रण गर्दछ;

- कामसँग सम्बन्धित सूचनाहरू, करारनामा र नियुक्ति पत्रहरूको संपरीक्षण गरी आप्रवासी अधिकारहरूको संरक्षण गर्दछ; र
- विदेश जाने आप्रवासीहरूका लागि जारी गरेका अनुमतिमार्फत वैदेशिक रोजगारका लागि "श्रम स्वीकृति" (स्टिकर सहितको) प्रदान गर्दछ ।

विदेशमा उपलब्ध हुने रोजगारसँग सम्बन्धित सूचना रोजगारदाता ऐजेन्सीहरू मार्फत उपलब्ध भइ सूचना विभागलाई उपलब्ध गराइन्छ । त्यसपछि, विभागले करारमा उल्लेख भएका सेवा र सर्तहरू कानुनको दायराभित्र भएको सुनिश्चित गरेपछि कामको सूची तयार गर्न"स्वीकृतिको सूचना" जारी गर्दछ । कुनै पनि काममा एकपटक आप्रवासी कामदारको नियुक्ति भएपछि र करारमा हस्ताक्षर गरेपछि यसमा संलग्न एजेन्सीले सम्बन्धित आप्रवासीको विवरण विदेश जानका लागि श्रम स्वीकृतिका लागि निवेदन मार्फत विभागमा दर्ता गराउँदछ । यस बिन्दुमा, रोजगारदाता एजेन्सीले गन्तव्य मुलुकको रोजगारदाताले प्रदान गरेको "नियुक्ति पत्र" विभागमा उपलब्ध गराउँदछ जसमा कामसँग सम्बन्धित सेवा र सर्तहरू उल्लेख गरिएका हुन्छन् (प्रायः सेवाका सर्तहरू पहिले प्रस्तुत गरिएका वा करार पत्रमा प्रस्तुत गरिएका भन्दा फरक हुने गर्दछन्) । कामदारको राहदानीमा टाँसेको स्टिकर नै श्रम स्वीकृति हो ।

वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिका लागि दिएका निवेदन, स्वीकृतिका साथै वैदेशिक रोजगारसम्बन्धी दर्ता गरिएका उजुरी र फर्स्यौटको आधारमा डेटावेश राख्ने गर्दछ ।

वैदेशिक रोजगार विभागको उजुरी दर्ता तथा अनुसन्धान शाखाले दर्ता भएका सबै उजुरीको अनुसन्धान गर्दछ । वैदेशिक रोजगार ऐनको खण्ड ४३-५९ अन्तर्गत यस विभागलाई कुनै अपराध भएको खण्डमा निर्णय गर्नेकार्यक्षेत्राधिकार रहेको छ र खण्ड ४८-५५ अन्तर्गत यसले दण्ड सजाय तोक्न सक्दछ । विभागको कार्यक्षेत्राधिकारभन्दा बाहिरका मुद्धाहरूवैदेशिक रोजगार न्यायाधीकरणमा पठाइन्छन् । उदाहरणका लागि, व्यक्तिगत रूपमा श्रम स्वीकृति प्राप्त गर्ने कामदारहरूले दर्ता गरेको मुद्धा नहेरिकन सोझै न्यायाधीकरण समक्ष पठाइदिन्छ ।

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**

यो श्रम तथा रोजगार मन्त्रालयअन्तगर्त नेपाल सरकारको सह-सचिवले नेतृत्व गरेको संगठन सरहको एउटा विभाग हो । स्व-रोजगार प्रवर्द्धन गर्ने खालका विभिन्न तालिमहरू प्रदान गर्न एवं वैदेशिक रोजगारमा जान चाहने कामदाहरूका आवश्यकताहरू सम्बोधन गर्नका लागि अभ्यस्तयो केन्द्र ललितपुर जिल्लाको भैंसेपाटीमा अवस्थित छ ।यस केन्द्रले आफ्ना कार्यक्रमहरू आफ्नो केन्द्रीय संगठन तथा नेपालका निम्न स्थानमा अवस्थित १६ वटा तालिम केन्द्रहरू मार्फत कार्यान्वयन गरिरहेको छ : हेटौडा, पोखरा, जुम्ला, पर्वत, बुटवल, दाङ्ग, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, धादिङ, रौतहट, झापा, इटहरी, ओखलढुङ्गा र जनकपुर ।

**श्रमिक गाउँ**

श्रमिक आप्रवासनको परिवर्तनशील परिवेशलाई सुव्यवस्थित गर्नका लागि सन् २०१३ मा वैदेशिक रोजगार विभागको पुनःसंरचना गरियो । सबै सेवाहरूलाई एउटै थलोमा राखेर प्रक्रियालाई अझ बढी प्रभावकारी बनाउनका लागि श्रम तथा रोजगार मन्त्रालयले काठमाडौंमा एउटा "श्रमिक गाउँ" को स्थापना गऱ्यो । वैदेशिक रोजगार विभागको काठमाडौं कार्यालयको मलेसिया शाखा, कतार शाखा, साउदी अरेविया शाखा हाल श्रमिक गाउँमा रहेका छन् । यी तीनैवटा शाखाहरूको नेतृत्व तीनजना उप-सचिवहरूले गरेका छन् भने वैदेशिक रोजगार विभागको नेतृत्व सह- सचिवले गरेका छन्, जसले अन्य सबै गन्तव्य मुलुकहरूसँग सम्बन्धित कामहरू गर्ने गर्दछन् । यो श्रमिक गाउँलेसेवा ग्राहीहरूका लागि निर्वाध, गुणस्तरीय, समयसामयिक र पारदर्शी सेवा प्रदान गर्ने लक्ष राखेको छ ।

### श्रमिक गाउँले सन् २०१४/१५ मा हासिल गरेका प्रमुख उपलब्धि तथा क्रियाकलापहरु

- श्रमिक गाउँमा अन्तर्राष्ट्रिय श्रम संगठन, गैर आवासीय नेपाली संघ र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सहयोगमाआप्रवासी स्रोत केन्द्र सञ्चालनमा रहेको छ । यस केन्द्रले आप्रवासी कामदारहरुको रोजगारीको अवधिमा सुरक्षामा सुधार गर्नका लागि भरपर्दो सूचना प्रदान गर्दछ । कानुनी परामर्श समेत उपलब्ध छ ।
- आप्रवासी कामदारहरुले प्रयोग गर्ने गरी अनलाइन बैकिङ्ग र बीमा सेवाहरुको व्यवस्था गरिएको छ ।
- ठगीका क्रियाकलापहरुप्रति शून्य सहिष्णुता सुनिश्चित गर्ने लक्षका साथ व्यक्तिगत रुपमा लिइने श्रम स्वीकृतिलाई नियन्त्रित पहुँच प्रणालीको अभ्यास गरिएको छ । श्रमिक गाउँमा काम गर्ने कर्मचारीहरु समेत आफ्नो परिचय पत्र देखाएर मात्र यस शाखामा प्रवेश पाउन सक्दछन, तर म्यानपावर प्रतिनिधिहरु लगायत अन्य कसैलाई पनि प्रवेश गर्न दिइंदैन ।

**वैदेशिक रोजगार न्यायाधीकरण**

वैदेशिक रोजगार न्यायाधीकरणको स्थापना वैदेशिक रोजगार ऐन र नियमावली अन्तर्गत भएको थियो । यो तीनजना सदस्यहरू रहेको अर्ध न्यायिक निकाय हो : पुनरावेदन अदालतको न्यायाधीस अध्यक्ष सहित श्रम अदालतको मुद्धा हेर्ने अधिकृत र न्याय सेवाको प्रथम श्रेणीको अधिकृत । यो कुल १६ जना कर्मचारीको व्यवस्थापन सहित सञ्चालन हुन्छ ।

वैदेशिक रोजगार ऐनअनुसार, न्यायाधीकरणको कार्यक्षेत्राधिकार निम्न बमोजिमको रहेको छ :

- वैदेशिक रोजगार व्यवसाय बिनास्वीकृति सञ्चालन गर्न निषेध : कुनै पनि एजेन्सीले ऐन बमोजिम इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न सक्दैन । यदि सञ्चालन गरेमा वा कसैलाई  वैदेशिक रोजगारमा लगाई दिन्छु  भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा आप्रवासी कामदारहरूसँग लिएको रकम असूल गरी त्यस्तो व्यक्तिलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्नुका साथै तीन वर्षदेखि सात वर्षसम्मको कारावासको सजाय दिइनेछ । विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुनेछ ।
- इजाजत प्राप्त म्यानपावर एजेन्सीले श्रम स्वीकृति प्राप्त नगरी आप्रवासी कामदारलाई विदेश पठाएमा : कुनै इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजतपत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिनेछु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ र त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्र समेत रद्द हुनेछ ।
- नाबालिगहरूलाई वैदेशिक रोजगारमा पठाउनरोक : यदि कुनै इजाजत प्राप्त म्यानपावर एजेन्सीले कुनै 'नाबालिग' लाई वैदेशिक रोजगारमा पठाएको पाईएमा त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ ।
- सरकारद्वारा तोकिए देखि बाहेकका अन्य मुलुकहरूमा कामदारहरू पठाउन रोक :वैदेशिक रोजगारका लागि कामदार पठाउन नेपाल सरकारले खुला नगरेको मुलुकमा कुनै इजाजतपत्रवालाले कुनै कामदार पठाएमा वा खुला गरेको मुलुकको प्रवेशाज्ञा लिई खुला नगरेको मुलुकमा पठाएमा त्यसरी कामदार पठाउने इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ । कामदार पठाउन रकम असुल गरिसकेको तर कामदार पठाइ नसकेको भए आधा सजाय हुनेछ ।
- आवश्यक कागजातहरू वा प्रतिवेदनहरू फर्जि बनाएमा :कुनै इजाजतपत्रवालाले जानी-जानी कुनै लिखत वा प्रतिवेदन लुकाएमा वा कुनै कुरा हेरफेर गरेमा वा झुट्टा व्यहोरा पारेमा वा झुट्टा व्यहोरा तयार गर्न लगाएमा निजलाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना र छ महिनादेखि एक वर्षसम्म कैद हुनेछ । सो बमोजिम सजाय पाएको इजाजतपत्रवालाले पुनः सो सजाय पाउने ठहरिएमा दोब्बर सजाय गरिनेछ ।

न्यायाधीकरणमा दर्ता गरिएका मुद्धाहरूसंक्षिप्त कार्यविधि ऐन, १९७२ अनुसार सुनुवाई र फस्र्यौट गरिन्छन् । न्यायाधीकरणले वैदेशिक रोजगार विभागद्वारा सिफारिस गरी पठाइएका मुद्धाहरू पनि प्राप्त गर्दछ ।

## वैदेशिक रोजगार न्यायाधीकरणले सन् २०१४/१५ मा हासिल गरेका प्रमुख उपलब्धि तथा क्रियाकलापहरु

- यसको स्थापनाकाल देखि न्यायाधीकरणले अधिकांश मुद्धाहरु फस्र्यौट गर्‍यो (भाग २ हेर्नुहोस्) ।
- फस्र्यौट गरेका २१३ वटा मुद्धाहरुमध्ये, ११८ वटा पूर्ण मागदावीका लागि योग्य भए, ५७ वटाले सफाइ पाए, २६ वटाले आंशिक रुपमा सफाइ पाए, एउटा खारेज भयो, र ११ वटा निलम्बित भए ।
- मागदावी गरिएको रकम रु. ९० लाख ४० हज्जारह्य कुल कारावास सजायको वर्ष : ३३२, कुल जरिवाना रकम : करिब रु. ३३ लाख ।
- कुल २४ जना दोषीहरुलाई कारावास पठाइयो, जसमध्ये १९ जना पुरुष र ५ जना महिला थिए । दोषिहरुमध्ये ४ जना विदेशी थिए ।

**श्रम सहचारी**

वैदेशिक रोजगार ऐनको खण्ड ६८ अनुसार ५,००० भन्दा बढी नेपाली आप्रवासी कामदारहरू भएको गन्तव्य मुलुकहरूमा श्रम सहचारीको नियुक्ति हुनुपर्ने प्रावधान रहेको छ ।[२४] श्रम सहचारीका काम, कर्तव्य र अधिकारहरू निम्नअनुसार छन्:

- नेपाली आप्रवासीहरू कार्यरत स्थानहरूमा श्रमिकको अवस्था, रोगजारी, अध्यागमन तथा सम्बन्धित मुलुकले आप्रवासी कामदारहरूको अधिकारहरूको संरक्षणका लागि चालेका कदमहरूका बारेमा सरकारलाई जानकारी उपलब्ध गराउने;
- कामदारहरू र श्रमिक आप्रवासीहरूलाई विदेश पठाउने कार्यमा संलग्न व्यवसायीहरूबिच कुनै विवाद भए त्यसको निरुपणका लागि सहयोग गर्ने;
- वैदेशिक रोजगारको अवधिमा सहयोग नपाएर अफ्ठ्यारोमा परेका कुनै पनि नेपाली कामदारको उद्धारका लागि आवश्यक प्रबन्ध मिलाउने;
- नेपाली कामदारहरूको सीपसँग मेलखाने खालका रोजगारसम्बन्धी सूचना उपलब्ध गराउने;
- विदेशमा मृत्यु भएका कुनै पनि आप्रवासी कामदारको शव नेपाल ल्याउनका लागि प्रबन्ध मिलाउने;
- नेपालबाट कामदारहरू आपूर्ति गर्नका लागि सरकारी तहमा द्वीपक्षीय सम्झौता गर्ने;
- आप्रवासी कामदारहरूको हितमा उनीहरूको सूचनाको संरक्षण गर्ने र करारमा उल्लेख भएका बाहेक अन्य कुनै पनि काम गर्न निरुत्साहित गर्ने;
- आप्रवासी कामदारहरूलाई असर पार्न सक्ने कुनै पनि क्रियाकलापको सुपरीवेक्षण गर्ने; र
- सरकारबाट समय समयमा निर्देशन जारी भएअनुसारका कामहरू सम्पन्न गर्ने ।

नेपाल सरकारले आठवटा देशहरूमा श्रम सहचारी नियुक्ति गरेको छ : बहराइन, कुवेत, मलेसिया, ओमान, कतार, गणतन्त्र कोरिया, साउदी अरब र संयुक्त अरव इमिरेट्स ।

[२४] वैदेशिक रोजगार नियमावलीमा १,००० भन्दा बढी महिला श्रम आप्रवासीहरू भएका गन्तव्य मुलुकहरूमा महिला श्रम सहचारी नियुक्ति गर्नुपर्ने प्रावधान छ ।

## अन्य संस्थाहरू

नेपाली दुतावासहरूको गन्तव्य मुलुकहरूमा श्रमिक आप्रवासीहरूलाई सेवा तथा सहायता प्रदान गर्नका लागि प्रमुख भूमिका रहेको हुन्छ । श्रमिक आप्रवासीहरूसँग सम्बन्धित दुतावासका सेवाहरूमा पीडा र उजुरी, मृतक आप्रवासी कामदारहरूको लाश नेपाल ल्याउने, रोजगारदाताबाट आप्रवासी कामदारहरूलाई क्षतिपूर्ति प्राप्त गर्नका लागि सहयोग पु¥याउनुका साथै, आप्रवासी कामदारहरूलाई संकटोन्मुख अवस्थाहरूबाट उद्धार गर्दछ ।

स्वदेशमा पराराष्ट्र मन्त्रालय फोकल मन्त्रालय हो र यस मन्त्रालय मार्फत रोजगारको क्रममा विदेशमा मृत्यु भएका आप्रवासी कामदारहरूले पाउने हर्जाना उनीहरूका हकवालालाई उपलब्ध गराइन्छ । परारष्ट्र मन्त्रालयले वाणिज्य दुत सेवा विभागलाई रकम पठाउँदछ र यस विभागले हकवालाहरूलाई वितरण गर्नका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सो रकम उपलब्ध गराउँदछ ।

कलकत्ता, हङ्गकङ्ग (चिन), जेद्धा, लासा र न्यूयोर्कमा पनि पाँच वटा महावाणिज्य गोश्वारा कार्यालयहरू छन् जसले विभिन्न वाणिज्य दुत सेवाहरू पनि विस्तार गर्दछन् ।



नेपाली महिला कामदारहरु जोर्डनमा एउटा तयारी पोशाक कम्पनीमा काम गर्दै । *© ILO/B. Sharma Pokharel*

# विषयगत सवालहरू

## ४.१ वैदेशिक रोजगार र राष्ट्रिय विकास

सामान्य रुपमा प्रयोग गरिएका आप्रवासनका निर्धारकहरू (उदाहरणका लागि, आर्थिक संरचना र असमानता) लाई स्वीकार गर्नुपर्ने महत्वपूर्ण कुराजस्तै, आप्रवासनको स्वरुप र तिनीहरूका प्रभावहरूलाई आकार दिने र प्रभाव पार्ने सरकारको भूमिकालाई पनि उत्तिकै महत्व दिनु जरुरी हुन्छ । विशेषतः व्यापक नीतिहरू तथा विभिन्न प्रावधानहरू मार्फत सरकारीसंस्थाहरू तथा पूर्वाधारको सिर्जना गर्ने र व्यक्तिहरूका लागि अवसरहरू प्रदान गर्ने क्षमता जसले सर्वप्रथम आप्रवासनका निर्धारक अवयवहरूलाई र आप्रवासनलाई धेरै तरिकाले राज्यले प्रभाव पार्नु पर्ने कुरा सुझाउँदछ ।[२५] अर्को शब्दमा भन्नुपर्दा, आप्रवासनविकासका लागि सरकारको भूमिका केन्द्रबिन्दुमा रहेको छ ।

### राष्ट्रिय विकास योजनाहरूमा वैदेशिक रोजगार

आप्रवासी कामदार पठाउने मुलुकको रुपमा वैदेशिक रोजगारको विद्यमान स्वरुपलाई स्पष्ट दिशा निर्देश गर्नका लागि नेपाल सरकारको महत्वपूर्ण भूमिका रहेको छ । सन् १९८५ देखि हालसम्मको आवधिक राष्ट्रिय विकास योजनाहरूले उजागर गरेअनुसार आप्रवासन विकासको सञ्जालभित्र सरकारको ठूलो प्रभाव देखा पऱ्यो । एक अर्थमा वैदेशिक रोजगारले सोही समयमा विकासको प्रक्रियालाई प्रभाव पारेको भए तापनि यस तर्फको आकर्षणलाई विकास प्रक्रियामा असन्तुलनको परिणामको रुपमा लिइएको थियो ।

पञ्च वर्षे आवधिक विकास योजनाहरूमा वैदेशिक रोजगारलाईसातौं योजना (सन् १९८५-१९९०) मा पहिलो पटक स्थान दिइएको थियो । यो र त्यसपछिको आठौं योजना (१९९२-१९९७) मा नेपाली नागरिकहरूको[२६] रोजगारीका लागि विदेश जाने प्रवाहलाई नियमन गर्ने प्रयास स्पष्ट झल्किन्थ्यो । यो प्रयास त्यस बखत जबर्जस्त देखा परेको राष्ट्रिय विकासका समस्याहरूसँग जोडिएको आभास भएको थियो । सन् १९८५ र १९९२ मा क्रमशः देखा परेको ५.६ र ७.६ प्रतिसतको उच्च वेरोजगार दर वृद्धि भइरहेको श्रम शक्तिको करिब आधा न्यून रोजगारसँग गांसिएको कुरालाई गरिबीको मूलभूत कारण मानिएको थियो । सन् १९९२ मा नेपालको कुल जनसङ्ख्याको करिब ४९ प्रतिसत निरपेक्ष गरिबीको रेखा मुनि रहेको आँकलन गरिएको थियो ।

एकातर्फ परिवेशलाई विकासे समस्याहरूको मापदण्डहरू भित्र सीमित गर्नु सहज देखिए तापनि, प्रजातन्त्रको पुनर्स्थापना र आर्थिक ढाँचामा आधारभूत परिवर्तनहरूको स्वरुपमा देखा परेको मूलभूत राजनीतिक प्रगतिले सोही अवधिमा उदार अर्थतन्त्र र मुलुकहरूबिचको सहज आवागमनको उपलब्धि तर्फ डोऱ्यायो । तथापि, यो यस्तो अवधि थियो कि जसमा वैदेशिक रोजगार विकासे समस्याहरूको प्रतिफलको रुपमा मुस्किलले राष्ट्रिय योजनाहरूमा सहजताका साथ उजागर हुनुका साथै यसका सकारात्मक वा नकारात्मक प्रभावको पहिचान पनि थिएन । तसर्थ, यो वैदेशिक रोजगारका लागि सहजता भन्दा पनि नियमनको विषय थियो ।

वैदेशिक रोजगार तर्फको दृष्टिकोणमा मूल परिवर्तन नवौं योजनाको अवधि (सन् १९९७-२००२) मा आयो, जसमा यसलाई केवल विकासे समस्याहरूको प्रतिफलको रुपमा मात्र नहेरी मुलुक भित्रको वेरोजगार समस्याको समाधान तथा कामदारको लक्षसँग जोडेर हेरियो । नवौं योजनाले व्यापक रुपमा रोजगारीको सिर्जना गर्ने र यसलाई गरिबी न्यूनिकरणका लागि लगानीको आवश्यकताको रुपमा चित्रित गरेको थियो । यस योजनाले मुलुक भित्र उत्पानशील रोजगारको सिर्जना तथा स्वरोजगारका उद्देश्यहरूलाई आत्मसात गरेर वैदेशिक रोजगारको प्रवर्द्धनका लागि विशेष जोड दियो । यो उद्देश्य प्राप्तिका लागि संस्थागत संरचनाको सिर्जना

---

[२५] भेज्जोली, २०१४ ।

[२६] वैदेशिक रोजगारसम्बन्धी पहिलो कानुन यसै अवधिमा निर्माण गरिएको थियो : वैदेशिक रोजगार ऐन, १९८५ । यस ऐनको नियमनसँग सम्बन्धित विषय श्रम तथा रोजगार मन्त्रालय (२०१४) मा अभिलेख गरिएको थियो । वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न कानुनहरूका विस्तृत रुपमा तुलनात्मक अध्ययनका लागि हेर्नुहोस् : सिजापति र लिम्बु (२०१२) ।

गर्ने र वैदेशिक रोजगारका लागि क्षमतावान, प्रतिस्पर्धी र उपलब्ध मानव स्रोतको विकास गर्ने । यो वैदिशिक रोजगार बजारको क्षेत्रलाई विस्तार गर्नुपर्ने आवश्यकता, विदेशमा रहँदा कामदारहरूका अधिकारहरूको संरक्षण गर्न र रोजगारीका सम्भावना भएका मुलुकहरू भित्रको नेपाली कुटनीतिक नियोगहरूलाई परिचालन गरेर कामदारहरूको हित र सुरक्षाको सुनिश्चित गर्ने कुरालाई मान्यता दिने पहिलो योजना थियो । यसले वैदेशिक रोजगार प्रवर्द्धन गर्नका लागि एउटा स्वायत्त संस्थाको कल्पना गऱ्यो जुन विलम्व गरेर सन् २००७ मा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको स्थापनासँगै साकार भयो ।

गरिबी न्यूनीकरण र श्रम व्यवस्थापनका लागि नीति र रणनीतिमा सुव्यवस्थित वैदेशिक रोजगार आवधिक योजनाहरूमा पहिलो पटक स्थान पायो । दशौं योजना (सन् २००२-२००७) र त्रिवर्षीय अन्तरिम योजना (सन् २००७-२०१०) ले वैदेशिक रोजगारमा युवाहरूलाई पठाउनका लागि परिमाणात्मक लक्ष्यहरू समेत तय गरे ।[२७] यसका अतिरिक्त, वैदेशिक रोजगारका लागि सम्बद्ध अवयवहरूलाई मौद्रिक नीतिहरू (घरेलु बचत, विदेशी विनीमयको संचिति, भुक्तानी बचत), विभिन्न क्षेत्रगत नीतिहरू (युवा, महिला रोजगार, विपन्न वर्गहरू) र अन्तर्विषयगत सवालहरू (मानव स्रोत विकास) लाई समावेश गरिएको छ ।

आवधिक योजनाहरू राष्ट्रिय योजना आयोगको प्रमुख उपलब्धि हो, जसले आर्थिक एवं सामाजिक विकासका लागि स्रोतसाधनहरूको खोजी तथा विनियोजन गर्दछ; विकासे योजना, नीति र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि केन्द्रीय निकायको रुपमा काम गर्दछ; विकासे नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि सहजता प्रदान गर्दछ; र देशको विकाससँग सम्बन्धित बिचार विमर्श, छलफल र परामर्शहरू गर्दछ ।[२८] तसर्थ,योजना तर्जुमा गर्ने निकायको दृष्टिकोणले विकासका विभिन्न सवालहरूमा नीतिहरू, संस्थाहरू र पूर्वाधार निर्माणका लागि मार्गदर्शन प्रदान गर्दछ, जुन कुरा वैदेशिक रोजगारको मामिलामा एउटा वास्तविक गतिशीलता भएको छ ।

यदि आप्रवासीहरूको बाह्य तथा प्रवासीहरूको देश भित्रको प्रवाहलाई स्पष्ट दिशा निर्देश गरी प्रभाव सिर्जना गर्न सरकारको भूमिका आप्रवासन नीतिहरूमा न्यूनीकरण गरियो भने (अन्य अवयवहरूको संवेदनशीलताका साथ) आप्रवासनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने नीतिहरूका दुईवटा संगालो हुन सक्दछन् ।[२९] प्रतक्ष्य रुपमा प्रभावपार्ने नीतिहरूको पहिलो संगालो स्पष्ट उद्देश्यहरू वा आप्रवासनलाई असर पार्ने औजारहरूहुन्छन् । उदाहरणका लागि, निजी संस्थाहरूलाई म्यानपावर एजेन्सीको रुपमा सञ्चालन गर्न बाटो खोल्ने वैदेशिक रोजगारसम्बन्धी कानुनको आप्रवासीहरूको बाह्य प्रवाहका लागि प्रत्यक्ष्य भूमिका छ किनभने यी एजेन्सीहरूले खुला बजार प्रणालीअनुरुप काम गर्दछन्, जसले ठूलो माग सिर्जना गर्नुका साथै मानव स्रोतहरूको आपूर्तिसँग तादात्म्यता राख्दछ । व्यक्तिगत रुपमा आप्रवासनमा जाने व्यक्तिहरूको तुलनामा म्यानपावर एजेन्सीको सेवा प्रयोग गरी नेपाल छोड्ने आप्रवासी कामदारहरूको ठूलो सङ्ख्यालाई प्रमाणको रुपमा हेर्दा (खण्ड २.२ हेर्नु होला) निजी क्षेत्र संलग्न नभएको भए यस्तो सम्भावना हुने थिएन ।

उदाहरणका लागि, सन् १९९० मा सरकारद्वारा अङ्गिकार गरिएको उदारीकरण र खुला बजार अर्थतन्त्रको ढाँचाको परोक्ष रुपमा कुनै पनि आप्रवासनको उद्देश्य थिएन । तर यसले अन्तर्राष्ट्रिय श्रम बजारमा सहज पहुँच प्रदान गऱ्यो । दुईवटा उदाहरणहरूको मिश्रणले नेपालमा वैदेशिक रोजगारको मूल विशेषता स्पष्ट पार्न मद्धत गर्दछ : खाडी सहयोग परिषद देशहरू र मलेसियाका लागि ठूलो सङ्ख्यामा श्रम आप्रवासीहरू ।

आप्रवासनका उद्देश्यहरूसँग प्रत्यक्ष सरोकार नभएका तर आप्रवासनलाई औजारको रुपमा प्रयोग गर्ने विषय पनि  यस नीति संगालोमा समेटिएका छन् । उदाहरणका लागि, प्राविधिक तथा व्यावसायीक शिक्षा एवं तालिम सीप विकास नीति देश भित्र र वैलेशिक श्रम बजारमा काम गर्नआवश्यक पर्ने सीप र तालिम नभएकाव्यक्तिहरूलाई सम्बोधन गर्नका लागि तर्जुमा गरिएको

[२७] दशौं योजना र तीनवर्षे अन्तरिम योजनाले कार्यान्वयन समयावधिमा वैदेशिक रोजगारका लागि क्रमश: ५५०,००० र ७५०,००० युवाहरू पठाउने लक्ष तय गरेको छ ।

[२८] पोखरेल, २००९ ।

[२९] आप्रसनका लागि राज्यको भूमिकाको बारेमा जानकारीका लागि अवधारणात्मक कार्यढाँचा भेज्जेली, २०१४ मा प्रस्ताव गरिएको थियो । यस कार्यपत्रले कार्यढाँचाको प्रयोग गर्ने सम्बन्धमा विषयवस्तुलाई विस्तार गरेका भए तापनि यहाँ केवल यस अवधारणाको सरलीकृत दोहोरो वर्गीकरण मात्र प्रयोग गरिएको छ ।

थियो । सन् २०१२ को प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीतिले पनि श्रम बजारकामागहरूलाई समायोजन गर्नका साथै नेपाली कामदारहरूलाई अन्तर्राष्ट्रिय श्रम बजारमा अझ बढी प्रतिस्पर्धी बनाउनका लागि सीप विकास तालिम कार्यक्रमको आवश्यकता पहिचान गर्‍यो । राष्ट्रिय विकास योजनाहरूमा सीप विकासलाई मानव स्रोत विकासको एउटा अंशको रुपमा वैदेशिक रोजगारको सवाललाई सम्बोधन गर्ने प्रयास गरियो । अन्त्यमा, नीतिहरूको यस संगालोमा उद्देश्य वा औजारको रुपमा नआए तापनि यसले आप्रवासनको स्वरुपलाई असर पार्न सक्दछ । उदाहरणका लागि, कृषिका लागि शुलभ कर्जा प्रदान गर्ने लघु कर्जा कार्यक्रमहरूले आप्रवासनमा जाने प्रवृत्तिलाई असर पार्न सक्दछ ।

विकासे योजनाहरूमा वैदेशिक रोजगारको प्रयोगले के इङ्गित गर्दछ भने श्रम आप्रवासन केवल सरकारले कुनै घटनापछि पहल गर्ने विकासे समस्याहरूको प्रतिफल मात्र भएको छैन । बरु, माथि उल्लेख भएका कार्य ढाँचाहरूजस्ता नीतिहरू, कानुन र संस्थागत प्रबन्धहरूको स्वरुपमा अत्यन्तै महत्वपूर्ण योजनाहरू मार्फत वैदेशिक रोजगारलाई प्रवर्द्धन, नियमन र व्यवस्थापन गरेर सरकारले आप्रवासीहरूको बाह्य प्रवाहलाई ठोस आकार दिने र प्रभाव पार्ने कामका लागि प्रमुख भूमिका निर्वाह पनि गरेको छ । यसका साथै, सरकारको भूमिका रहेको व्यापक विश्वव्यापी र राष्ट्रिय आर्थिक, राजनीतिक र सांस्कृतिक वातावरणलाई समेत आत्मसात गर्नु पर्दछ । तसर्थ, वैदेशिक रोजगार विकासमा भएको असन्तुलनका कारण वा विकास वैदेशिक रोजगारका कारण भनेर बुझ्ने अनौपचारिक पद्धत्ति प्रयोग गरेमा यसले चक्रिय तर्कहरू प्रतिपादन गर्दछ । तसर्थ, राम्रो उपाय भनेको आप्रवासन र विकास एउटै प्रक्रियाका अंश भएको हुनाले यिनीहरू निरन्तर रुपमा अन्तरक्रियात्मक[३०] रहन्छन्,जसले समयको अन्तरालमा विभिन्न तहका सकारात्मक र नकारात्मक असरहरू निम्त्याउंदछन्भन्ने कुरा स्वीकार गर्नु पर्दछ ।

## राष्ट्रिय विकासमा योगदान

वैदेशिक रोजगारले राष्ट्रिय विकास योजनाहरूमा पहिचान पाएदेखि तीन दशकको अवधिमा अन्तर्राष्ट्रिय श्रम आप्रवासनले सकारात्मक र नकारात्मक दुवैखाले असरहरू निम्त्याएको छ । कामदार पठाउने मुलुकमा अन्तर्राष्ट्रिय आप्रवासनको प्रभावको लेखाजोखा गर्ने कामको थालनी गार्हस्थ आय, वितरण, गरिबीको तह, खपत, लगानीको तह र वृद्धिमा अन्तर्राष्ट्रिय विप्रेषणको खुद प्रवाहलाई परीक्षण गरेर प्रारम्भ हुन्छ । त्यस बिन्दुबाट, मानव विकासका अन्य महत्वपूर्ण पक्षहरूमा अतिरिक्त स्रोतहरूको खुद प्रवाहको प्रभावको विश्लेषण तर्फ अघि बढ्दछ, जस्तैः शिशु मृत्यु, शिक्षामा भर्ना र पोषणको तह ।[३१]

सन् २०१२ मा विश्वका सबै मुलुकहरूमा नेपाल विप्रेषण[३२] प्राप्त गर्ने (कुल ग्रार्हस्थ उत्पादनको हिस्साको रुपमा) देस्रो ठूलो मुलुक तथा अति कम विकसित[३३] मुलुकहरूमध्ये सबभन्दा उच्च स्थानमा थियो ।[३४]

वैदेशिक रोजगारमा भएको वृद्धि सँगै, खासगरी खाडी सहयोग परिषददेशहरू र मलेसियाको आप्रवासी कामदारहरूबाट विप्रेषण भित्रिने कुरामा व्यापक वृद्धि भएको छ। कुल विप्रेषण आय सन् २००३/२००४ को रु. ५८ अर्ब ६० करोडबाट सन् २०१४/२०१५ मा रु. ५ खर्ब ८९ अर्ब ५० करोडमा वृद्धि भयो । कुल ग्रार्हस्थ उत्पादनको हिस्साको रुपमा हेर्दा सन् २००३/२००४ को १०.९ प्रतिसतबाट सन् २०१४/२०१५ मा २७.७ प्रतिसतमा वृद्धि भयो । विगतको दशकमा कुल विप्रेषण आयमा उल्लेखनीय बिन्दुले निरन्तर वृद्धि भएको छ, जुन आप्रवासीहरूको बाह्य प्रवाहमा निर्भर रहन्छ (चित्र १) । विश्व बैङ्कले यसैसँग मिल्दोजुल्दो जानकारी प्रदान गरेअनुरुप सन् २०१३ को १५.८ प्रतिसतको विप्रेषण वृद्धिबाट सन् २०१४ मा वृद्धि ५.८ प्रतिसत कम रहेको अनुमान गरिएको थियो । यसको कारण आप्रवासीहरूको स्टकमा व्यापक वृद्धि भएको कारणले बाह्य आप्रवासनको वृद्धिमा गिरावट भएकाले हो भन्ने अनुमान गरिएको छ । सङ्ख्यात्मक रुपमा यो गिरावट सन् २०१० मा करिब १० लाख र सन् २०१३ मा करिब २० लाख थियो ।[३५]

[३०] क्यासल्स्, २००८ ।

[३१] रनिज्, २००८ ।

[३२] अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार, विप्रेषणले निम्न कुरालाई जनाउँदछ : खासगरी मानिसहरूको अस्थायी वा स्थायी आवागमनबाट "वैदेशिक अर्थतन्त्रमा पहुँच भइ प्राप्त हुने पारिवारिक आय हो । यस्तो आयमा विद्युतीय वायर जस्ता अनौपचारिक माध्यम वा अनौपचारिक माध्यमको प्रयोग गरि पैसा वा सरसामान सिमाना पार गरी भित्र्याउने जस्ता कुरा पर्दछन् । विप्रेषणहरू उल्लेखनीय रुपमा नयाँ अर्थतन्त्रका आप्रवासीहरू वा सोही मुलुकको निवासी भएका व्यक्तिहरू वा मौसमी वा अल्पकालिन कामदारहरूले भित्र्याउने वा पठाउने नगद र जिन्सी पर्दछन् ।

[३३] विश्व बैंक, २०१४ ।विश्व बैंक, २०१४ ।

[३४] संयुक्त राष्ट्र संघ, २०१४ ।

[३५] विश्व बैंक, २०१४ ।

**चित्र १७. विप्रेषण प्रवाहको प्रवृत्ति, सन् २००३/०४-२०१३/१४**




स्रोत : वैदेशिक रोजगार विभाग र नेपाल राष्ट्र बैंक ।

## वृहत आर्थिक स्थायीत्वका लागि योगदान

विप्रेषण आयले वृहत् आर्थिक स्थायीत्व कायम राख्नका लागि उल्लेखनीय योगदान पुऱ्याउँदछ भने यो अर्थतन्त्रका ६ मध्येको एउटा आधारस्तम्भ हो (अन्य आधारहरूमा लगानी, व्यापार, कृषि, जलस्रोत र पर्यटन हुन्) ।[३६] विप्रेषण आय भुक्तानी बचतको स्थानान्तरको समूह अन्तर्गत पर्दछ,[३७] । यस वर्गीकरण अन्तर्गत देशहरूले विश्वका अन्य देशहरूसँग आफ्नो मौद्रिक कारोबारको अभिलेखन गर्दछन् र यसमा चल्ति खाता,[३८] वित्तीय खाता, र पूँजिगत खाता संलग्न हुने गर्दछन् । अर्थतन्त्रको दीर्घकालीन विकासको प्रत्याभूति दिनका लागि भुक्तानी बचतमा स्थायीत्व कायम राख्नु मौद्रिक नीतिको प्रमुख नीतिहरूमध्येको एक हो ।[३९]

नेपाल राष्ट्र बैंकद्वारा वार्षिक रुपमा सञ्चालन गरिने आर्थिक सर्वेक्षणले देशको भुक्तानी सन्तुलनको व्यवस्थापन तर्फको योगदानलाई उजागर गरेको छ । यसैगरी, केन्द्रीय बैंकले तर्जुमा गरेको मौद्रिक नीति सन् २०१४/१५ मा उल्लेख भएअनुसार अत्यधिक मात्रामा भित्रिने गरेको विप्रेषण र वैदेशिक सहायताले चल्ति खातामा वृद्धि र भुक्तानी सन्तुलन तर्फ योगदान पुऱ्याएक छन् । सन् २००९/१०[४०] देखि चल्ति ट्रान्सफर आयमा विप्रेषण आयको हिस्सा निरन्तर रुपमा ८० प्रतिसतभन्दा बढी रहेको छ ।

नेपाल भित्रिने विप्रेषणमा भएको वृद्धिले वैदेशिक विनिमयको आरक्षणमा योगदान पुऱ्याउनुका साथै भुक्तानी सन्तुलनको अतिरिक्त बचतमा वृद्धि समेत भएको छ । वैदेशिक विनिमयको आरक्षण व्यापारिक मालसामान तथा सेवाहरूको आयातका लागि लगानी

[३६] श्रेष्ठ, २००८ ।

[३७] पन्त (२००६) ले उल्लेख गरेका छन् कि विप्रेषणका मापदण्डहरू मौज्दात भुक्तानीका तीन वटा पक्षहरूमा निम्न स्वरुपमा आधारित छन् : (१) कामदारहरूको विप्रेषण (कामदारले एक वर्षभन्दा बढी विदेशमा बसि पठाएको पैसा); (२) कामदारहरूको क्षतिपूर्ति (एक वर्षभन्दा बढी विदेशमा बसेका  कामदारहरूको कुल आम्दानी; र (३) आप्रवासीको स्थानान्तरण (एउटा देशबाट अर्को देशमा जाने गरेका आप्रवासीहरूको खुद सम्पत्ति) ।

[३८] चल्ति खातामा सामान, सेवा, आम्दानी र चल्तिको स्थानान्तरणको अभिलेखन गरिएको छ । चल्तिको स्थानान्तरणमा दान, सहयोग र अनुदानहरू, सरकारी सहायता र निवृत्तिभरण लगायत विप्रेषणहरू समावेश गरिएका छन् ।

[३९] नेपाल राष्ट्र बैंक सम्बन्धी ऐन, २००२ ।

[४०] आर्थिक सर्वेक्षण, २०१४/१५ ।

गर्न राष्ट्रिय अर्थतन्त्रका लागि आवश्यक पर्दछन् । सन् २००४/०५ को निर्यातभन्दा आयातको परिमाण २.५ गुणा उच्च थियो तर, यो सन् २०१३/१४ मा आकासिएर ८ गुणा उच्च हुन पुग्यो । नेपालले प्रति दिन रु. १ खर्व ५ अर्व बराबरको विप्रेषण प्राप्त गर्दछ । यो विप्रेषण नेपालको सामानहरू आयातका लागि आवश्यक पर्ने रकमको हिसावले सन्तोषजनक देखिन्छ[४१] । सन् २००४/०५ मा कुल ग्रार्हस्थ उत्पादनको रुपमा २२ प्रतिसतमा रहेको वैदेशिक विनिमय प्रतिस्थापन सन् २०१३/१४ मा वृद्धि भइ ३४.५ प्रतिसत हुन पुग्यो । सोही अवधिमा सन् २००४/०५ मा कुल ग्रार्हस्थ उत्पादनको ११.५ प्रतिसत विप्रषेणमा सन् २०१३/१४ मा वृद्धि भइ २८ प्रतिसत हुन पुग्यो ।[४२]

## गरिबी न्यूनीकरणमा योगदान

*शहस्राब्दी विकास लक्ष प्रगति प्रतिवेदन २०१३* अनुसार वैदेशिक रोजगारका लागि आफ्नो परिवारका सदस्यहरूलाई पठाउने परिवारहरूमा वैदेशिक रोजगार र विप्रेषणले उल्लेखनीय अनुपातमा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याएको कुरा अभिलेखगरिएको छ। तर यसको अन्य जनसङ्ख्या र आन्तरिक आप्रवासीहरूका माझ त्यस्तो योगदान देखिंदैन। सन् १०९० देखि २०१३ को बिचमा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ४२ प्रतिसतबाट २३.८ प्रतिसतमा घट्न पुग्यो। शहस्राब्दी विकास लक्षको प्रतिवेदनले पनि नेपालको गरिबीको स्तर घट्ने क्रममा सन् १९९६ र सन् २००४ को बिचमा १.५ प्रतिसतले र सन् २००४ र २०११ को बिचमा २.५ प्रतिसतले वृद्धि भएको उल्लेख गरेको छ। यसरी गरिबीको स्तर घट्ने क्रम वृद्धि हुनुमा सोही अवधिमा वृद्धि भएको श्रम स्वीकृतिको सङ्ख्यासँग मेल खान्छ।

गरिबी निवारणका लागि विप्रेषणको मुख्य प्रभाव परिवारको तहमा देखिएको छ। राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन् २०१०/२०११ अनुसार, विप्रेषण प्राप्त गर्ने सबै परिवारको विप्रेषणमा सन् १९९५/९६ को २३.४ प्रतिसतबाट वृद्धि भई सन् २०१०/११ म ५५.८ प्रतिसत हुन पुग्यो। प्राप्त गर्ने परिवारको कुल आयमा विप्रेषणको उल्लेखनीय हिस्सा रहेको छ : सम्पूर्ण परिवारमा रहेको केवल १७.६ प्रतिसतबाट[४३] सन् २०१०/११ मा ३०.९ प्रतिसतको हिस्सा (विश्व बैंक, २००९)[४४] । विश्व बैंकको जानकारीअनुसार विप्रेषणको अधिकांश मात्रा दैनिक उपभोग र ऋण भुक्तानीका लागि प्रयोग हुने गरेको छ। राष्ट्रिय जिवनस्तर सर्वेक्षण सन् २०१०/११ अनुसार परिवारले प्राप्त गर्ने कुल विप्रेषणको करिब ७९ प्रतिसत दैनिक उपभोगका लागि र ७ प्रतिसत ऋण भुक्तानीका लागि प्रयोग भएको थियो।

अनुसन्धेता र नीति निर्माताहरूले विप्रेषणको महत्वलाई विस्तृत रुपमा लेखाजोखा गरेअनुसार गरिबी न्यूनिकरणमा योगदान पुऱ्याइ रहेको विप्रेषण नेपालका लागि अपवाद होइन। उदाहरणका लागि, दक्षिण भारतको केरला राज्यबाट व्यापक रुपमा खाडी मुलकतर्फको श्रम आप्रवासनका कारण विप्रेषणमा भएको वृद्धिले त्यस राज्यको गरिबीको तह १२ प्रतिसतले घटाउन योगदान पुऱ्यायो।[४५] नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरूको सबभन्दा बढी सङ्ख्या भएको धनुषा जिल्लामा विप्रेषणको प्रभाव अध्ययन गरेर आप्रवासी कामदार पठाउने परिवारहरूको उपभोग आप्रवासी कामदार नपठाउने परिवारहरूको भन्दा उच्च पायो। यस्तो आयको अधिकांश हिस्सा खाद्यान्न र विहेवारीका लागि खर्च गर्ने गरिएको र बाँकी रकम जमिन खरिदका लागि खर्च गरेको पाइयो।[४६]

[४१] उही, पेज नं. ८९ ।

[४२] उही, पेज नं. ८९ ।

[४३] विश्व बैंकले सञ्चालन गरेको नेपालको आप्रवासन सर्वेक्षण २००९ को परिणामअनुसार ४० प्रतिसत विप्रेषण प्राप्त गर्ने परिवारहरू पूर्ण रुपमा विप्रेषणमा निर्भर रहेका थिए भने ४५ प्रतिसतले विप्रेषणको प्रयोग आफ्ना आधारभूत आवश्यकताहरूभन्दा पर अन्य कामका लागि प्रयोग गर्नु महत्वपूर्ण रहेको महसुस गरे। वास्तवमा, ६० प्रतिसत विप्रेषण प्राप्त गर्ने परिवारहरू (र १८ प्रतिसत नेपाली परिवारहरू) आफ्नो आधाभन्दा बढी आम्दानी विप्रेषणबाट प्राप्त गर्ने गर्दछन्।

[४४] नेपाल राष्ट्र बैंक, २०१५ ।

[४५] स्केल्डन, २००८ ।

[४६] नेपाल राष्ट्र बैंक, २०१२ ।

## श्रम व्यवस्थापनमा योगदान

राष्ट्रिय विकास योजनाहरूले वैदेशिक रोजगारलाई देशको वेरोजगार र न्यून रोजगारलाई सन्तुलत गर्ने महत्वपूर्ण रणनीतिको रुपमा पहिचान गरेको छ । हरेक वर्ष बजारमा प्रवेश गर्ने अनुमानित ४५०,००० श्रमिकहरूमध्ये अधिकांशले विदेशमा रोजगार पाउँदछन् । अन्तर्राष्ट्रिय श्रम आप्रवासन नेपालका लागि रोजागारीको महत्वपूर्ण पाटो भएको छ ।

देशभित्र रोजगारीका अवसरहरूको सिर्जना हुन नसक्दा र घरेलुश्रम बजार निष्क्रिय भएका कारण वैदेशिक रोजगार खासगरी अदक्ष र अर्ध-दक्ष श्रम शक्तिका लागि विकल्प भएको छ । सरकारद्वारा जारि गरिएका श्रम स्वीकृतिहरूमध्ये ७४ प्रतिसत अदक्ष, २५ प्रतिसत अर्ध-दक्ष र एक प्रतिसत दक्ष कामदारहरूका लागि छ ।

## अन्य योगदानहरू

यहाँ उल्लेख गरिएका योगदानहरू पूर्ण नभइ सबभन्दा बढीसतही हुन् । आप्रवासनको आर्थिक लाभ मानव विकासका पक्षहरूमा प्रतिविम्वित हुन्छन् । विप्रेषण सिङ्गो अवयव नभए तापनि यसले मानव विकासका लागि बल प्रदान गर्दछ । *नेपालको मानव विकास प्रतिवेदन २०१४* ले देखाएको छ कि विप्रेषण र पर्यटनबाट हुने आयमा सुधार भएका कारणसाक्षरता र शिक्षामा छलाङ्ग मार्ने पश्चिमी पहाड र पश्चिमी हिमालहरूजस्ता क्षेत्रहरूले उनीहरूको मानव विकास सूचकाङ्कमा तीव्र विकास गरेका छन् ।[४८] धनुषा जिल्लामा सञ्चालन गरेको अध्ययनबाट पत्ता लागेको छ कि विप्रेषण प्राप्त गर्ने परिवारहरूले विप्रेषण प्राप्त नगर्ने परिवारहरूले भन्दा बढी शिक्षा र स्वास्थ्यमा लगानी गरेका छन् र उनीहरूको सूचनामा बढी पहुँच थियो ।[४७]

यसका अतिरिक्त, आर्थिक विप्रेषणहरूलाई सामाजिक विप्रेषणको रुपमा मान्यता दिने बढ्दो अवधारणाहरू देखा परेका छन् ।[५०] सामाजिक विप्रेणहरूले वैदेशिक रोजगारको क्रममा आप्रवासी कामदारहरूले हासिल गर्ने सीप, बिचार, ज्ञान र सामाजिक सञ्जलासँग सम्बन्धित हुने गर्दछन् । "प्रतिभा पलायन"को दर्शन सामान्यतः बसाइ सराइको कुरामा लागु हुन्छ भने श्रमिक आप्रवासनको बारम्बारको गतिशीलताले बिचार तथा अभ्यासहरूको विनिमय मार्फत "प्रतिभा खपत"वा "प्रतिभा प्राप्ति"तर्फ उन्मुख गराउँदछ ।

नेपालको परिवेशमा अन्तर्राष्ट्रिय श्रम आप्रवासन र विकासका पक्षहरूसँग सम्बन्धित सीमित ज्ञान मात्र छ । हाम्रो मुख्य बुझाई आर्थिक विषयमा केन्द्रित छ - सर्वप्रथम विप्रेषणको विश्लेषण, जसले श्रम आप्रवासन र विकासलाई विस्तृत सामाजिक-आर्थिक एवं राजनैतिक ढाँचासँग जोड्ने काम गर्दैन । तसर्थ, श्रम आप्रवासन र राष्ट्रिय विकासका अन्य पक्षहरूको खोजी गर्नु उपयोगी हुन्छ ।

## छलफलक बुँदाहरू

**वैदेशिक रोजगारकाप्रवृत्तिहरू:** नेपाली अर्थतन्त्र वैदेशिक रोजगारका प्रवृत्तिहरूको वृद्धिसँग जोडिएको छ । वर्तमान प्रवृत्तिहरूले वैदेशिक रोजगारको स्वरुपमा निरन्तर वृद्धि भइरहेको देखाए तापनि यस्तो प्रवृत्ति कति लामो समयसम्म वा कुन स्तरसम्म कायम रहन सक्दछ भन्ने कुरा अनिश्चित छ । अध्ययनहरूले सुझाएका छन् कि खाडी सहयोग परिषद देशहरू र मलेसियामा आप्रवासी कामदारहरूको मागले भविष्यमा[५१] निरन्तरता पाउने छ । तर वैदेशिक रोजगारमा जानका लागि कामदारको निर्णयलाई बहु पक्षहरूले प्रभाव पार्दछन् (अन्तर्राष्ट्रिय बजारको मागले मात्र होइन) । श्रम स्वीकृति जारी गरिएको सङ्ख्यामा समग्र वृद्धि वैदेशिक रोजगारको प्रवृत्तिको एउटा पक्ष मात्र हो । यससँग जोडिएका प्रवृत्तिहरूलाई राष्ट्रिय विकासको दृष्टिकोणबाट हेर्नु पनि आवश्यक हुन्छ । उदाहरणका लागि, नेपालको दक्षिण-पूर्वी तराइको भागहरूमा आप्रवासी कामदारहरूको भौगोलिक उत्पत्तिको केन्द्र र त्यस क्षेत्रका लागि त्यसको प्रभावका वारेमा कम मात्र जानकारी छ । खोजीगर्नुपर्ने अर्को पक्ष देशको मध्य-पश्चिम र सुदुर-पश्चिमबाट श्रमिक आप्रवासीहरूको सङ्ख्याको बारेमा हो ।

[४७] सहश्राब्दी विकास लक्ष्य प्रगति प्रतिवेदन, २०१३ ।

[४८] नेपाल मानव विकास प्रतिवेदन, २०१४ ।

[४९] नेपाल राष्ट्र बैंक, २०१२ ।

[५०] लेभिट, २००१ ।

[५१] आप्रवासन र विकास सङ्क्षिप्त जानकारी । जिआइजेड र आइएलओ (२०१५) श्रम बजारको प्रवृत्ति विश्लेषण र दक्षिण एसियाबाट खाडी सहायता परिषद देशहरू, भारत र मलेसियाका लागि श्रम आप्रवासन ।

**विप्रेषणहरू :** विप्रेषणहरूको भूमिका निसन्देह रुपमा गरिबी घटाउनु भए तापनि तिनीहरू विकासका लागि समाधान भने होइनन् । विप्रेषणहरूले तीब्र गतिमा गरिबी घटाउने काममा मद्धत पुऱ्याउँदा पुऱ्याउँदै पनि देशको समग्र आर्थिक बृद्धि सन्तोषजनक हुन सकेको छैन र विगतको दशकमा आर्थिक वृद्धि औसत रुपमा ४.१ प्रतिसत रहन पुग्यो ।[५३] राजनीतिक र आर्थिक सुधार बेगर विकास गर्न खोज्दा सावधानी अपनाउनु पर्ने हुन्छ किनभने यसले मुद्रा स्फीति तथा सकारात्मक परिवर्तनभन्दा बढी ठूलो असमानतातर्फ डोऱ्याउने सम्भावना रहन्छ ।[५४] विप्रेषणहरूको ठूलो प्रवाहलाई व्यवस्थापन गर्नु जोखिमपूर्ण हुन सक्दछ । विश्व बैंकले नेपालमा सन् २००७ र सन् २०११ को बिचमा उच्च तहको विप्रेषणको परिवेशमा तरलतालाई व्यवस्थापनसँग सम्बन्धित विषयको मामिला अध्ययनअनुसार, विप्रेषणको प्रवाहमा एक्कासी भएको वृद्धिले बैंकिङ्ग प्रणालीमा ठूलो राशिको तरलताको विजारोपण गऱ्यो । यसको परिणामस्वरुप, तीब्र रुपमा आन्तरिक ऋणमा वृद्धि गराउनुका साथै अस्थीर रुपमा घरजग्गा र स्टक मार्केटको मूल्यमा वृद्धि गरायो ।[५५] विप्रेषणसँग सम्बन्धित असमानताहरूपनि उजागर भइरहेका छन् । राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन् २०१०/११ ले के उजागर गऱ्यो भने सबभन्दा गरिब र सबभन्दा धनी उपभोग क्विन्टाइल्सका व्यक्तिले प्राप्त गरेको प्रति व्यक्ति विप्रेषणको बिचमा विशाल अन्तर छ । यसबाट के जानकारी मिल्दछ भने आप्रवासी जनसङ्ख्याबिच वैदेशिक रोजगारका अवसर र लाभहरू समान रुपमा वितरण भएका छैनन् ।
परिवारहरूले विप्रेषणलाई उत्पादनशील रुपमा प्रयोग गर्न नसकेको कुरा व्यापक जानकारीमा छ। विप्रेषण प्राप्त गर्ने परिवारहरूको उपभोगको स्वरुपलाई मानव पूँजिका लागि लगानी गरेको देखिएको छ, तर उत्पादनशील कार्यका लागि प्रयोग नगर्ने हो भने यसले वैदेशिक रोजगारतर्फको परनिर्भरता तर्फ डोऱ्याउन सक्दछ। यसका साथै, विप्रेषण आयको दीर्घकालीन र अल्पकालीन हिसाबले वृहद आर्थिक सूचकहरूमा पर्न सक्ने प्रभावका बारेमा थप अनुसन्धानको पनि आवश्यकता देखिन्छ। एउटा नयाँ अध्ययनको परिणामअनुसार, विप्रेषणको अधिकांश आयलाई दैनिक उपभोग्य वा विलाशिता र टिकाउ सामानहरूको आयातमा खर्च गरिएको देखिन्छ। यसले आयातको मागको गतिलाई वृद्धि गरिरहेको छ। परिणामस्वरुप, अन्त्यमा बढ्दो व्यापार घाटातर्फ डोऱ्याउने र परिवारले आम्दानीलाई प्रयोग गर्ने तरिकाले विकासका लागि विप्रेषणको आधारभूत भूमिका निर्धारण हुने देखिन्छ।[५६]

**वैदेशिक रोगजार तथा राष्ट्रिय विकास :** वैदेशिक रोजगारका लाभहरूलाई सन् २०१५ पश्चात राष्ट्रिय विकासमा कसरी जोड्न सकिन्छ भन्ने विषयमा अझ विस्तृत जानकारी हासिल गर्नुपर्ने आवश्यकता रहेको छ। खासगरी, दिगो विकासका लक्ष्यहरू हासिल गर्न र सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रको हैसियतबाट स्तरोन्नती गर्नका लागि योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने सवालहरू सान्दर्भिक छन्। यी सवालहरू परिवारको तहमा विप्रेषणलाई अझ बढी प्रभावकारी तवरले प्रयोग गर्ने (उत्पादनशील प्रयोगका लागि) देखि लिएर विप्रेषणको आयलाई वृहद तहसम्म (विप्रेषणलाई विकासका लागि आर्थिक लगानी गर्ने नयाँ स्रोतको रुपमा लिंदै) लगानी गर्ने सम्मका हुन।आप्रवासी कामदारहरूको सामाजिक विप्रेषणलाई उपयोग गर्ने विधिहरू पनि छलफलको एउटा बुँदा हुन सक्दछ। नेपालमा सन् २०१५ आएको विनाशकारी भूकम्प पश्चातको पुनर्लाभ र पुनःनिर्माणका लागि श्रमिक आप्रवासीहरूको आर्थिक र सामाजिक विप्रेषणलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा सोच्नु पर्ने तत्कालीन आवश्यकता रहेको छ।

[५३] आर्थिक सर्वेक्षण, २०१५ ।
[५४] क्यासल्स, २००८ ।
[५५] विश्व बैंक, २०१३ ।
[५६] भट्ट, २०१३।नेपालमा विप्रेषण र ब्यापार घाटाको सम्बन्धः एउटा भिइसिएम पद्धत्ति । इकोनोमिक रिभ्यू २३ (१) ।

## ४.२ भूकम्प, वैदेशिक रोजगार र विपद् पश्चातको आवश्यकताहरू

२५ अप्रिल २०१५ का दिन नेपाललाई ७.६ म्याग्निच्यूड्को शक्तिशाली भूकम्पले हल्लायो । यसको परिणामस्वरुप, ठूलो सङ्ख्यामा जनधनको क्षति हुनुका साथै दैनिक जीवन कष्टकर हुन पुग्यो । थुप्रै सङ्ख्यामा महिनौंसम्म आएका परकम्पहरू उत्तिकै खतरनाक थिए जसले बाढि, तथा अन्य थुप्रै नोक्सानी र क्षति पुऱ्याए । देशको ४५ जिल्लामा कुल ८,८९६ व्यक्तिहरू (३,९७२ पुरुष र ४९१८ महिलाहरू, ६ पहिचान हुन नसकेका सहित) को मृत्यु भयो, २२,३०२ जना व्यक्तिहरू घाएते भए, करिब ९० लाख घरहरू पूरै वा आंशिक रुपमा ध्वस्त भए ।[५७] प्रभावित जिल्लाहरूमध्ये प्राथमिकताका आधारमा उद्धार तथा राहत सञ्चालन गर्ने उद्देश्यले १४ जिल्लाहरू (भक्तपुर, धादिङ, दोलखा, गोर्खा, काठमाडौं, काभ्रेपलान्चोक, ललितपुर, मकवानपुर, नुवाकोट, ओखलढुङ्गा, रामेछाप, रसुवा, सिन्धुली र सिन्धुपालचोक) लाई "सङ्कट ग्रस्त" जिल्लाको रुपमा घोषणा गरिएको थियो । करिब प्रत्येक सङ्कट ग्रस्त जिल्लामध्येबाटै मानिसहरूको हताहत भएको थियो ।

सरकारले सञ्चालन गरेको विपद् पश्चातको आवश्यकता आँकलनले[५८] सामाजिक, उत्पानशील र पूर्वाधार क्षेत्रहरू तथा अन्तर्विषयगत सवालहरूमा[५९] कुल ७,०६५ मिलियन अमेरिकी डलरको क्षति भएको अनुमान गऱ्यो । आवास र मानव बस्तिहरूको बिनास भएका कारण अनुमानित ४,०८६ मिलियन अमेरिकी डलरको सबभन्दा ठूलो नोक्सान र क्षति सामाजिक क्षेत्रहरूमा हुन पुग्यो । उत्पादनका क्षेत्रहरूमा व्यक्तिगत आयमा भएको अनुमानित १,७१२ मिलियन अमेरिकी डलरको नोक्सानीका साथै उत्पादनशील क्षेत्रमा अनुमानित १,७८२ मिलियन अमेरिकी डलरकोक्षति भयो । सबभन्दा बढी प्रभावित क्षेत्रहरू पर्यटन, वित्तीय र कृषि क्षेत्र थिए । भूकम्पपश्चात, सबभन्दा बढी प्रभावित जिल्लाहरूमा विदेशबाट धेरै आप्रवासीहरू आफ्नो परिवारको साथमा रहन र उत्थानशील पूर्वाधारहरूका लागि घर पर्किए ।

श्रम स्वीकृति जारी गरिएको सङ्ख्यामा भएको गिरावटसँगै वैदेशिक रोजगारमा भूकम्पको तात्कालिक प्रभाव नकारात्मक थियो । भूकम्पभन्दा अघिल्लो तीन महिनामा औसत मासिक ४८,५३७ श्रम स्वीकृति जारी गरिएको थियो भने भूकम्प पछिको तीन महिनामा (भूकम्प आएको महिना समेत) श्रम स्वीकृति जारी गरिएको औसत सङ्ख्या ३१,९७९ मा झऱ्यो (तालिका १८) ।

**तालिका १८. अप्रिल २०१५ को भूकम्प अघि र पछिको श्रम आप्रवासनको प्रवाह**

| भूकम्प अघि र पछिका महिनाहरू | मासिक रुपमा जारी गरिएका श्रम स्वीकृतिहरू | |
|---|---|---|
| महिना १ (माघ) | ४८ ९४१ | औसत ४८ ५३७ |
| महिना २ (फाल्गुण) | ४४ ४६० | |
| महिना ३ (चैत्र २०७१) | ५२ २१० | |
| महिना १ (वैशाक - भूकम्प गएको महिना) | ३१ ३७५ | औसत ३१ ९७९ |
| महिना २ (जेष्ठ) | ३७ ९६२ | |
| महिना ३ (आषाढ) | २६ ६०० | |

स्रोत : वैदेशिक रोजगार विभाग

[५७] हेर्नुहोस् drrportal.gov.np

[५८] विपद् पश्चातको आवश्यकता आँकलन भूकम्पले पुऱ्याएको क्षति, नोक्सान र आवश्यकताहरूको क्षेत्रगत र अन्तरविषयक क्षेत्रगत विश्लेषणको सबभन्दा बढी विस्तृत र आधिकारिक दस्तावेज हो । प्रतिवेदनको यो खण्ड उल्लेख गरेको अवस्थामा बाहेक मुख्यतः त्यस आँकलनको अनुमानमा आधारित छ । यो प्रतिवेदन राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको थियो ।

[५९] सामाजिक क्षेत्रहरू : आवास र मानव बस्ती, स्वास्थ्य, शिक्षा, साँस्कृतिक धरोहर; उत्पादनशील क्षेत्रहरू : कृषि, सिंचाइ, बाणिज्य, उद्योग, पर्यटन, बित्तीय; पूर्वाधार क्षेत्रहरू : विद्युत, सञ्चार, सामुदायिक पूर्वाधार, यातायात, खानेपानी तथा सरसफाइ; अन्तर्विषयक सवालहरू : शासन, विपद् जोखिम न्यूनीकरण, वातावरण र वन ।

यसरी गिरावट भएको उल्लेखनीय सङ्ख्या अनपेक्षित थियो । यस अनुसन्धानको प्रतिवेदनको समयमा मासिक जिल्ला तथ्याङ्क उपलब्ध नभए तापनि के अनुमान गर्न सकिन्छ भने १४ वटा सबभन्दा बढी सङ्कट ग्रस्त जिल्लाबाट श्रम आप्रवासीको सङ्ख्यामा आएको गिरावटले तात्कालिक गिरावट भएको हो । सबै सङ्कटग्रस्त जिल्लाहरूले अघिल्लो वर्षको तुलनामा सन् २०१४/१५ मा श्रम स्वीकृति जारी गरिएको सङ्ख्यामा समग्र गिरावटको अनुभव गर्नु पऱ्यो (जिल्लाको तथ्याङ्का लागि अनुसूचि ह्न्ट हेर्नुहोस्) । सङ्कट ग्रस्त १४ जिल्लाहरूमा सन् २०१४/१५ मा जारी गरिएको सम्पूर्ण श्रम स्वीकृतिको २१ प्रतिसत तथ्याङ्क थियो ।

सबभन्दा बढी सङ्ख्यामा वैदेशिक श्रम आप्रवासीहरू भएको देशको दक्षिण पूर्वी समथर क्षेत्रलाई विनाशकारी भूकम्पको प्रभाव नपरेको कारण आप्रवासीको प्रवाहमा प्रभाव परेको देखिंदैन । अन्य पक्षहरूले पनि समग्र प्रवृत्तिलाई प्रभाव पारे । उदाहरणका लागि, भूकम्पको दुई महिना पछि असार (जुन र जुलाई) मा गिरावट (जारी गरिएको श्रम स्वीकृतिमा २६,६०० मा झरेको) म्यानपावर एजेन्सीहरूको १८ दिने हडताल र बन्दसँग सम्बन्धित थियो ।[६०]

वैदेशिक रोजगारमा विनाशकारी भूकम्पको दीर्घकालीन प्रभाव हेर्न बाँकी नै छ । तर, गरिबीको प्रकोपलाई मध्यनजर राख्दा, वेरोजगारी, जीविकोपार्जनमा भएको क्षति र नोक्सान र क्षतिबाट प्रतिलाभ प्राप्त गर्नका लागि आवश्यक पर्ने समयलाई मध्यनजर राख्दा भविष्यमा खासगरी सङ्कट ग्रस्त जिल्लाहरूबाट श्रम आप्रवासीहरूको सङ्ख्यामा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । विश्व बैंकको नमुनालाई उद्धृत गर्दै विपद् पश्चातको आवश्यकता आँकलन प्रतिवेदनले सन् २०१५/१६ मा देशको २.५-३.५ प्रतिसत जनसङ्ख्यालाई थप गरिबीतर्फ धकेल्ने छ । यसको परिणामअनुसार, कम्तिमा पनि थप ७००,००० थप मानिसहरू गरिब हुनेछन् ।

त्यसैगरी विभिन्न क्षेत्रहरूमा रोजगारीमा उल्लेख्य रुपमा क्षति भएको छ । करिब ६० प्रतिसत श्रम शक्ति रहेको नेपालको सबभन्दा ठूलो रोजगारीको कृषि क्षेत्रले अनुमानित २८३ मिलियन अमेरिकी डलरको ठूलो क्षति र नोक्सान भोग्नु पऱ्यो जसले भविष्यमा उत्पादनमा प्रभाव पार्ने सम्भावना छ । यसैगरी, करिब ५००,००० व्यक्तिहरू वा ३.५ प्रतिसत श्रम शक्तिका लागि रोजगार सिर्जना गर्ने पर्यटन क्षेत्रले ठूलो क्षति ब्यहोर्नु पऱ्यो । भूकम्पले धेरै सांस्कृतिक धरोहर र पर्यटकीयट्रेकिङ्ग रुटहरू बिनास गऱ्यो । लघु व्यवसाय तथा घरेलु उद्योगमा भएको क्षतिसँगै वाणिज्य तथा उद्योगले पनि ठूलो क्षतिको सामना गर्नु पऱ्यो । हालैका वर्षहरूमा, यी रोजगारीका क्षेत्रहरूमा महिलाहरूको ठूलो सहभागिता रहेको थियो ।

यसभन्दा पहिले उल्लेख गरिएजस्तो विनाशकारी भूकम्पबाट सिर्जित गरिबी र बेरोजगार मात्र वैदेशिक रोजगारका प्रवृत्तिहरूमा प्रभाव पार्ने अवयवहरूहोइनन् । विपद् पछिको पुनःर्लाभ र पुनःनिर्माणका लागि सरकारको कार्य सम्पादनका साथै अन्य ठूला सामाजिक एवं राजनैतिक अवयवहरूले पनि आप्रवासनका प्रवृत्तिहरूलाई प्रभाव पार्ने छन् ।

भूकम्प पश्चातवैदेशिक रोजगार श्रम व्यवस्थापनको एउटा अवयवको रुपमा रहेको भन्ने छलफलको मुख्य बुँदाको अर्थ पुनःर्लाभ र पुनःर्निर्माणको आवश्यकतालाई पूर्ति गर्न श्रमिकको मागर आपूर्तिलाई सन्तुलन गर्नु हो । विपद् पश्चातको आवश्यकता आँकलन प्रतिवेदनले केही क्षेत्रहरूमा प्रकास पारेको छ, जसका लागि पुनर्लाभर पुनःनिर्माणको चरणमा ठूलो सङ्ख्यामा कामदारहरूको आवश्यकता पर्नेछ : आवास पुनःनिर्माणका लागि करिब ७००,००० कामदारहरू चाहिने अनुमान गरिएको छ जसमध्ये ४६ प्रतिसत डकर्मीजस्ता दक्ष कामदारहरूको आवश्यकता पर्नेछ । खाडी सहयोग परिषद देशहरू र मलसियामा अदक्ष र अर्ध दक्ष श्रमिकहरूले रोजगारी प्राप्त गर्ने सबभन्दा ठूलो क्षेत्र निर्माण क्षेत्र हो । यी मुलुकहरूमा ठूलो सङ्ख्यामा नेपाली कामदारहरू पनि रहेका छन् ।[६१] आवास क्षेत्रको पुनःर्लाभ र पुनःनिर्माण का लागि आवश्यक पर्ने अनुभवि र सीपयुक्त फिर्ति भएका आप्रवासीहरूको

[६०] म्यानपावर एजेन्सीहरूले बाह्य मुलुकका कामदारहरूका लागि “निःशुल्क भिषा र टिकटको प्रावधान” को कार्यान्वयनको विरुद्धमा जुलाईमा विरोध स्वरुप १८ दिनसम्म आफ्ना सेवाहरू बन्द गरे । जुलाई ६ देखि लागु भएको यस प्रावधान अन्तर्गत रोजगारदाताहरूले म्यानपावर एजेन्सीहरूलाई सेवा शुल्क नतिरेको खण्डमा मात्र अधिकतम रु. १०,००० अन्यथा निःशुल्क रुपमा आप्रवासी कामदारहरूले सातवटा गन्तव्य मुलुकहरू तर्फ प्रस्थान गर्न सक्थे - बहराइन, कुवेत, मलेसिया, ओमान, कतार, साउदी अरेबीया र युनाइटेड अरब इमिरेट्स् ।

[६१] जिआइजेड र आइएलओ, २०१५ । दक्षिण एसियाबाट खाडी सहायता परिषद देशहरू, भारत र मलेसियाका लागि श्रब बजार विश्लेषण र श्रम आप्रवासन, २०१५ ।

सीप र अनुभवको उपयोग गर्ने अवसर पनि छ । यसका अतिरिक्त, अन्य प्रभावित क्षेत्रहरूको वेरोजगारीको स्थितिले वैदेशिक रोजगारलाई आवास क्षेत्रमा मोड्न सक्दछ । परिणामस्वरुप, सीपयुक्त वा अनुभवि श्रमिकहरू र इच्छुक श्रमिक आप्रवासीहरूको बिचमा सामाजिक विप्रेषणको विनिमय गर्ने अवसरको सिर्जना हुन्छ ।

समान खाले व्यवस्थापन अन्य क्षेत्रहरूमा पनि परीक्षण गर्न सकिन्छ । वाणिज्य तथा उद्योगहरूमा कामदारहरूको अभाव भएका कारण भारतीय कामदारले काम गरिरहेका छन् । यस्तो अभावलाई स्थानीय श्रमिकलाई सम्बन्धित प्रयोजनका लागि तालिम प्रदान गरेर पूर्ति गर्न सकिन्छ । हज्जारौं कामदारहरू समान खाले रोजगारीका लागि देश छोडिरहेको अवस्थामा उनीहरूलाई उपयोग गरेर देशभित्रको श्रमिकको अभावलाई पूर्ति गर्न सकिन्छ । तसर्थ, सबै क्षेत्रहरूसँग वृहत परामर्श गरेर यस सवाललाई सम्बोधन गर्नु टड्कारो आवश्यकता भएको छ ।

## ४.३ वैदेशिक रोजगारमा महिला

वैदेशिक रोजगारमा महिला देशमा महिलाहरूमाभ्क समग्र रोजगारको प्रवृत्तिमापरिवर्तनकोमहत्वपूर्ण अंश हुन् । हालैको सरकारी प्रतिवेदनले[६२] उजागर गरेअनुसार गैर कृषि क्षेत्रमा सन् १९९० र २०१० को बिचमा १७ - २० प्रतिसतको हाराहारीमा रहेको ज्याला मजदुरीमा महिलाहरूको हिस्सा सन् २०१३ मा वृद्धि भइ ४४.८ प्रतिसत पुगेको थियो । यस्तो तिव्र वृद्धि त्यसबेला देखा पऱ्यो जुनबेला (सन् २०११/१२) मा श्रम स्वीकृति पाउने महिलाहरूको कुल सङ्ख्या दोब्बरभन्दा बढी भएको थियो । सम्पूर्ण आप्रवासीमध्ये सन् २०१२र१३ मा महिलाहरूको अनुपात ६.२ प्रतिसत पुग्यो ।

वैदेशिक रोजगारमा महिलाहरूको सहभागिता विगतको दशकमा उल्लेख्य रुपमा वृद्धि भएको छ । खासगरी, पहिलो दुई र आधा दशकमा भएको मन्द वृद्धिको तुलनामा विगत पाँच वर्ष (सन् २०१०/११-२०१४/१५) मा महिला आप्रवासी कामदारहरूको सङ्ख्यामा तीव्र वृद्धि भएको छ । पूर्व श्रम तथा रोजगार प्रवर्द्धन विभाग (२००१)[६३] बाट उपलब्ध अभिलेखले सन् १९८५ र २००१ को बिचमा केवल वार्षिक औसत १० जनाको अनुपातमा १६१ जना महिलाहरू वैदेशिक रोजगारका लागि गएको देखाएको थियो । यो अनुपातमा सरकारी अभिलेखको तथ्य अनुसार सन् २००० को मध्य सम्ममा उल्लेखनीय रुपमा वृद्धि भएको छ । यस सङ्ख्यालाई हेर्दा सन् २००६/०७ मा महिलाहरूका लागि ३९० वटा श्रम स्वीकृति जारी गरिएको थियो भने सन् २००७/०८ मा ४,६८५ श्रम स्वीकृति जारी गरिएको थियो । यो सङ्ख्या गत आर्थिक वर्षको अपवाद बाहेक हरेक वर्ष निरपेक्ष सङ्ख्यामा वृद्धि भइरहेको छ । गत आर्थिक वर्षमा वैदेशिक रोजगारको प्रवृत्तिलाई भूकम्पले प्रत्यक्ष प्रभाव पारेको थियो । वैदेशिक रोजगारमा सबभन्दा बढी सङ्ख्या भएको सिन्धुपालचोक मानव तथा पूर्वाधार क्षतिका हिसाबले सबभन्दा बढी प्रभावित भएको जिल्ला मध्येको एक थियो ।

[६२] राष्ट्रिय योजना आयोग, २०१३, पेज नं. ३१ । शहस्राब्दी विकास लक्ष प्रगति प्रतिवेदन, पेज नं. ३१ ।
[६३] आइएलओ, २००४, पेज नं. २८ । गणेश गुरुङ्ग ।

**तालिका १९. जारी गरिएका श्रम स्वीकृतिको लैङ्गिक वार्षिक वर्गिकृत तथ्याङ्क**

| आ. व. | जारी भएको श्रम स्वीकृतिको वार्षिक वृद्धि दर | निरपेक्ष सङ्ख्यामा वृद्धि दर (पुरुष) | निरपेक्ष सङ्ख्यामा वृद्धि दर (महिला) | कुल आप्रवासीहरूको प्रतिसत (पुरुष) | कुल आप्रवासीहरूको प्रतिसत (महिला) |
|---|---|---|---|---|---|
| २००८/०९ | – | – | – | ९६.१ % | ३.९ % |
| २००९/१० | ३३.७० % | ३४.३७ % | १७.० % | ९६.६ % | ३.४ % |
| २०१०/११ | २०.६१ % | २१.२१ % | ३.६ % | ९७.१ % | २.९ % |
| २०११/१२ | ८.४४ % | ५.०५ % | १२०.४ % | ९४.० % | ६.० % |
| २०१२/१३ | १७.२१ % | १६.९७ % | २०.९४ % | ९३.८५ % | ६.१५ % |
| २०१३/१४ | १५.२४ % | १५.९२ % | ४.८७ % | ९४.४ % | ५.६० % |
| २०१४/१५ | –३.८ % | –२.५१ % | –२६.४४ % | ९५.७२ % | ४.२८ % |

स्रोत : वैदेशिक रोजगार विभाग ।

तथापि, वैदेशिक रोजगारसँग सम्बन्धित कानुनको प्रारम्भ देखि नै वैदेशिक रोजगारमा महिला सहभागिता सरकारद्वारा ज्यादै नियमन गरिएको एउटा विषय हो । एसियाका केही मुलुकहरूजस्तै नेपालले महिलाहरूलाई वैदेशिक रोजगारमा अतिरिक्त सर्तहरू तथा विभिन्न प्रतिबन्धहरू अवलम्वन गरको छ । उदाहरणका लागि, सन् १९८५ को वैदेशिक रोजगार ऐनले महिलाहरूलाई आफ्नो अभिभावकको स्वीकृति बिना देश छोड्न निषेध गऱ्यो । सन् १९९८ को ऐनमा भएको दोस्रो संसोधनले यसको प्रतिबन्धात्मक प्रावधानलाई कायम राख्नुका साथै अभिभावका अतिरिक्त सरकारको समेत अनुमति चाहिने प्रावधान थप गऱ्यो । नेपाली घरेलु कामदारहरूको कुवेतमा मृत्यु भएपश्चात सरकारले नेपाली महिला कामदारहरूका लागि खाडी सहयोग परिषद देशहरूमा जान पूर्ण प्रतिबन्ध लगायो । यो प्रतिबन्ध महिलाहरूका लागि औपचारिक क्षेत्रको कामका लागि मात्र सन् २००३ मा आंशिक रुपमा हटाइयो भने घरेलु कामका लागि अझै प्रतिबन्धित थियो । विदेश जाने कामदारहरूका लागि रक्षात्मक संयन्त्रहरू लागु गरेपछि सन् २०१० मा यो प्रतिबन्ध हटाइयो, तर सन् २०१२ मा ३० वर्ष मुनिका कुनै पनि महिलाहरूलाई घरेलु कामका लागि मध्यपूर्वमा जान रोक लगाउने उद्देश्यले पूनः लागु गरियो । तथापि, यी विभिन्न सर्त एवं प्रतिबन्धहरूको उद्देश्य महिलाहरूलाई लामो कार्य समय, लैङ्गिक हिंसा, शारीरिक दुर्व्यवहार र आर्थिक शोषण लगायतका धेरै जोखिमहरूबाट बचाउनका लागि थियो । तर यो नीति प्रभावकारी हुन नसकेको हुनाले यसको गम्भीर आलोचना भयो । नेपाली युवतीहरू घरेलु कामका लागि अनियमित माध्यमद्वारा औपचारिक प्रणाली प्रदान गर्न सक्ने कुनै पनि सुरक्षाको प्रत्याभूति बेगर मध्यपूर्वका देशहरूमा जाने क्रम रोकिएन ।

**तालिका २०. महिला आप्रवासी कामदारहरूको आवतजावतमा सरकारको रोक**

| समयावधि | प्रतिबन्धको स्वरुप |
|---|---|
| १९८५-१९९८ | महिलाहरूलाई वैदेशिक रोजगारमा जानका लागि अभिभावक (आमाबाबु, लोग्ने वा अन्य नातेदार) को स्वीकृति आवश्यक पर्‍यो । |
| १९९८-२००३ | खाडी मुलुकमा महिलाहरूको आप्रवासनमा पूर्ण प्रतिबन्ध । |
| २००३-२०१० | खाडी मुलुकमा महिलाहरूको आप्रवासनमा आंशिक प्रतिबन्ध । |
| जनवरी २००९-मे २००९ | लेबननमा घरेलु कामदारको रुपमा महिलालाई जान पूर्ण प्रतिबन्ध । |
| २०१२ - मे २०१४ | खाडी मुलुकमा ३० वर्ष मुनिका महिलाहरूलाई घरेलु कामदारको रुपमा जान निषेध । |
| मे २०१४ - अप्रिल २०१५ | खाडी मुलुकमा सबै उमेरका आप्रवासी महिलाहरूलाई घरेलु कामदारको रुपमा भर्ति हुन पूर्ण प्रतिबन्ध । |
| अप्रिल २०१५ पश्चात (कार्यान्वयनका लागि विचाराधिनमा रहेको) | खाडी मुलुकमा २५ वर्ष मुनिका महिलाहरूलाई घरेलु कामदारको रुपमा काम गर्न निषेध । |

दृढ संकल्पी आप्रवासीहरूको अनियमित माध्यमको प्रयोगलाई मध्यनजर गर्दै सरकारले नीतिमा पुनरावलोकन गरी वैदेशिक रोजगारका लागि घरेलु कामदार पठाउने व्यवस्थापन सम्बन्धी निर्देशिका, २०१५ जारी गर्‍यो । यस निर्देशिकाले बहराइन, कुवेत, लेवनन, मलेसिया, कतार, साउदी अरेबीया र युनाइटेड अरब इमिरेट्समा घरेलु कामका लागि जान चाहने महिलाहरूका लागि न्यूनतम उमेरको मापदण्डलाई घटाइ २४ वर्षमा झार्‍यो ।

वैदेशिक रोजगारका लागि महिलाहरूको सङ्ख्यामा हुने गरेको उतारचढाव सरकारले बखत बखत लिएका नियन्त्रणमुखी कदमहरूमा उजागर भएको छ । सन् २०१० मा महिलाहरूलाई वैदेशिक रोजगारमा जाने प्रतिबन्ध फुकुवा गरेपछि अघिल्लो वर्षको तुलनामा सन् २०११/१२ मा महिलाहरूका लागि जारी गरिएको श्रम स्वीकृतिको सङ्ख्यामा १२० प्रतिसतले वृद्धि भएको थियो । यस्तो वृद्धि सबै आप्रवासीहरूबिच महिलाहरूको अनुपात उल्लेख्य रुपमा २.९ प्रतिसतबाट ६ प्रतिसतमा वृद्धि भयो । जब सन् २०१२ मा यो प्रतिबन्ध पुनः लगाइयो, निरपेक्ष सङ्ख्याको वृद्धि दर घट्नुका साथै पछिल्लो आर्थिक वर्षमा आप्रवासी कामदारहरूको कुल हिस्सामा गिरावट आएको थियो ।

सरकारका नीतिहरू मात्र महिलाहरूले वैदेशिक रोजगार अवलम्वन गर्ने निर्णायक पक्षहरू होइनन् । सामाजिक-सांस्कृतिक मान्यताहरू र परिवारमा महिलाहरूको छोरी, श्रीमति र आमाहरूको भूमिकाको कारणले पनि स्रोत विनियोजनको लागि निर्णय प्रक्रियामा प्रभाव पर्दछ, जसको परिणामस्वरुप, आप्रवासनका लागि महिलाहरूको सम्भावनामा असर पर्दछ ।

## ४.४ विद्यार्थी भिसा र रोजगार

पर्यटकहरू, आप्रवासीहरू, विद्यार्थीहरू, शरणार्थीहरू, निर्वासितहरू, प्रवासीहरू र पाहुना कामदारहरूको निर्वाध प्रवाह विश्वव्यापी विषय भएको छ। नेपाल पनि यसका लागि अपवादमा पर्दैन। नेपाली विद्यार्थीहरूले समुद्रपार मुलुकहरूमा अध्ययन गर्ने कुरा सामान्य विषय भएको छ। हालका वर्षहरूमा अधिकांश विद्यार्थीहरू कम्पनी रजिष्ट्रारको कार्यालय तथा शिक्षा मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखामा दर्ता भएका शैक्षिक परामर्शदाता कम्पनीहरूको सहयोग लिई विदेशमा अध्ययन गर्न जाने गर्दछन्।

शिक्षा मन्त्रालयले विदेशमा अध्ययन गर्न जानका लागि भिसा प्राप्त गरिसकेका विद्यार्थीहरूका लागि "वैदेशिक अध्ययन अनुमति पत्र"प्रदान गर्दछ (तालिका २१)। विद्यार्थीहरूले आफ्नो पढाइ शुल्क तिर्नका लागि आवश्यक पर्ने विदेशी मुद्रा सटहीका लगि वैदेशिक अध्ययन अनुमति पत्र अनिवार्य कागजात हो। नेपालबाट निर्वाध रुपमा विद्यार्थीहरूको प्रवाह, वित्तीय प्रवाह र उनीहरूको अध्ययनको अवधि र स्नातकोत्तर सम्पन्न भइसकेपछिको रोजगारीको क्रममा आर्जन गर्ने आयसँग जोडिएको हुन्छ। तसर्थ, विदेशको अध्ययन र वैदेशिक रोजगारीलाई एउटा झिनो रेखाले छुट्याउँदछ। "विद्यार्थीहरू"लाई अध्ययनका नाममा वैदेशिक रोजगारमा पठाइएका थुप्रै घटनाहरू उजागर भएका छन्।

**तालिका २१. नेपाल सरकारद्वारा जारी गरिएको "वैदेशिक अध्ययन अनुमति पत्रहरू"**

| | देश | आ. व. २०१०/११ | देश | आ. व. २०११/१२ | देश | आ. व. २०१२/१३ | देश | आ. व. २०१३/१४ | देश | आ. व. २०१४/१५ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संयुक्त अधिराज्य | ३ १४० | अस्ट्रेलिया | ३ ६४४ | अस्ट्रेलिया | ४ ४०८ | अस्ट्रेलिया | ११ १८४ | जापान | ९ ४५७ |
| २ | अस्ट्रेलिया | २ ३४१ | जपान | १ ३१० | जापान | ४ २७२ | जापान | ७ ९३३ | अस्ट्रेलिया | ८ ९४४ |
| ३ | संयुक्त राज्य | १ २०३ | संयुक्त राज्य | ८४९ | भारत | १ २११ | संयुक्त राज्य | १ ४५६ | संयुक्त राज्य | ३ १०५ |
| ४ | जापान | १ १२८ | भारत | ८१२ | मलेसिया | ८३० | मलेसिया | १ १९० | भारत | १ ०४२ |
| ५ | भारत | ५०२ | संयुक्त अधिराज्य | ५७७ | संयुक्त राज्य | ८०९ | भारत | १ ००३ | मलेसिया | १ ०१२ |
| ६ | बंगलादेश | ३६३ | चीन | ४५३ | संयुक्त अधिराज्य | ६२७ | चीन | ५८१ | बंगलादेश | ८६५ |
| ७ | चीन | ३५३ | बंगलादेश | ३०७ | नर्वे | ५१७ | बंगलादेश | ४७३ | चीन | ७५२ |
| ८ | जर्मनी | २९३ | जर्मनी | २७५ | जर्मनी | ४१२ | संयुक्त अधिराज्य | ४३८ | डेनमार्क | ७४२ |
| ९ | फिलिपिन्स | २६८ | फिनल्याण्ड | २२० | बंगलादेश | ३७७ | डेनमार्क | ४०४ | न्यूजिल्यान्ड | ५९८ |
| १० | फिनल्याण्ड | १९२ | फिलिपिन्स | २१६ | मरिसस | ३६० | जर्मनी | ३६६ | जर्मनी | ४३१ |
| ११ | अन्य | २ १२९ | अन्य | १ ५९५ | अन्य | २ ६७६ | अन्य | ३ ०९८ | अन्य | ३ ७४८ |
| कुल | ५८ देशहरू | ११ ९१२ | ६९ देशहरू | १० २५८ | ६४ देशहरू | १६ ४९९ | ६७ देशहरू | २८ १२६ | ७२ देशहरू | ३० ६९६ |

स्रोत : शिक्षा मन्त्रालय।

तालिका २२ ले विदेशमा अध्ययन गर्नका लागि नेपालबाट प्रतिदिन औसत ५४ जना विद्यार्थीहरू जाने गरेको कुरा इङ्गित गर्दछ । सन् २०१०/११-२०१४/१५ को तथ्याङ्कले नेपाल छोड्ने विद्यार्थीहरूको सङ्ख्या प्रति दिन ३३ जनाबाट ८४ जनामा वृद्धि भइरहेको देखाउँदछ । अधिकांश वर्षहरूमा, नेपाली विद्यार्थीहरूका लागि अस्ट्रेलिया सबभन्दा बढीलोकप्रिय मुलुक थियो ।

सन् २०१४/१५ मा धेरैजसो विद्यार्थीको रुचिमा जापानले अस्ट्रेलियालाई पछि पार्‍यो । गन्तव्य मुलुकहरूको सङ्ख्या पनि ५८ बाट वृद्धि भइ ७२ पुग्यो ।

वैदेशिक रोजगारसँग गाँसिएको विदेशको अध्ययन भित्र बढ्दो चुनौति छ। यो स्थिति सोचनीय छ किनभने शैक्षिक परामर्शदाता कम्पनीहरूनिजी व्यवसायमा संलग्न भएका हुन्छन् र विद्यार्थीहरूलाई वैदेशिक रोजगारमा पठाउने ठगीका घटनाहरू नेपाल प्रहरीले खुलासा गरेको छ।

यी एजेन्सीहरूलाई नियमन गर्नका लागि कम्पनी रजिष्ट्रार कार्यालय र शिक्षा मन्त्रालयमा दर्ता बाहेक अन्य कुनै कानुनी मापदण्डहरू छैनन्। काठमाडौं पोष्टको समाचारअनुसार, २१ अगष्ट २०१५ सम्ममा गैर कानुनी रुपमा सञ्चालन भएका ११ वटा शैक्षिक परामर्शदाता कम्पनीहरूलाई महानगरीय प्रहरीको अपराध महाशाखाले कार्वाही गर्नुका साथै राजधानी भित्र समन्वयकारी तवरले छापामारी कम्पनीका प्रोप्राइटरहरूलाई पक्राउ गर्‍यो। यसरी पक्राउ पर्नेहरूमध्येको कालिमाटिमा रहेको शैक्षिक परामर्शदाता कम्पनीलाई वेरोजगार युवाहरूलाई दक्षिण अफ्रिकामा सुरक्षा गार्डको काम लगाइ दिने प्रलोभन देखाई ठूलो रकम ठगी गरेको आरोप लगाइएको थियो। यस्ता कम्पनीको विरुद्धमा भिसा प्रक्रिया, श्रम स्वीकृति र कागजपत्र मिलाउनका लागि प्रति व्यक्ति रु. ५५०,००० लिएको आरोप लगाई ११ जना पीडितहरूले उजुरी दर्ता गरेका थिए। शैक्षिक परामर्शदाता कम्पनीहरूलाई कानुनले कसैलाई पनि वैदेशिक रोजगारमा पठाउने अधिकार प्रदान गरेको छैन।

शैक्षिक परामर्शदाता कम्पनीहरूमार्फत विदेशमा अध्ययन गर्न पठाउने कुराको जटिलता मानव बेचबिखनसँग जोडिएको हुन्छ। जुलाई २०१५ मा *काठमाडौं पोष्ट*को रिपोर्टअनुसार द ल्याम्बर्ड एकेडेमी अफ् सेन्ट लुसिआले ठगी गरेको पाइएर यसका उच्च पदस्थ कर्मचारीहरूलाई मानव बेचबिखनको आरोप लगाइनु का साथै कम्पनी बन्द गर्न बाध्य पारिएको थियो। करिब ११ जना नेपाली विद्यार्थीहरूलाई भरतपुरको एउटा शैक्षिक परामर्शदाता कम्पनीले त्यहाँ पठाएको आरोप लागेको छ।

यस्ता घटनाहरूको सम्बोधन गर्नका लागि श्रम तथा रोजगार मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा नेपाल प्रहरीबिच संयुक्त रुपमा र समन्वका साथ काम गर्नुपर्ने आवश्यकता हुन्छ। यस क्षेत्रमा हुने गरेको ठगिका क्रियाकलापहरूलाई नियन्त्रण गर्न र विशेषज्ञको वृत्ति विकास गर्नका लागि कानुनी मापदण्डहरू लागु गर्दा सम्बन्धित कानुन र नीतिहरूलाई संयोजन गर्ने अब समय आएको छ।



इच्छुक कामदारहरु इ.पि.एस. कोरियाको परीक्षाको लागि फर्म भर्न लामबद्ध ।
© IOM/ A. Bahadur Balampaki

# अन्तराल, चुनौति र भावि कार्य दिशा

## ५.१ प्रमुख अन्तरालहरू

### ५.१.१ विकासका लागि लगानी

देशको वित्तीय क्षेत्रको विकासका लागि विप्रेषणको योगदानलाई समुद्रपार विकास सहायता, प्रत्यक्ष वैदेशिक लगानी र ऋणको तुलनामा उचित स्थान दिईएको छैन । देशको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय आप्रवासन विप्रेषणको योगदान उल्लेखनीय छ जबकि वैदेशिक सहयोग राष्ट्रिय बजेटको १५ प्रतिसत छ। नेपाल राष्ट्र बैंकको हिसावअनुसार सन् २०१४/१५ मा औपचारिक माध्यमबाट करिब रु.५८९.५ खर्ब रकम विप्रेषणको रुपमा भित्रिएको थियो र यो रकम करिब त्यस आर्थिक वर्षको वार्षिक बजेटको हाराहारिमा थियो। यो देशको कुल ग्रार्हस्थ उत्पादनको २९ प्रतिसत बराबर हो, जसले नेपाललाई कुल ग्रार्हस्थ उत्पादन तर्फको योगदानका लागि विश्वमा तेस्रो र दक्षिण एशियामा पहिलो बनाउंदछ । विप्रेषणहरू स्थिरजस्तो देखिने भएकोले यिनीहरू प्रायः वैदेशिक विनिमयको आम्दानीको स्रोतको सन्तुलित चक्र हुने गर्दछन्, र तिनीहरूले भुक्तानी बचतलाई स्थिर राख्न मद्धत पुऱ्याउँदछन् ।

आप्रवासीहरूले जुनसुकै कारणले आफ्नो घरमा परिवारले कठिनाइको अनुभव गरेमा बढी पैसा पठाउने हुनाले विप्रेषणले आर्थिक प्रतिकूलताको अवस्थामा बीमाको रुपमा काम गर्दछ। नेपाल राष्ट्र बैंककाअनुसार सन् २०१५ को भूकम्प पछि यो कुरा प्रमाणित भएको थियो। भूकम्प पछिका केही महिनाहरूमा नेपालमा भित्रिने विप्रेषणमा ठूलो वृद्धि भएको थियो। मध्य अप्रिल देखि मध्य जुन सम्ममा अघिल्लो महिनाको औसत रु. ४७ अर्बबाट वृद्धि भई मासिक रु. ६३ अर्ब पुगेको थियो ।

देशको अर्थतन्त्रमा सबभन्दा बढी बाह्य वित्तीय योगदान पुऱ्याउने विप्रेषणको आयलाई राष्ट्रिय प्रणालीले व्यापक रुपमा उपेक्षा गरेजस्तो देखिन्छ र यो विषय देशको विकाससँग सम्बन्धित छलफलमा प्रवेश गरेको छैन ।

### ५.१.२ विप्रेषण विशेष

नेपालमा विप्रेषणको प्रवाहका कारण औद्योगिक क्षेत्र खस्किएको लक्षण हो र यसले खासगरी न्यून स्व-रोजगारका अवसरहरूका हिसावले निर्यात व्यापारलाई कमजोर बनाएको छ।

अन्तर्राष्ट्रिय आप्रवासनमा पूर्ण रुपमा निर्भर रहेको नेपालको विप्रेषण अर्थतन्त्र बाह्य आर्थिक सङ्कटको अवस्थामा संकटोन्मुख छ। केही नेपाली अर्थशास्त्रीहरूले विप्रेषणको आयलाई देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा चित्रित गर्न शुरु गरेको भए तापनि सरकारले यसलाई दीर्घकालीन समाधान भन्दा पनि बामे सरिरहेको आर्थिक विकासका लागि अस्थायी समाधानको एउटा शृङ्खलाको रुपमा लिने गरेको छ।

मोवाइल प्रविधि र डिजिटल प्रविधिका अन्य माध्यमहरू लगायतका विभिन्न खाले नविन सेवाहरूको तत्काल आवश्यकता रहेको छ । यी सेवाहरू उपलब्ध भएमा परिवारहरूले आफ्नो विप्रेषण छिटो छरितो, सस्तो र आफ्नो आवासको नजिकै (खासगरी औपचारिक रुपमा बैकिङ्ग सेवाहरू प्राप्त नभएका दुर्गम स्थानहरूमा) प्राप्त गर्न सक्दछन् ।

श्रम तथा रोजगार मन्त्रालयले फिर्ती भएका नेपाली कामदारहरूको सामाजिक तथा आर्थिक पुन:एकीकरण सम्बन्धी कार्यक्रम पुस्तिकामा विप्रेषण आयसम्बन्धी अवधारणा निर्माण गरेको छ । यसमा आप्रवासी कामदारहरूले ल्याएको पैसा वा आर्जन गरेका ज्ञान, सीप, विशेषज्ञता, अनुभव, सकारात्मक सोच, सम्बन्ध, सञ्जाल र त्यस्तै अन्यजस्ता सामाजिक पूँजी दुवैलाई समेटिएको छ । यस विस्तृत अवधारणालाई सन् २०१२ को वैदेशिक रोजगार नीतिले अपेक्षा गरेअनुसारको उत्पादनशील क्षेत्र र मानव विकासका लागि विप्रेषणको अधिकतम प्रयोग कसरी गर्ने भन्ने कुरा चुनौतिको रुपमा रहेको छ ।

औपचारिक विप्रेषण सेवाहरूको प्रयोग गर्न प्रोत्साहन प्रदान गरी ठूलो राशिको विप्रेषण प्राप्त गर्नु ज्यादै महत्वपूर्ण हुन्छ किनभने यसले विप्रेषणहरूलाई आर्थिक वृद्धिका लागि टेवा दिंदा पैसा पठाउने काम सुरक्षित र भरपर्दो हुन पुग्दछ ।

विप्रेषणहरूको डायस्पोरा बोन्ड्स र सुरक्षणम् साना तथा ठूला दुवै खाले सार्वजनिक लगानीका लागि स्रोतहरूलाई माथि उठाउने माध्यमको रुपमा विप्रेषण प्राप्त गर्ने देशहरूमा लोकप्रिय भइरहेका छन् । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २००९/१० र २०१०/११ मा आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई लक्षित गरी वैदेशिक रोजगार बोन्ड्स, डायस्पोरा बोन्ड्सको एक प्रकारको बजारीकरण गर्‍यो । तथापि, यो प्रयास सफल भएन । डायस्पोरा बोन्डको सफल बिक्रिको व्यवस्थापन जटिल हुने भएकोले यसको असफलताका कारक तत्वहरूको अझ विश्लेषण गर्नु आवश्यक छ ।

नेपाल अतिकम विकसित देशहरूमध्ये ४८ औं स्थानमा पर्दछ । तेह्रौं आवधिक विकास योजना (२०१४-१६) ले नेपाललाई सन् २०२२ सम्ममा इस्तानबुल प्रोग्राम अफ् एक्सनको प्रतिवद्धता अनुरुप अतिकम विकसितबाट स्तरोन्नती गर्ने लक्ष राखेको छ, जसको थप लक्ष सबैका लागि र खासगरी युवाका लागि पूर्ण र उत्पादनशील रोजगारीका साथ मर्यादित कामको सिर्जना गर्ने समेत रहेको छ । यो लक्ष हासिल गर्नका लागि अब ६ वर्षको समयावधि मात्र बाँकी छ । विकासका लागि लगानी गर्न विप्रेषण आय प्रमुख अवयव हुनु पर्दछ । सरकारले कृषि, उर्जा, गरिबी न्यूनिकरण, स्वास्थ्य, शिक्षा, महिला र बालबालिकाहरूसँग सम्बन्धित महत्वपूर्ण क्षेत्रहरूलाई समावेश गरेर विप्रेषण नीति तर्जुमा गर्नु आवश्यक छ ।

### ५.१.३ सुशासनसँग सम्बन्धित

श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारका लागि शुन्य/न्यून लागत नीति लागु गरे तापनि यसको व्यवाहारीक कार्यान्वयन चुनौतिपूर्ण भएको छ । आप्रवासनसँग सम्बन्धित लागत, वैदेशिक रोजगारका लागि अप्रत्यक्षखर्च र श्रम स्वीकृति लगायतका खर्चहरू, कमिसन र शुल्कहरूजस्ता उच्च लागत छ । यसका अतिरिक्त, आप्रवासी कामदारलाई श्रम स्वीकृति प्रक्रिया झन्झटिलो लागेको हुनाले उनीहरूले यसको सरलीकरणका लागि अनुरोध गरेका छन् ।

जनमानसमा सामान्य बुझाइ के छ भने श्रम आप्रवासनसँग सम्बन्धित प्रक्रियालाई अझ बढी व्यवस्थित र पारदर्शी बनाइनु पर्दछ । नेपाली आप्रवासी कामदारहरूको भर्ति र रोजगारसँग सम्बन्धित काम उपलब्ध गर्नका लागि विज्ञापन देखि लिएर करारमा हस्ताक्षर गर्ने र गन्तव्य मुलुकका लागि श्रम स्वीकृति पाउने सम्मका वर्तमान प्रक्रिया विभिन्न चुनौतिहरू र व्यवस्थापनको अन्तरालले भरिएका छन् ।

श्रम तथा रोजगार मन्त्रालयका ज्ञान र अनुभव भएका कर्मचारीहरूको न्यून स्थायित्व छ । उच्च दरको अस्थिरताको मुख्य कारण क्षमता विकासका लागि तुलनात्मक रुपमा कम स्रोतहरू उपलब्ध हुन सक्दछ ।

वैदेशिक रोजगार सम्बन्धी परियोजनाहरू विगतका वर्षहरूमा अलग्गै सञ्चालन भइरहेकाले काममा दोहोरोपन र सेवाहरूको निरन्तरता टुट्ने गरेको छ ।

आप्रवासी कामदारका अधिकारहरू र कल्याणको संरक्षण गर्नुका अतिरिक्त उत्पत्ति र गन्तव्य मुलुकहरूबिच श्रम आप्रवासन प्रक्रियाहरूसञ्चालन गर्नका लागि द्वीपक्षीय श्रम सम्झौताहरू महत्वपूर्ण हुन सक्दछन् । गन्तव्य मुलुकहरूसँग द्वीपक्षीय श्रम सम्झौताहरू गर्नुपर्ने टड्कारो आवश्यकता छ, जसले नेपाली आप्रवासी कामदारहरूलाई अझ बढी संरक्षण गर्न सक्दछन् ।

आप्रवासी कामदारहरूको सामर्थ्य सुदृढ गरिनु पर्दछ जसले गर्दा आप्रवासन अझ बढी लाभदायी र राम्रो हुन्छ । यस्ताखाले नीतिगत मापदण्डहरूले अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकता अनुसारको सीपयुक्त तालिम प्रदान गर्नुपर्ने बुझ्नु पर्दछ, जसले नेपाली आप्रवासी कामदारहरूलाई अझ बढी प्रतिस्पर्धि बनाउने छ ।

आप्रवासी कामदारहरूलाई विदेशमा उनीहरूको रोजगारीका अवधिमा संरक्षण गर्नु श्रम आप्रवासनसम्बन्धी सुशासनको महत्वपूर्ण पक्ष हो । आप्रवासी कामदारहरूका अधिकारहरूको संरक्षण गर्नु र सुशासनका लागि सहजिकरण गर्नु नेपाली दुतावासहरू र नियोगहरूको महत्वपूर्ण भूमिका हुने गर्दछ । नेपाली दुतावासहरूमा स्रोतसाधन तथा कर्मचारीहरूको उपलब्धतालाई मध्यनजर गर्दा सेवाहरूसँग सम्बन्धित लगातार रुपमा वृद्धि भइरहेको मागलाई सम्बोधन गर्नका लागि यी संस्थाहरूको क्षमता अझै पनि कमजोर छ ।

श्रम आप्रवासन र मानव बेचबिखन बिचको सम्बन्ध पहिचान गरिनु पर्दछ । आप्रवासी कामदारहरूले बढ्दो रुपमा सामना गर्नु परेका शोषण र दुर्व्यवहारहरूका घटनाका सन्दर्भमा श्रम आप्रवासन सुशासनलाई मानब बेचबिखन बिरुद्धको लेन्स प्रयोग गर्दाका चुनौतिहरूको पहिचान भइ सकेको छ ।

### ५.१.४ श्रम तथा रोजगार मन्त्रालयको पूर्वाधार

सन् २०१५ को भूकम्पले यस मन्त्रालयको पहिलेको कार्यालय प्रयोग बिहीन बनाएको हुनाले श्रम तथा रोजगार मन्त्रालय हाल आंशिक रुपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र आंशिक रुपमा सिंहदरवारको पून:निर्माण मन्त्रालयमा अवस्थित छ । तसर्थ, नयाँ भवनको टड्कारो आवश्यकता छ । हाल सेवाग्राही तथा कर्मचारीहरूले ठूलो कठिनाइ अनुभव गर्ने गरेका छन् ।

## ५.२ चुनौतिहरू

यस प्रतिवेतनका लागि गरिएको अनुसन्धान र विश्लेषणले श्रम आप्रवासनसँग सम्बन्धित सुशासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न प्रकारका चुनौतिहरू उजागर गरेका छन् ।

- खासगरी नेपाललाई सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रको हैसियतबाट स्तरोन्नती गर्ने लक्षलाई मध्यनजर राख्दै विप्रेषणलाई आर्थिक वृद्धि र गरिबी न्यूनिकरणको संवाहकको रुपमा कसरी अधिकतम बनाउने ?
- कामदारहरूलाई विप्रेषणको औपचारिक सेवा प्रयोगका लागि प्रेरित गर्नसंस्थागत पहल र संरचना कस्तो हुनु पर्दछ, र अनौपचारिक विप्रेषणहरूलाई कसरी औपचारिक वित्तीय प्रणालीमा ल्याउन सकिन्छ ? यो विप्रेषणको वास्तविक राशीको गणना गर्नका लागि पनि महत्वपूर्ण हुन्छ ।
- आप्रवासी कामदारहरूको सुरक्षा र उचित रोजगारसँग सम्बन्धित विषयमा गन्तव्य मुलुकहरूलाई सम्बन्धित महासन्धीहरू, सिफारिसहरू र आलेखहरूअनुरुप काम गर्नका लागि जिम्मेवार बनाउन ।
- संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय मजदुर युनीयन परिषद् र अन्य निकायहरूको कस्तो भूमिका हुनु पर्दछ?
- कार्ड, मोवाइल टेलिफोन र शाखारहित बैकिङ्गजस्ता नयाँ प्रकारका भुक्तानी प्रणालीमार्फत विप्रेषणको प्रभावकारी प्रवाहलाई वृद्धि गर्नका लागि वर्तमान सूचना प्रविधिको प्रयोगसम्बन्धी कस्ता संरचनागत, कानुनी र प्राविधिक प्रबन्धहरू हुनु पर्दछ ?
- के नेपालले विप्रेषणसँग सम्बन्धित ऋण सुरक्षणमको विकास गर्नु पर्दछ ?
- विप्रेषणमा आधारित पूर्वाधार र अन्य विकासे कार्यक्रम र परियोजनाहरूका लागि के कस्ता नीतिहरू, कार्यक्रहरू, नियमावलीहरूर लगानीका वातावरणहरूको आवश्यकता पर्दछ ?
- बाह्य आर्थिक सङ्कट र गन्तव्य मुलुकहरूले अवलम्वन गरेका आप्रवासन नीतिहरूबाट पर्न सक्ने विप्रेषण अर्थतन्त्रको संकटासन्न अवस्थालाई न्यूनीकरण गर्न विकास नीति, योजना, कार्यक्रम र परियोजनाहरूसँग निकटतम कस्ता विकल्पहरूको प्रयोग गरिनु पर्दछ ?

- विदेशमा अध्ययन र वैदेशिक रोजगारबिचको सम्बन्ध कस्तो छ भन्ने कुराको साथै ठगीकाक्रियाकलापहरूलाई आत्मसात गर्दै के कस्ता कानुनी र प्रशासनिक संयन्त्रहरूले विदेशमा अध्ययन र वैदेशिक रोजगारीलाई नियमन गर्नु पर्दछ?
- वैदेशिक रोजगारसम्बन्धी सवालहरूलाई कसरी स्वास्थ्य, वित्तीय, महिला, बालबालिका र सामाजिक कल्याण (खासगरी मानव बेचबिखनसँग सम्बन्धित), गृह मामिला, पर्यटन, र कृषिसँग सम्बन्धित प्रमुख क्षेत्रहरूमा मुलप्रवाहीकरण गर्न सकिन्छ, र नीति, योजना, कार्यक्रम र परियोजनाहरूमा समन्वयात्मक र संयोजनात्मक पद्धत्ति सुनिश्चित गर्न कसरी आर्थिक लगानी गर्न सकिन्छ ?
- आप्रवासी कामदारहरूको स्वास्थ्यसँग सम्बन्धित सरोकार र सवालहरूको मात्रा कस्तो छ र अनियमित कामदारहरू लगायत यी समस्याहरूको निराकरण गर्नका लागि के कस्ता निर्दिष्ट कार्वाही अघि बढाउन सकिन्छ ?
- केही वर्ष यता वैदेशिक रोजगार पारिवारिक बिछोड, बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमीजस्ता सामाजिक लगानीहरूसँग गाँसिएको छ। आप्रवासी र फिर्ति भएका कामदारहरूले गर्ने आत्महत्याको बढ्दो शृङ्खला सरोकारको विषय भएको छ। एकजना वा सोभन्दा बढी सदस्यहरूको अनुपस्थितिद्वारा परिवारको तनावको तह प्रायःबढ्ने गरेको छ ? सामाजिक लागतलाई घटाउनका लागि के गर्न सकिन्छ ?
- कृषिका लागि आवश्यक मानव स्रोतको अभावमा कृषिमा आधारित अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। नेपालले देश भित्र खस्कँदो कृषिसँग सम्बन्धित गतिविधिका कारण खाद्य बाली र अन्य कृषि उत्पादनहरूआयात गर्ने गरेको छ। के यसमा परिवर्तन गर्न सकिन्छ ?

## ५.३ भावि कार्यदिशा

हाल देखा परेका सवालहरू, चुनौतिहरू र अन्तरालहरूलाई व्यवस्थापन गर्नका साथै प्रकट भइरहेका अवसरहरूलाई उपयोग गर्नका लागि एउटा विस्तृत एवं बहु-आयामिक पद्धत्तिको आवश्यकता परेको छ।

श्रम तथा रोजगार मन्त्रालयले प्रमाणजन्य सूसूचित नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने संस्कृति सिक्नु आवश्यक छ। यो विभिन्न प्रकारका अनुसन्धान अध्ययनहरूबाट प्रारम्भ गरिनु पर्दछ, जस्तै, बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमी, महिला तथा पुरुष आप्रवासी कामदारहरूको आत्महत्याका कारणहरू, वैदेशिक रोजगारसँग जोडीएका जोखिम र सामाजिक लागतको लेखाखोजा, युरोपेली मुलुकहरूमा वैदेशिक रोजगारको सम्भाव्यता, विप्रेषणको बचत र उत्पादनशील प्रयोगका लागि प्रावधानहरूको विकास, विप्रेषणको उच्च आम्दानीका प्रभावहरूलाई सन्तुलन गर्न सहयोग गर्ने आर्थिक नीतिहरू।

श्रम तथा रोजगार मन्त्रालयले प्रारम्भिक चरणमा रणनीतिमूलक कार्य योजनाको अभावमा वैदेशिक रोजगार नीति, २०१२ को सुष्त कार्यान्वयन भएको कुरा महशुस गरेको छ। यसका अतिरिक्त, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार नीति, २०१२ को कार्यान्वयनका लागि हालसालै एउटा पाँच वर्षे राष्ट्रिय रणनीतिमूलक कार्य योजना तर्जुमा गरेको छ। तसर्थ, भविष्यमा नीति निर्माण गर्दा नीति कार्यान्वयनका लागि प्रतिवद्ध कार्यदल सहितको कार्य योजनाको स्पष्ट प्रावधान सुनिश्चित गरिएको हुनेछ। यसका अतिरिक्त, सम्बन्धित नीतिको अक्षर र भावनामा कार्यान्यन गर्ने कुरा सुनिश्चित गर्नका लागि विगतको सिकाइले पनि कुनै पनि प्रकारको नीतिलाई उचित कानुन र कार्य योजनाको माध्यमद्वार टेवा दिनु पर्दछ भन्ने अनुभव प्रदान गरेको छ।

श्रम आप्रवासनको व्यवस्थापन पूर्ण रुपमा काठमाडौं केन्द्रित हुनुभन्दा विकेन्द्रिकृत रुपमा आप्रवासीहरूको उद्‌गम थलो (दुर्गम जिल्लाहरू) मा पहुँच्य बनाइनु पर्दछ। यसले सम्भावित आप्रवासीहरूको खर्च घटाउन मद्धत गर्दछ। नयाँ संविधान र संघीय ढाँचाको परिवेशमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगारका लागि जान इच्छुक कामदारहरूलाई सहयोग गर्नका लागि प्रान्तीय कार्यालयहरू स्थापना गर्ने तर्फ ध्यान दिनु पर्दछ।

रकम स्थानान्तरण गर्दा सुरक्षा र विश्वसनीयताको सुनिश्चित गर्दै ठूलो मात्रामा विप्रेषणलाई आकर्षण गर्ने उद्देश्यले विदेशमा रहेका नेपाली कामदारहरूलाई विप्रेषणका औपचारिक माध्यमहरूको प्रयोगका लागि आकर्षित गर्न अर्थ मन्त्रालय र बैंकिङ्ग क्षेत्रले विकास गर्नुपर्ने प्रोत्साहन प्याकेजको आवश्यकता रहेको छ ।

औपचारिक बैंकिङ्ग प्रणालीको ग्रामीण क्षेत्रहरूमा व्यापक अनुपस्थिति छ । मोवाइल तथा डिजिटल प्रविधिका अन्य स्वरुपहरू लगायतका नयाँ सेवाहरूको सम्भाव्यताको बारेमा लेखाजोखा गर्नु आवश्यक छ । यस्ता प्रविधिहरूको प्रयोगबाट परिवारहरूले विप्रेषण छिटो, सरल र आफ्नै आसपासमा अझ बढी सुरक्षित तवरले प्राप्त गर्दछन् ।

बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमीका लागि सामाजिक सुरक्षाको प्रावधान विस्तार गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

सरकारी विकासको सहायताका लागि समेटिएको विकासका लागि वित्तीय आवश्यकतामा प्रत्यक्ष वैदेशिक लगानी, ऋण र विप्रेषणहरूले सबभन्दा ठूलो योगदान पु¥याउने भएकाले विप्रेषण विकाससँग सम्बन्धित छलफलको केन्द्रबिन्दु हुनु पर्दछ । विकाससँग सम्बन्धित वित्तीय विषयका लागि श्रम तथा रोजगार मन्त्रालयको अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिनिधित्व हुनु पर्दछ ।

सन् २०१५ को भूकम्पको विपद्ले पुनःनिर्माणको कार्यक्षेत्रमा व्यापक विस्तार गरेको भए तापनि आवश्यक मानव संसाधनको अभाव रहेको छ । कामदारहरूको बाह्य प्रवाहलाई नियन्त्रण गर्नका लागि युवाहरूले विदेशमा गएर पाउने सरहको ज्याला दिनका लागि एउटा ज्याला नीति तर्जुमा गरिनु पर्दछ । यसले छिमेकी मुलुकहरूबाट विदेशी कामदारहरूलाई नियुक्ति गर्दा हुने खर्चमा बचत गरी बाह्य नगद प्रवाह रोक्ने छ । पुनःनिर्माण चरणमा फिर्ति भएका आप्रवासी कामदारहरूका सीपहरूको प्रयोग गर्ने कुरातर्फ पनि लक्षित हुन सकिन्छ ।

भारतका लागि हुने आप्रवासनसम्बन्धी अध्ययन गर्नु जटिलता र चुनौतिहरूको अनुमान गर्नका लागि आजको आवश्यकता भएको छ, जसले नेपाली कामदारहरूका अधिकारहरू र सुरक्षाको संरक्षण गर्नका लागि उचित कदम उठाउन सहजता प्रदान गर्दछ ।

नेपाली आप्रवासी कामदारहरूका अधिकार र लाभहरूको प्रवर्द्धन गर्नका साथै उनीहरूका लागि उचित, आकर्षक र सुरक्षित रोजगारका अवसरहरू प्राप्त गर्नका लागि सहयोग गर्ने उद्देश्यले गैर-आवासीय नेपाली समुदायहरूलाई परिचालन गर्नु पनि आवश्यक छ ।

नोभेम्वर २०१४ मा काठमाडौंमा सम्पन्न अठारौं सार्क सम्मेलनमा छलफल गरिएका आप्रवासी कामदारहरूका अधिकार, कल्याण, सुरक्षा र आत्मसम्मान सम्बन्धमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मुलुकहरूले साझा रणनीति बनाउनु पर्ने टड्कारो आवश्यकता छ । सार्कका राष्ट्र प्रमुखहरूले आफ्ना आप्रवासी कामदारहरूलाई यस क्षेत्रभन्दा बाहीरका गन्तव्य मुलुकहरूमा संरक्षण, सुरक्षा र कल्याण सुनिश्चित गर्नका लागि दक्षिण एशियाबाट श्रम आप्रवासनको सुरक्षित, व्यवस्थित र जिम्मेवारपूर्ण व्यवस्थापनका लागि सहकार्य र सहयोग गर्ने कुरा मञ्जुर गरिसकेका छन् । यस सम्मेलनले २१ बुँदे घोषणा पत्र जारी ग¥यो,जसमा क्षेत्रीय सहयोगको एउटा महत्वपूर्ण कार्यसूचीको रुपमा श्रम आप्रवासनको विषयलाई समावेश ग¥यो । श्रम आप्रवासीको विषयलाई समावेश गरिसकेपछि नेपाल सरकारले तीनवटा उद्देश्यका साथ आप्रवासी कामदारहरूको विषयमा सहयोग गर्नका लागि एउटा सार्क कार्य योजनाको मस्यौदा तयार पारेको छ :

१. सार्क स्तरमा श्रम आप्रवासनसँग सम्बन्धित सवालहरूको व्यवस्थापनमा सहकार्य र सहयोगका लागि सहजीकरण गर्ने खालको क्षेत्रीय स्तरमा एउटा संस्थागत संयन्त्रको स्थापना गर्ने ।
२. आप्रवासी कामदारहरूका अधिकार र कल्याणको संरक्षण र संवर्द्धन गर्नका लागि सार्क घोषणा पत्र तयार गर्नसहजीकरण गर्ने ।
३. क्षेत्रीय सहयोगका लागि प्राथमिकताका आधारमा विषयगत क्षेत्रहरूको पहिचान गर्नुका साथै श्रम आप्रवासनका विषयहरूमा सूचना आदानप्रदान र ज्ञान अभिवृद्धिका लागि सहजीकरण गर्ने ।

प्रत्येक उद्देश्यका लागि एउटा विस्तृत कार्य योजना र रणनीतिहरूको तर्जुमा गरिएको छ। नेपाल सरकारले आप्रवासी कामदारहरूसँग सम्बन्धित विषयमा सहयोगका लागि कार्य योजनाको मस्यौदा तयार गरेको हुनाले नेपालले मस्यौदा कार्य योजनाको अनुमोदनका लागि सार्क क्षेत्रीय कार्यशालाको आयोजना गरी छलफलका लागि निरन्तर रुपमा नेतृत्व गर्नु पर्दछ।

नेपाली कामदारहरूको सङ्ख्या उल्लेख्य रुपमा उच्च (१०,००० वा सोभन्दा बढी) भएका तथा महिला कामदारहरूको उल्लेख्य सङ्ख्या भएका देशहरूमा नेपाली दुतावासको स्थापना गर्नुका साथै ती दुतावासहरूमा श्रम सहचारीका साथै कल्याणकारी अधिकृतहरू नियुक्त गरिनु पर्दछ। गन्तव्य मुलुकहरूका ती राजदुत र अधिकृतहरूका लागि वैदेशिक रोजगारका सवालहरूमा सघन अभिमुखीकरण सञ्चालन गरिनु पर्दछ। श्रम सहचारी र कल्याणकारी अधिकृतहरूले गन्तव्य मुलुकको भाषा सिक्नु पर्दछ र उनीहरूलाई नेपाल छोड्नु अघि भाषाको तालिम दिइनु पर्दछ।

राजदुत र अन्य अधिकृतहरूको जिम्मेवारी विवरणमा यस्ता सवालहरूको व्यवस्थित रुपले व्यवस्थापन सुनिश्चित गर्नका लागि श्रम कुटनीति र आप्रवासी कामदारका अधिकारहरूसँग सम्बन्धित कार्य तथा जिम्मेवारीहरूसमावेश हुनु पर्दछ। नेपाली कामदारहरूको ठूलो सङ्ख्यामा प्रतिनिधित्व गर्ने मुलुकहरूका लागि राजदुतहरू नियुक्त गर्दा वैदेशिक रोजगार र श्रमिकका सवालहरूसँग सम्बन्धित अनुभव र ज्ञान भएका व्यक्तिहरूलाई गर्नु पर्दछ।

आफ्नो सीप, पैसा र दक्षता उत्पादनशील लगानीतर्फ प्रयोग गर्न चाहने आप्रवासी कामदारहरूले आवश्यक उपकरण र प्राविधिक सामग्रीहरू आयात गर्दा विशेष छुट लगायत आप्रवासी कामदारहरूको सामाजिक-आर्थिक पुनःएकीकरणलाई सम्भव भएसम्म यथाशिघ्र प्रारम्भ गरिनु पर्दछ। आप्रवासी कामदारहरूले आफैं शुरु गरेका विभिन्न प्रकारका उत्पादनशील पहलहरूको बारेमा पत्ता लगाई अभिलेखन गर्नु आवश्यक छ। यसले अन्य व्यक्तिहरूलाई यस्ता पहलहरूका लागि निश्चय नै राम्रो उदाहरण प्रदान गर्नेछ।

श्रम आप्रवासन र मानव बेचबिखनबिचको अन्तर-सम्बन्धहरूको बारेमा जानकार भइ दुईवटा सवालहरूसँग सम्बन्धित विद्यमान नेपालको कानुनी कार्यढाँचाहरूलाई सामन्जस्य गर्नुपर्ने आवश्यकता छ। वैदेशिक रोजगार ऐन र वैदेशिक रोजगार नियमावली र अन्य सम्बन्धित नीतिहरू प्रतिपादन गर्नका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको संयुक्त परामर्शको आवश्यकता रहेको छ।

श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र नेपला प्रहरीको बिचमा संयुक्त परामर्श, समन्वय र कार्यहरूको आवश्यकता छ।

श्रम तथा रोजगार मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबिच पनि फिर्ती भएका आप्रवासी कामदारहरूको मनोसामाजिक समस्याहरूलाई राम्ररी व्यवस्थापन गर्नका लागि संयुक्त परामर्श र समन्वयको आवश्यकता छ। सन् २०१४ को नेपाल स्वास्थ्य नीतिअनुसार मानसिक स्वास्थ्य सेवाहरूतथा विशिष्टिकृत स्वास्थ्य सेवाहरू समुदाय स्तरका अस्पतालहहरूबाट विस्तार गरिनु पर्दछ।

जन स्वास्थ्य सेवाहरूमा प्राय पहुँच पाउन नसकेका र/वा स्वदेश फिर्ता गरिने डरले उपलब्ध सेवाहरू प्रयोग गर्न अनिच्छुक अनियमित आप्रवासीहरू लगायतका लागि गन्तव्य मुलुकहरूमा आप्रवासीहरूको स्वास्थ्य सेवामा पहुँचसम्बन्धमा अनुसन्धान (समाधानतर्फ लक्षित) गर्नु आवश्यक छ।

गन्तव्य मुलुकहरूमा अवस्थित नेपाली दुतावासहरूका लागि स्थानीय वकिलको आवश्यकता पर्दछ, जसले गर्दा थाँती रहेका बीमासँग सम्बन्धित सवालहरू यथार्थपरक रुपमा आप्रवासी कामदारहरूको फाइदाका लागि समाधान हुन्छन्, किनभने गन्तव्य मुलुकहरूमा बीमाको भुक्तानी ठूलो समस्या होइन ।

जेखिममा रहेका महिला आप्रवासी कामदाहरूको पहिचान तथा तिनीहरूको उद्धार गर्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालहरूको पहिचान र परिचालन गर्नु आवश्यक छ ।

निजी म्यानपावर एजेन्सीहरूलाई उनीहरूको पेशागत क्षमता, काममा पारदर्शिता, कार्य सम्पादनको स्तर, कामको मात्रा, आचार संहिताको पालना, कामको गुणस्तर र कम्पनीको सामाजिक जिम्मेवारीको मात्राका आधारमा पुरष्कृत गरिनु पर्दछ ।

वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरूलाई एकत्रित, समन्वयात्मक र विस्तृत तवरले योजना बनाइ कार्यान्वयन गर्नु आवश्यक छ किनभने अधिकांश क्रियाकलापहरू अलग अलग गरिन्छन् र परिणामस्वरुप कम प्रभावकारी हुनुका साथै कामको पुनरावृत्ति हुन्छ । श्रम तथा रोजगार मन्त्रालयको पाँच वर्षे राष्ट्रिय रणनीतिमूलक कार्य योजनाले सुशासन संयन्त्रको रुपमा क्षेत्रगत पद्धत्तिको कल्पना गरेको छ, जसमा एउटा जाहेरी, एउटा अनुगमन, एउटा लेखापरीक्षण र एउटा सुशासन प्रणाली हुनेछन् । वैदेशिक रोजगारलाई प्रभाव पार्ने खालका अधिकांश समस्या र चुनौतिहरूको लागत प्रभावकारी ढंगले समाधान गर्नका लागि राष्ट्रिय रणनीतिमूलक कार्य योजनाको प्रभावकारी कार्यान्वयन आधारभूत कुरा हो ।




नेपाल देखि खाडी मुलुकका विभिन्न ठाउँमा धेरै उडानहरु । © *ILO/O. Havana*

# सन्दर्भ सूची


केन्द्रीय तथ्याङ्क विभाग । २०११ । *राष्ट्रिय जनसङ्ख्या तथा आवास गणना,* २०११ । (काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार), पाना २११-२३७ । ।

____ । २०१३ । "अन्तर्राष्ट्रिय आप्रवासन र नेपालमा नागरिकता", *नेपालको जनसङ्ख्या मोनोग्राफमा,* २०१३, भाग १ (काठामाडौं, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार) ।

क्यासल्स्, एस. २००८ । "विकास र आप्रवासन - आप्रवासन र विकास : कुन पहिले आउँछ ?*अनुसन्धान र नीतिका लागि आप्रवासन र विकासको भावि दिशा* मा, एस्एस्आरसि आप्रवासन र विकास सम्मेलन कार्यपत्रहरू (न्यू योर्क, समाज विज्ञान अनुसन्धान परिषद) ।

जिआईजे तथा अन्तर्राष्ट्रिय श्रम संगठन । २०१५ । *श्रम बजारका प्रवृत्तिहरूको विश्लेषण र दक्षिण एसियाबाट खाडी सहायता परिषद देशहरू, भारत र मलेसियाका लागि श्रम आप्रवासन* (काठमाडौं, आइएलओ)

गुरुङ्ग, जि. २००४ । नेपालका सन्दर्भमा वैदेशिक रोजगारसम्बन्धी समिक्षा कार्यपत्र (काठमाडौं, अन्तर्राष्ट्रिय श्रम संगठन)

नेपाल राष्ट्र बैंक । आर्थिक सर्वेक्षण २०१५ (काठमाडौं, २०१५ ।

पन्त, बि. २००६ । "नेपाल भित्रिने विप्रेषणको प्रवाह : आर्थिक प्रभाव र नीतिगत विकल्पहरू" नेपाल राष्ट्र बैंकको इकोनोमिक रिभ्यू, भाग १८ मा (काठमाडौं, नेपाल राष्ट्र बैंक)

प्रधान, ए. र अन्य । २०११ । *प्रमाणको पुनरावलोकन : नेपालमा महिला आत्महत्या* (काठमाडौं, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार) ।

पोखरेल, के. २००९ । "नेपालमा योजना तर्जुमा प्रक्रियाको विवेचनात्मक समीक्षा", *जन प्रशासनका लागि नेपाली जरनल* मा (काठमाडौं, सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकार) ।

भट्ट, जि. २०१३ । "नेपालमा विप्रेषण र व्यापार घाटाको सम्बन्ध : भिइसिएम पद्धति", इकोनोमिक रिभ्यू, भाग २३, नं. १ ।

भद्रा, सि. २०१३ । *आर्थिक सुरक्षा वृद्धि गर्न तथा नेपाली महिला आप्रवासी कामदारहरूबिच महिला बिरुद्धको हिंसालाई सम्बोधन गर्न एवं सुरक्षित आप्रवासनका लागि स्थानीय शासनको दायित्वमा विदेशमा हुने गरेको श्रमिक आप्रवासनको प्रभाव ।* (काठमाडौं, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल सरकार) ।

भेज्जोली, एस. २०१४ । *अन्तर्राष्ट्रिय आप्रवासनमा राज्यको भूमिका : उपनिवेश देखि स्वतन्त्रतासम्मको अन्वेषण ।* कार्यपत्र खण्डहरू १०२ । अक्सफोर्ड, अन्तर्राष्ट्रिय आप्रवासन परियोजनाका निर्धारक तत्वहरू, अक्सफोर्ड विश्व विद्यालय) ।

मर्फि, आर. २००८ । "आप्रवासनमा महिलाहरूको अनुभवसम्बन्धी सामाजिक-सांस्कृतिक मान्यताहरूका प्रभाव र विकासका लागि यसको असर" अनुसन्धान र नीतिसम्बन्धी आप्रवासन र विकासका लागि भावि दिशा निर्देश, एसएसअआरसि आप्रवासन विकास सम्मेलन कार्यपत्रहरू (न्यू योर्क, सामाजिक विज्ञान अनुसन्धान परिषद)

रनिज, जि. २००८ । *"आप्रवासन र विकासबिचको सम्बन्ध", अनुसन्धान र नीतिका लागि आप्रवासन र विकास*को *भावि दिशा* मा, एस्एस्आरसि आप्रवासन र विकास सम्मेलन कार्यपत्रहरू (न्यू योर्क, समाज विज्ञान अनुसन्धान परिषद) ।

राष्ट्रिय योजना आयोग । २०१३ । *नेपाल सहश्राब्दी विकास लक्ष्य प्रगति प्रतिवेदन २०१३* (काठमाडौं, राष्ट्रिय योजना आयोग, नेपाल सरकार र संयुक्त राष्ट्र संघ नेपालका लागि कार्यदल) ।

राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपि), २०१४ । नेपालको मानव विकास प्रतिवेदन २०१४ (काठमाडौं, राष्ट्रिय योजना आयोग, नेपाल सरकार र संयुक्त राष्ट्र संघ नेपालका लागि कार्यदल) ।

लेभिट, पि. १९९८ । "सामाजिक विप्रेषण आप्रवासनद्वारा परिचालित स्थानीय तहका सांस्कृतिक विस्तारको स्वरुप" अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा, भाग ३२ (४), पेज नं. ९२६-९४८ मा (न्यू योर्क : न्यू योर्क आप्रवासन अध्ययन केन्द्र, इनक.)

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) । २०१५ । *नेपालको साङ्ख्यीकीय प्रोफाइल, २०१५* । www.who.int/gho/countries/npl.pdf?ua=1मा उपलब्ध ।

विश्व बैंक । २०११ । ठूलो परिमाणको आप्रवासन र नेपालमा विप्रेषण : सवालहरू, चुनौतिहरू र अवसरहरू (काठमाडौं, विश्व बैंक)

_____ २०१४ । *आप्रवासन र विकास संक्षिप्त, सङ्ख्या २३* (वाशिङ्टन डि.सी.) ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड । वर्ष । वैदेशिक रोजगार शिक्षा : अभिमुखीकरण पाठ्यक्रम (काठमाडौं)

श्रम तथा रोजगार मन्त्रालय । २०१४ ।  रोजगारका लागि श्रम आप्रवासन : नेपालको स्थिति प्रतिवेदन, २०१३/१४ (काठमाडौं)

श्रेष्ठ, बि. । २००८ । "नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगार र विप्रेषणको योगदान", इकोनोमिक रिभ्यू, भाग २०, सङ्ख्या १ (काठमाडौं, नेपाल राष्ट्र बैंक, नेपाल सरकार) ।

सिजापति, बी.; लिम्बु, ए. २०१२ । नेपालमा श्रम आप्रवासन सञ्चालन : मौजुदा नितिहरू तथा संस्थागत संयन्त्रहरूको विश्लेषण (काठमाडौं, श्रम तथा विद्यमान गतिशीलता अध्ययन केन्द्र)

स्केल्डन, आर. २००८ । "विकासे नीतिमा अन्तर्राष्ट्रिय आप्रवास एउटा साधनको रुपमा : अस्थायी चरण ?"

संयुक्त राष्ट्र संघ (युएन) । २०१४ । *अतिकम विकसित मुलुकहरूको प्रतिवेदन, २०१४ : संरचनागत रुपान्तरणसँगै वृद्धिः २०१५ पछिको विकासे एजेन्डा* (जेनेभा, व्यापार तथा विकास सचिवालयसम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन) ।

## तथ्याङ्क सेट १ : श्रम स्वीकृति प्राप्त गर्ने कामदारहरुको सङ्ख्या (व्यक्तिगत रुपमा आवेदन दिने बाहेक), ७५ वटा उत्पत्ति जिल्लाहरु र लैङ्गिकताका आधारमा, सन् २००८/०९-२०१४/१५

| आ. व | २००८/०९ | | | २००९/१० | | | २०१०/११ | | | २०११/१२ | | | २०१२/१३ | | | २०१३/१४ | | | २०१४/१५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल |
| ताप्लेजुङ कुल | २ ०७५ | ६ | २ ०८१ | २ २३४ | ३८ | २ २७२ | २ ०७२ | ३१ | २ १०३ | २ ०३६ | ७८ | २ ११४ | २ ८६१ | १४६ | ३ ००७ | ३ १७६ | १३३ | ३ ३०९ | ३ २१२ | १५९ | ३ ३७१ |
| पाँचथर कुल | ३ २३२ | ३४ | ३ २६६ | ४ ०३९ | ५४ | ४ ०९३ | ४ ०१५ | ५८ | ४ ०७३ | ३ ८८२ | १२१ | ४ ००३ | ५ ५९१ | ३११ | ५ ९०२ | ५ ५७० | २०६ | ५ ७७६ | ५ ८७८ | ३१६ | ६ १९४ |
| इलाम कुल | ३ ३४४ | २७ | ३ ३७१ | ४ ३५६ | ११० | ४ ४६६ | ४ २८२ | ९९ | ४ ३८१ | ४ ७७० | २६५ | ५ ०३५ | ६ ०३५ | ५६५ | ६ ६०० | ६ १४० | ४६७ | ६ ६०७ | ५ ८८७ | ५५८ | ६ ४४५ |
| झापा कुल | ९ ४१२ | १२३ | ९ ५३५ | १० ३३७ | २८१ | १० ६१८ | १० ६५५ | ३४९ | ११ ००४ | ११ १३१ | ६४७ | ११ ७७८ | १६ ५६१ | १ ४१३ | १७ ९७४ | १७ ५०४ | १ १५१ | १८ ६५५ | १६ ८५५ | १ ३२७ | १८ १८२ |
| संखुवासभा कुल | १ ९७६ | १३ | १ ९८९ | २ ६३९ | ३९ | २ ६७८ | २ ६८५ | ३१ | २ ७१६ | २ २४७ | ४४ | २ २९१ | ३ ३८१ | १६३ | ३ ५४४ | ३ ९७३ | १३१ | ४ १०४ | ३ ७०४ | १५८ | ३ ८६२ |
| तेह्रथुम कुल | १ ४५१ | १० | १ ४६१ | १ ७५२ | १५ | १ ७६७ | १ ८६८ | १८ | १ ८८६ | १ ९४९ | ३४ | १ ९८३ | २ ८६४ | ८४ | २ ९४८ | २ ९५६ | ९३ | ३ ०४९ | २ ९९९ | ९५ | ३ ०९४ |
| भोजपुरकुल | २ ४६४ | १६ | २ ४८० | २ ६१९ | ३८ | २ ६५७ | २ ७३६ | ५२ | २ ७८८ | ३ २१८ | ८९ | ३ ३०७ | ४ ९२६ | २६९ | ५ १९५ | ५ ७०७ | २२६ | ५ ९३३ | ५ ७२८ | २८८ | ६ ०१६ |
| धनकुटा कुल | २ १६२ | १० | २ १७२ | २ ९२३ | ४५ | २ ९६८ | २ ४७३ | ४१ | २ ५१४ | २ ६३५ | ५६ | २ ६९१ | ३ ९९५ | १९२ | ४ १८७ | ४ ३६९ | १७२ | ४ ५४१ | ४ ३४६ | १९९ | ४ ५४५ |
| मोरङ्ग कुल | ६ ८८४ | ९९ | ६ ९८३ | ९ ३७९ | १८७ | ९ ५६६ | १० १४८ | २५१ | १० ३९९ | १० ३५४ | ४४० | १० ७९४ | १५ ७८९ | १ ००२ | १६ ७९१ | १७ ०९८ | ७३१ | १७ ८२९ | १६ ७९१ | ८५० | १७ ६४१ |
| सुनसरी कुल | ४ ३४६ | ६४ | ४ ४१० | ५ ७७६ | १४७ | ५ ९२३ | ६ ४६३ | १५७ | ६ ६२० | ७ ३२५ | २९८ | ७ ६२३ | १० ९८४ | ६११ | ११ ५९५ | १२ २९५ | ४७९ | १२ ७७४ | १२ ६४३ | ५०२ | १३ १४५ |
| सोलुखुम्बुकुल | ७६५ | १३ | ७७८ | ८६८ | ५३ | ९२१ | ९४० | ३२ | ९७२ | १ ०९३ | ११८ | १२११ | १ ६०८ | २६२ | १ ८७० | १ ७७२ | २५१ | २ ०२३ | १ ९३२ | ३४६ | २ २७८ |
| खोटाङ कुल | २ ८६९ | १६ | २ ८८५ | ३ १९९ | ४४ | ३ २४३ | ३ ६०६ | ४२ | ३ ६४८ | ४ ०६७ | ११६ | ४ १८३ | ६ २१९ | २५५ | ६ ४७४ | ६ ९७५ | २७२ | ७ २४७ | ७ २२७ | ३१२ | ७ ५३९ |
| ओखलढुंगाकुल | १ ५०६ | १९ | १ ५२५ | १ ६३३ | ३५ | १ ६६८ | १ ८६९ | ३५ | १ ९०४ | १ ९०५ | ८६ | १ ९९१ | ३ ०६२ | २०० | ३ २६२ | ३ ६८० | १५८ | ३ ८३८ | ३ ९०१ | २३३ | ४ १३४ |
| उदयपुर कुल | २ ९४६ | ४३ | २ ९८९ | ३ ८८७ | ९४ | ३ ९८१ | ३ ६९० | ८२ | ३ ७७२ | ४ १४४ | १२७ | ४२७१ | ६ ०१३ | ३४७ | ६ ३६० | ७ २९५ | ३३७ | ७ ६३२ | ७ ३२७ | ३४० | ७ ६६७ |
| सप्तरी कुल | ४ ०६८ | ४ | ४ ०७२ | ७ २७६ | १० | ७ २८६ | ७ ४६६ | १४ | ७ ४८० | ७ ३१४ | १८ | ७ ३३२ | ११ २४४ | २९ | ११ २७३ | १३ ३९३ | २५ | १३ ४१८ | १३ ९९९ | ४१ | १४ ०४० |
| सिराहा कुल | ७ ५०६ | २ | ७ ५०८ | ९ ५३२ | ११ | ९ ५४३ | १० २८३ | ७ | १० २९० | ९ २१२ | ११ | ९ २२३ | १३ ९१७ | २७ | १३ ९४४ | १७ १७३ | १८ | १७ १९१ | १७ ०५१ | २१ | १७ ०७२ |
| दोलखा कुल | १ ५०० | ३० | १ ५३० | १ ५९९ | १०८ | १ ७०७ | १ ६९५ | ५९ | १ ७५४ | २ २०७ | १५४ | २ ३६१ | ३ ७१० | ४३६ | ४ १४६ | ४ १३९ | ४९२ | ४ ६३१ | ३ ९६१ | ५३७ | ४ ४९८ |
| रामेछाप कुल | १ ५८९ | २७ | १ ६१६ | १ ८३४ | ७३ | १ ९०७ | २ १८३ | ५८ | २ २४१ | ३ १०० | १४२ | ३ २४२ | ४ २५५ | ४३५ | ४ ६९० | ५ ०७५ | ४०० | ५ ४७५ | ४ ६७९ | ५०६ | ५ १८५ |
| सिन्धुली कुल | २ ३९५ | २१ | २ ४१६ | ३ २३५ | ९७ | ३ ३३२ | ३ ७७० | ५८ | ३ ८२८ | ४ ९१८ | १७३ | ५ ०९१ | ६ २९२ | ४०६ | ६ ६९८ | ७ १५० | ३३१ | ७४८१ | ७ ३२५ | ३८७ | ७ ७१२ |
| धनुषा कुल | १० ९४७ | ३ | १० ९५० | ११ ९३३ | ९ | ११ ९४२ | ११ ९११ | १२ | ११ ९२३ | ११ ६२२ | २१ | ११ ६४३ | १८ ८४७ | ४७ | १८ ८९४ | २१ ३०५ | ५२ | २१ ३५७ | २२ २१३ | ४६ | २२ २५९ |
| महोत्तरी कुल | ६ १३६ | ० | ६ १३६ | २५ १६८ | ५५ | २५ २२३ | १३ ६७९ | ८ | १३ ६८७ | ९ ४५२ | २४ | ९ ४७६ | १२ ५६० | ४६ | १२ ६०६ | १५ ५९५ | ४५ | १५ ६४० | १६ ६८६ | ५४ | १६ ७४० |
| सर्लाही कुल | ३ ४५४ | २४ | ३ ४७८ | ५ १३० | ७० | ५ २०० | ५ ६८८ | ३१ | ५ ७१९ | ५ ६५५ | ६८ | ५ ७२३ | १० ०६४ | २७१ | १० ३३५ | १३ १४४ | १८६ | १३ ३३० | १४ ४०७ | २११ | १४ ६१८ |
| रसुवा कुल | ४३८ | १३ | ४५१ | ५१७ | ३८ | ५५५ | ३७७ | १४ | ३९१ | ५६१ | ८५ | ६४६ | ८७५ | १९० | १ ०६५ | ८०२ | १३६ | ९३८ | ७४५ | १०६ | ८५१ |
| धादिङ कुल | २ ३७६ | २० | २ ३९६ | ३ ७१९ | ५८ | ३ ७७७ | ४ ९६४ | ५१ | ५ ०१५ | ५ ३४० | १३९ | ५ ४७९ | ६९७१ | ३६२ | ७ ३३३ | ७ ३४२ | ३९४ | ७ ७३६ | ६ ९८४ | ४६४ | ७ ४४८ |
| नुवाकोट कुल | २ ३२४ | ४६ | २ ३७० | २ ३४६ | १३३ | २ ४७९ | २ ६९७ | ७७ | २ ७७४ | ३ ६४५ | १८६ | ३ ८३१ | ६ ०४३ | ६९२ | ६ ७३५ | ६ ५५९ | ६७३ | ७ २३२ | ६ ०११ | ७२० | ६ ७३१ |

| आ. व | २००८/०९ | | | २००९/१० | | | २०१०/११ | | | २०११/१२ | | | २०१२/१३ | | | २०१३/१४ | | | २०१४/१५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल |
| काठमाडौं कुल | २ १४० | ७५ | २ २१५ | १ ४२५ | १२१ | १ ५४६ | २ १८२ | १४३ | २ ३२५ | ३ ०९९ | २४७ | ३ ३४६ | ५ २६७ | ६८५ | ५ ९५२ | ५ १३१ | ६६१ | ५ ७९२ | ४ १७३ | ८२८ | ५ ००१ |
| भक्तपुर कुल | ७८७ | १८ | ८०५ | ६२३ | १९ | ६४२ | ९६६ | २२ | ९८८ | १ २०५ | ४९ | १ २५४ | १ ३९९ | ९६ | १ ४९५ | १ ५११ | ९२ | १ ६०३ | १ ३०१ | १३४ | १ ४३५ |
| ललितपुर कुल | १ ०९७ | २६ | १ १२३ | ८९८ | ४७ | ९४५ | १ ०१३ | ४७ | १ ०६० | १ ७१८ | ७३ | १ ७९१ | २ ३६५ | २१५ | २ ५८० | २ ५२९ | २५३ | २ ७८२ | २ ०९१ | ३१६ | २ ४०७ |
| काभ्रेपलाञ्चोक कुल | २ ५०७ | ५७ | २ ५६४ | २ ५९९ | १५५ | २ ७५४ | २ ७६३ | ८० | २ ८४३ | ४ १७१ | २०१ | ४ ३७२ | ७ २८० | ७३२ | ८ ०१२ | ७ ६०६ | ७५७ | ८ ३६३ | ७ ०५९ | ७६७ | ७ ८२६ |
| सिन्धुपाल्चोक कुल | २ ५२३ | १५७ | २ ६८० | २ ४७० | ३४४ | २ ८१४ | २ ३५६ | १४१ | २ ४९७ | ३ २८४ | ४९८ | ३ ७८२ | ५ ९७० | १७२५ | ७ ६९५ | ७ ०७० | १२३३ | ८ ३०३ | ५ ८५२ | ११३७ | ६ ९८९ |
| मकवानपुर कुल | २ ८०६ | ५९ | २ ८६५ | ३ २८३ | १६४ | ३ ४४७ | ३ ५१४ | १२१ | ३ ६३५ | ४ ५९२ | २४० | ४ ८३२ | ७ ७३४ | ७९३ | ८ ५२७ | ८ ७३१ | ८२८ | ९ ५५९ | ८ २७६ | ८९३ | ९ १६९ |
| रौतहट कुल | १ ५४८ | ४ | १ ५५२ | २ १२० | १४ | २ १३४ | २ ८६७ | ६ | २ ८७३ | ३ २७७ | २१ | ३ २९८ | ६ ५२४ | ८२ | ६ ६०६ | ८ ७९४ | ६४ | ८ ८५८ | ९ ६४९ | ७० | ९ ७१९ |
| बारा कुल | १ ७६७ | ७ | १ ७७४ | २ ४९३ | ३४ | २ ५२७ | ३ ६२१ | १८ | ३ ६३९ | ४ १२० | ३८ | ४ १५८ | ७ ०३४ | १६६ | ७ २०० | ८ ७८३ | १४५ | ८ ९२८ | ८ ८२९ | १८५ | ९ ०१४ |
| पर्सा कुल | ८८१ | ४ | ८८५ | १ १८३ | ११ | १ १९४ | १ ७३० | १३ | १ ७४३ | २ २२५ | १९ | २ २४४ | ३ ७१७ | ८७ | ३ ८०४ | ६ ४१६ | ५४ | ६ ४७० | ६ ०८४ | ८३ | ६ १६७ |
| चितवन कुल | ४ २७९ | ४१ | ४ ३२० | ४ २०५ | ६१ | ४ २६६ | ४ ७६९ | ७२ | ४ ८४१ | ५ ६६२ | १७२ | ५ ८३४ | ८ ९३७ | ४६९ | ९ ४०६ | ९ १४१ | ४०६ | ९ ५४७ | ८ २७३ | ४१४ | ८ ६८७ |
| गोर्खा कुल | ३ ०८० | २० | ३ १०० | ३ २९३ | ५५ | ३ ३४८ | ३ ६६४ | ५३ | ३ ७१७ | ४ २८४ | १३१ | ४ ४१५ | ५ ६२२ | २८६ | ५ ९०८ | ६ १३१ | २४९ | ६ ३८० | ५ ९५० | २८३ | ६ २३३ |
| मनाङ कुल | ९९ | ० | ९९ | १०९ | १ | ११० | ३९ | १ | ४० | २५ | ४ | २९ | १७ | ४ | २१ | ६३ | ६ | ६९ | ७६ | १६ | ९२ |
| लमजुङ कुल | २ २९३ | २१ | २ ३१४ | २ ४०७ | ४३ | २ ४५० | २ ९११ | ३७ | २ ९४८ | ३ ०३४ | ६६ | ३ १०० | ४ ३३५ | १५० | ४ ४८५ | ४ ४११ | १२५ | ४ ५३६ | ४ ०८५ | १४१ | ४ २२६ |
| कास्की कुल | ३ ७८१ | ४३ | ३ ८२४ | ३ ०७९ | ७२ | ३ १५१ | ३ ९४५ | ६३ | ४ ००८ | ४ २४९ | ११६ | ४ ३६५ | ६ ३५४ | २७४ | ६ ६२८ | ५ ७२२ | २२२ | ५ ९४४ | ५ ४८८ | २२२ | ५ ७१० |
| तनहु कुल | ४ ३९५ | १६ | ४ ४११ | ४ ८५३ | ३३ | ४ ८८६ | ५ ३५३ | २९ | ५ ३८२ | ६ २०८ | ६२ | ६ २७० | ८ २११ | १६५ | ८ ३७६ | ८ २१२ | १४९ | ८ ३६१ | ८ ०४८ | १७६ | ८ २२४ |
| स्याङजा कुल | ३ २९४ | १७ | ३ ३११ | ३ २६७ | २५ | ३ २९२ | ४ २८६ | ४१ | ४ ३२७ | ४ ६०४ | ८२ | ४ ६८६ | ७ ६१५ | १६३ | ७ ७७८ | ६ ८५९ | ११५ | ६ ९७४ | ७ ०६९ | १७४ | ७ २४३ |
| गुल्मी कुल | १ ७२४ | ११ | १ ७३५ | १ ९९४ | ११ | २ ००५ | २ ७५५ | ३५ | २ ७९० | २ ९१७ | ४४ | २ ९६१ | ५ २३३ | १३७ | ५ ३७० | ५ ००० | ८२ | ५ ०८२ | ५ ५९३ | १०१ | ५ ६९४ |
| पाल्पा कुल | २ ४८१ | १० | २ ४९१ | २ ७९५ | २७ | २ ८२२ | ३ ३३६ | २४ | ३ ३६० | ४ १३१ | ५४ | ४ १८५ | ५ ३९२ | १२८ | ५ ५२० | ५ ६५९ | ७६ | ५ ७३५ | ५ ६०८ | ९७ | ५ ७०५ |
| अर्घाखाची कुल | १ २७२ | ४ | १ २७६ | १ ६०१ | २० | १ ६२१ | १ ९६७ | १७ | १ ९८४ | २ १५६ | २७ | २ १८३ | ३ ३४६ | ७९ | ३ ४२५ | ३ ५५८ | ५१ | ३ ६०९ | ३ ८२६ | ७० | ३ ८९६ |
| नवलपरासी कुल | ५ १२५ | ३६ | ५ १६१ | ६ ३९७ | ६४ | ६ ४६१ | ७ ९८८ | ७९ | ८ ०६७ | ८ ३४३ | १६२ | ८ ५०५ | ११ ९४० | ३७० | १२ ३१० | १२ ७२२ | २७० | १२ ९९२ | १२ ५०३ | २७१ | १२ ७७४ |
| रुपरन्देही कुल | ३ ४०३ | १६ | ३ ४१९ | ४ १२२ | ४१ | ४ १६३ | ५ ३७५ | ५३ | ५ ४२८ | ५ ८६७ | ११९ | ५ ९८६ | १० ५५७ | २९३ | १० ८५० | ११ ५३८ | १६२ | ११ ७०० | १२१४४ | १८१ | १२ ३२५ |
| कपिलवस्तु कुल | १ २२० | ४ | १ २२४ | २ १७२ | २० | २ १९२ | २ ९७८ | १६ | २ ९९४ | ३ ११७ | ३५ | ३ १५२ | ६ ३५७ | ८० | ६ ४३७ | ७ ०६३ | ५५ | ७ ११८ | ८ ००० | ५९ | ८ ०५९ |
| मुस्ताङ कुल | ७३ | १ | ७४ | ३४ | २ | ३६ | ३१ | ० | ३१ | १८ | ४ | २२ | ३८ | १० | ४८ | ४९ | १० | ५९ | ५३ | ८ | ६१ |
| म्याग्दी कुल | १ ५३४ | ८ | १ ५४२ | १ ६९९ | १६ | १ ७१५ | २ २६८ | ३८ | २ ३०६ | २ ३६४ | ३६ | २ ४०० | ३ २७० | १०६ | ३ ३७६ | ३ १४० | ११५ | ३ २५५ | ३ ११४ | १११ | ३ २२५ |
| बागलुङ कुल | २ ५२८ | १० | २ ५३८ | ३ ०६८ | १३ | ३ ०८१ | ४ १५० | १६ | ४ १६६ | ४ ८०३ | ४७ | ४ ८५० | ५ ७९७ | ९४ | ५ ८९१ | ५ ७६८ | ८८ | ५ ८५६ | ६ २९१ | ९९ | ६ ३९० |
| पर्वत कुल | १ ७१९ | ११ | १ ७३० | १ ६९८ | १८ | १ ७१६ | २ ४११ | २० | २ ४३१ | २ ८९० | ३१ | २ ९२१ | ३ ७४६ | ८३ | ३ ८२९ | ३ ६७५ | ५६ | ३ ७३१ | ३ ५९८ | ६७ | ३ ६६५ |
| रुकुम कुल | १२६० | ४ | १ २६४ | १ ६१५ | ७ | १ ६२२ | १ ९८२ | ११ | १ ९९३ | २ ३५६ | ३८ | २ ३९४ | ३ ३४४ | ५५ | ३ ३९९ | ३ ८९० | ६६ | ३९५६ | ४ ५०४ | ७० | ४ ५७४ |
| रोल्पा कुल | २६४१ | १ | २ ६४२ | ३ १५३ | ११ | ३ १६४ | ३ २४३ | ६ | ३ २४९ | ३ ६६५ | २१ | ३ ६८६ | ५ ५८६ | ६८ | ५ ६५४ | ६ ०९६ | ७८ | ६ १७४ | ६ ७०३ | ९३ | ६ ७९६ |
| प्युठान कुल | ९३० | ५ | ९३५ | १ १०४ | ४ | १ १०८ | १ ५९१ | ७ | १ ५९८ | १ ५६१ | १० | १ ५७१ | २ ६१० | ३५ | २ ६४५ | ३ ३६५ | ३० | ३ ३९५ | ४ ०५९ | ३६ | ४ ०९५ |
| सल्यान कुल | १९६२ | ० | १ ९६२ | ३ १३४ | १८ | ३ १५२ | ३ ६९० | ९ | ३ ६९९ | ४ ८९६ | ५४ | ४ ९५० | ५ १६८ | ८८ | ५ २५६ | ६ १७९ | ७८ | ६ २५७ | ६ २२५ | ८७ | ६ ३१२ |

| आ. व | २००८/०९ | | | २००९/१० | | | २०१०/११ | | | २०११/१२ | | | २०१२/१३ | | | २०१३/१४ | | | २०१४/१५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल |
| दाङ कुल | ३६९७ | १० | ३ ७०७ | ४ ९६५ | ३५ | ५ ००० | ५ १३४ | ३५ | ५ १६९ | ५ ०२८ | ५२ | ५ ०८० | ८ ००१ | १९६ | ८ १९७ | ९ ८२९ | १६५ | ९ ९९४ | ९ ९४५ | २५० | १०१९५ |
| डोल्पा कुल | २४ | ० | २४ | १२ | ० | १२ | ११ | ० | ११ | ९ | ० | ९ | १३ | १ | १४ | २२ | १ | २३ | ४७ | २ | ४९ |
| मुगु कुल | १०० | ० | १०० | ३६ | १ | ३७ | ५१ | ० | ५१ | ४७ | ४ | ५१ | ७७ | ३ | ८० | १३९ | ५ | १४४ | २५८ | ३ | २६१ |
| जुम्ला कुल | २९ | ० | २९ | ३७ | ० | ३७ | ४६ | ० | ४६ | ६९ | ० | ६९ | १७३ | ५ | १७८ | २९७ | ० | २९७ | ३८३ | २ | ३८५ |
| कालीकोट कुल | ५९ | ० | ५९ | ९५ | ० | ९५ | ८९ | ० | ८९ | १४६ | ५ | १५१ | ४८९ | ३ | ४९२ | ७२४ | ३ | ७२७ | ८०० | ७ | ८०७ |
| हुम्ला कुल | १६ | १ | १७ | ५० | २ | ५२ | ५९ | १ | ६० | १०९ | ४ | ११३ | ४३ | २ | ४५ | ८४ | २ | ८६ | ७५ | ४ | ७९ |
| जाजरकोट कुल | २५२ | ० | २५२ | ४६४ | ४ | ४६८ | ८८८ | ४ | ८९२ | ८१४ | ६ | ८२० | १ ३३५ | ७ | १ ३४२ | १ ८८८ | ११ | १ ८९९ | २ १२५ | २० | २ १४५ |
| दैलेख कुल | २६४ | १ | २६५ | ४४१ | ६ | ४४७ | ५५० | ३ | ५५३ | ६६७ | ५ | ६७२ | १ ३५२ | २३ | १ ३७५ | २ ००९ | २७ | २ ०३६ | २ १८३ | १८ | २ २०१ |
| सुर्खेत कुल | ५८४ | २ | ५८६ | १ ०७३ | ६ | १ ०७९ | १ ५७८ | ८ | १ ५८६ | १ ३४९ | ७ | १ ३५६ | २ ८२५ | ७३ | २ ८९८ | ३ ५४५ | ४० | ३ ५८५ | ३ ९०३ | ५६ | ३ ९५९ |
| बाँके कुल | ९८४ | ९ | ९९३ | १ ८३९ | २० | १ ८५९ | २ ४०१ | १५ | २ ४१६ | २ ५१३ | २५ | २ ५३८ | ४ ७१४ | १०१ | ४ ८१५ | ५ ५१८ | ६३ | ५ ५८१ | ५ ८८७ | ९० | ५ ९७७ |
| बर्दिया कुल | ७३६ | १ | ७३७ | १ ३४४ | १२ | १ ३५६ | १ ९७३ | २२ | १ ९९५ | १ ९२७ | ३४ | १ ९६१ | ३ ७४८ | १०६ | ३ ८५४ | ४ २९८ | ८७ | ४ ३८५ | ४ ८५६ | ९२ | ४ ९४८ |
| बाजुरा कुल | १०० | ० | १०० | ११४ | ० | ११४ | ८० | ० | ८० | १७६ | ३ | १७९ | ३५९ | ४ | ३६३ | ५२१ | ५ | ५२६ | ७३३ | ४ | ७३७ |
| अछाम कुल | ४५ | ० | ४५ | १८९ | ० | १८९ | ३०४ | ५ | ३०९ | ४४९ | २ | ४५१ | ५४९ | ७ | ५५६ | ७६७ | ० | ७६७ | ९८४ | ५ | ९८९ |
| बजाङ कुल | ५५ | ० | ५५ | १२४ | ० | १२४ | १५८ | ० | १५८ | १९२ | ० | १९२ | ४६९ | १ | ४७० | ६७१ | १ | ६७२ | ९५४ | १ | ९५५ |
| डोटी कुल | ७६ | ० | ७६ | ८१ | ० | ८१ | १०५ | ० | १०५ | २०६ | १ | २०७ | ४५३ | ४ | ४५७ | ६११ | १ | ६१२ | ७५४ | ४ | ७५८ |
| कैलाली कुल | ५७८ | ६ | ५८४ | ७ ३६२ | २३ | ७ ३८५ | ९ ३४० | ३२ | ९ ३७२ | ७ २३१ | ७१ | ७ ३०२ | २ ४८३ | ८९ | २ ५७२ | ३ २८२ | ९३ | ३ ३७५ | ३ ६२० | ५८ | ३ ६७८ |
| दार्चुला कुल | १९८ | ० | १९८ | ३३० | ४ | ३३४ | २९४ | १ | २९५ | ३६५ | १ | ३६६ | ६७२ | ४ | ६७६ | ९३५ | ७ | ९४२ | १ १६३ | ११ | १ १७४ |
| बैतडी कुल | ४२० | २ | ४२२ | ४२३ | ० | ४२३ | ४६३ | ० | ४६३ | ५५४ | १ | ५५५ | १ ३५८ | ३ | १ ३६१ | १ ७५६ | ३ | १ ७५९ | १ ८२७ | ७ | १ ८३४ |
| डडेलधुरा कुल | २८४ | ० | २८४ | ७९० | ३ | ७९३ | ७७५ | ३ | ७७८ | १ ५९६ | १६ | १ ६१२ | १ ०३६ | १३ | १ ०४९ | १ १३२ | ३ | १ १३५ | १ २९६ | ९ | १ ३०५ |
| कञ्चनपुर कुल | ६६९ | १ | ६७० | १ १६८ | ११ | १ १७९ | १ ६९३ | १२ | १ ७०५ | १ ४६४ | १८ | १ ४८२ | २ ९०४ | ५२ | २ ९५६ | ३ ४०० | ३८ | ३ ४३८ | ३ ५७० | ५२ | ३ ६२२ |
| कुल | १६२४८४ | १ ४०२ | १६३ ८८६ | २२१ ७६० | ३ ४४० | २२५ २०० | २३७९५१ | ३ ०२६ | २४० ९७७ | २५३५३४ | ६ ४९६ | २६० ०३० | ३७८ ४८५ | १७ १७६ | ३९५ ६६१ | ४२६ ४२७ | १४ ६९० | ४४१११७ | ४३२ ३७८ | १६ ६६० | ४४९०३८ |

## तथ्याङ्क सेट २ : व्यक्तिगत रुपमा आवेदन दिइ श्रम स्वीकृति प्राप्त गर्ने कामदारहरू (व्यक्तिगत आवेदकहरू),७५ वटा उत्पति जिल्लाहरूका आधारमा, सन् २०१२/१३-२०१४/१५

| जिल्ला कुल | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | कुल |
|---|---|---|---|---|
| ताप्लेजुङ कुल | ४१० | ५६१ | ३९२ | १ ३६३ |
| पाँचथर कुल | ६३६ | ९२४ | ५५१ | २ १११ |
| इलाम कुल | ५५९ | ९१० | ४८२ | १ ९५१ |
| झापा कुल | २ ८८० | ४ १७४ | २ १८७ | ९ २४१ |
| संखुवासभा कुल | ४५१ | ६४७ | ४२९ | १ ५२७ |
| तेह्रथुम कुल | ३४३ | ६०५ | ३५३ | १ ३०१ |
| भोजपुरकुल | ५६२ | ९७२ | ५३८ | २ ०७२ |
| धनकुटा कुल | ५७६ | ७९८ | ४९० | १ ८६४ |
| मोरङ्ग कुल | २ ३०५ | ३ ३७८ | १ ७७० | ७ ४५३ |
| सुनसरी कुल | १ ८७७ | २ ६६० | १ ७६६ | ६ ३०३ |
| सोलुखुम्बुकुल | २३० | ३८९ | २११ | ८३० |
| खोटाङ कुल | ७८६ | १ १३१ | ७६४ | २ ६८१ |
| ओखलढुंगाकुल | ३०० | ४९१ | २९२ | १ ०८३ |
| उदयपुर कुल | ५४९ | ७९५ | ४४५ | १ ७८९ |
| सप्तरी कुल | ८४७ | १ ४४५ | ९९४ | ३ २८६ |
| सिराहा कुल | २ ३५२ | ३ १४१ | १ ९०३ | ७ ३९६ |
| दोलखा कुल | ३४८ | ५५५ | ३८७ | १ २९० |
| रामेछाप कुल | ४२९ | ६७९ | ४५५ | १ ५६३ |
| सिन्धुली कुल | ३७२ | ६६७ | ३८९ | १ ४२८ |
| धनुषा कुल | ३ २४८ | ४ ०८३ | २ ५२७ | ९ ८५८ |
| महोत्तरी कुल | १ ८६८ | २ ४८२ | १ ६४९ | ५ ९९९ |
| सर्लाही कुल | ७४२ | १ २१६ | ७९७ | २ ७५५ |
| रसुवा कुल | १५२ | १८५ | ८२ | ४१९ |
| धादिङ कुल | ६२० | ९७० | ७१५ | २ ३०५ |
| नुवाकोट कुल | ५५६ | ९१७ | ७०६ | २ १७९ |
| काठमाडौं कुल | ९१८ | १ ३८३ | १ १०२ | ३ ४०३ |
| भक्तपुर कुल | १७६ | २९२ | २१८ | ६८६ |
| ललितपुर कुल | ३६२ | ५४६ | ४३१ | १ ३३९ |
| काभ्रेपलाञ्चोक कुल | ५७६ | १ ०२४ | ६९६ | २ २९६ |
| सिन्धुपाल्चोक कुल | १ ०६४ | १ ५९८ | ८२९ | ३ ४९१ |
| मकवानपुर कुल | ७६१ | १ २०० | ६९४ | २ ६५५ |
| रौतहट कुल | ४९६ | ६७६ | ५३४ | १ ७०६ |
| बारा कुल | ७२९ | ९३५ | ७५५ | २ ४१९ |
| पर्सा कुल | ४४३ | ६४२ | ४९३ | १ ५७८ |
| चितवन कुल | १ ३६७ | २ १९६ | १ ४६६ | ५ ०२९ |
| गोर्खा कुल | ७६४ | १ २२४ | ९०५ | २ ८९३ |
| मनाङ कुल | २० | १२ | १४ | ४६ |

| जिल्ला कुल | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | कुल |
|---|---|---|---|---|
| लमजुङ कुल | ८०९ | १ ०८१ | ७२५ | २ ६१५ |
| कास्की कुल | १ ६८७ | २ १६२ | १ ४२७ | ५ २७६ |
| तनहु कुल | १ ५८० | २ १०० | १ ४१० | ५ ०९० |
| स्याङजा कुल | २ १३१ | २ ९७१ | २ ०५१ | ७ १५३ |
| गुल्मी कुल | १ ७३७ | २ ३१६ | १ ८६५ | ५ ९१८ |
| पाल्पा कुल | १ १३८ | १ ६०० | १ ०२४ | ३ ७६२ |
| अर्घाखाची कुल | ७६६ | १ ०६० | ७२६ | २ ५५२ |
| नवलपरासी कुल | २ १३७ | २ ९७४ | १ ६७६ | ६ ७८७ |
| रुपरन्देही कुल | २ ५८५ | ३ ५१४ | २ २१९ | ८ ३१८ |
| कपिलवस्तु कुल | २ ००० | २ १२१ | १ ५०९ | ५ ६३० |
| मुस्ताङ कुल | १४ | ३५ | २५ | ७४ |
| म्याग्दी कुल | ७६६ | ९६६ | ६८८ | २ ४२० |
| बागलुङ कुल | १ ५५० | २ ३०६ | १ ९२७ | ५ ७८३ |
| पर्वत कुल | ८६८ | १ १८२ | ८६१ | २ ९११ |
| रुकुम कुल | १४७ | २६६ | १५४ | ५६७ |
| रोल्पा कुल | ३१६ | ५२० | २८४ | १ १२० |
| प्युठान कुल | २५४ | ४३३ | २८७ | ९७४ |
| सल्यान कुल | १५२ | २७६ | १३६ | ५६४ |
| दाङ कुल | ५११ | ८७६ | ४०६ | १ ७९३ |
| डोल्पा कुल | १ | ७ | १ | ९ |
| मुगु कुल | ४ | १२ | ६ | २२ |
| जुम्ला कुल | २ | १२ | ६ | २० |
| कालीकोट कुल | ५ | १२ | ६ | २३ |
| हुम्ला कुल | ७ | १ | ३ | ११ |
| जाजरकोट कुल | ३२ | ४३ | १९ | ९४ |
| दैलेख कुल | १०२ | १८६ | १०४ | ३९२ |
| सुर्खेत कुल | २९८ | ४१३ | १६४ | ८७५ |
| बाँके कुल | ८१७ | ९७० | ५२९ | २ ३१६ |
| बर्दिया कुल | ४३९ | ६१३ | २७८ | १ ३३० |
| बाजुरा कुल | ६ | १० | १० | २६ |
| अछाम कुल | ३१ | ५१ | ३९ | १२१ |
| बजाङ कुल | ९ | २० | १७ | ४६ |
| डोटी कुल | ४२ | ६२ | ४७ | १५१ |
| कैलाली कुल | २२६ | २८० | १५० | ६५६ |
| दार्चुला कुल | ४० | ५० | ४५ | १३५ |
| बैतडी कुल | ५६ | ९४ | ९४ | २४४ |
| डडेलधुरा कुल | ५८ | ८० | ६८ | २०६ |
| कञ्चनपुर कुल | २३१ | ३४३ | १८५ | ७५९ |
| | | | | १८४ ३३१ |

**तथ्याङ्क सेट ३ : व्यक्तिगत रुपमा आवेदन दिइ श्रम स्वीकृति प्राप्त गर्ने पुरुष कामदारहरुको सङ्ख्या (व्यक्तिगत आवेदकहरू), ७५ वटा उत्पत्ति जिल्लाहरुका आधारमा, सन् २०१२/१३-२०१४/१५**

| जिल्ला | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | कुल |
|---|---|---|---|---|
| ताप्लेजुङ कुल | ३२६ | ४३४ | ३५२ | १ ११२ |
| पाँचथर कुल | ४७७ | ६९६ | ४९९ | १ ६७२ |
| इलाम कुल | ३१२ | ५७७ | ३७९ | १ २६८ |
| झापा कुल | १ ७२२ | २ ६२६ | १ ७६५ | ६ ११३ |
| संखुवासभा कुल | ३३४ | ५२३ | ३७७ | १ २३४ |
| तेह्रथुम कुल | २७९ | ५०६ | ३२८ | १ ११३ |
| भोजपुरकुल | ४२३ | ७३७ | ४९५ | १ ६५५ |
| धनकुटा कुल | ४५० | ६३७ | ४४२ | १ ५२९ |
| मोरङ्ग कुल | १ ४७७ | २ ३५१ | १ ४९४ | ५ ३२२ |
| सुनसरी कुल | १ ४२१ | २ ०४६ | १ ५९५ | ५ ०६२ |
| सोलुखुम्बुकुल | १४८ | २५१ | १५९ | ५५८ |
| खोटाङ कुल | ६२१ | ९४६ | ६९९ | २ २६६ |
| ओखलढुंगाकुल | २३१ | ४०८ | २५५ | ८९४ |
| उदयपुर कुल | ३६८ | ५८२ | ३७६ | १ ३२६ |
| सप्तरी कुल | ८१० | १ ४०७ | ९८४ | ३ २०१ |
| सिराहा कुल | २ ३३४ | ३ १२० | १ ८९१ | ७ ३४५ |
| दोलखा कुल | २०८ | ३४४ | २९३ | ८४५ |
| रामेछाप कुल | २८१ | ४६३ | ३८७ | १ १३१ |
| सिन्धुली कुल | २३२ | ४४३ | ३२९ | १ ००४ |
| धनुषा कुल | ३ २०६ | ४ ०३१ | २ ५१४ | ९ ७५१ |
| महोत्तरी कुल | १ ८२७ | २ ४३४ | १ ६३१ | ५ ८९२ |
| सर्लाही कुल | ६०६ | १ ०६२ | ७४८ | २ ४१६ |
| रसुवा कुल | ३९ | ६६ | ५६ | १६१ |
| धादिङ कुल | ४३६ | ७३५ | ६२२ | १ ७९३ |
| नुवाकोट कुल | ३५१ | ६१६ | ५६५ | १ ५३२ |
| काठमाडौं कुल | ६३५ | ९५२ | ८११ | २ ३९८ |
| भक्तपुर कुल | १२३ | २२९ | १७८ | ५३० |
| ललितपुर कुल | २५५ | ३९४ | ३४१ | ९९० |
| काभ्रेपलाञ्चोक कुल | ३३७ | ७०७ | ५६५ | १ ६०९ |
| सिन्धुपाल्चोक कुल | ३३८ | ५९७ | ४९१ | १ ४२६ |
| मकवानपुर कुल | ३६१ | ६७४ | ५३२ | १ ५६७ |
| रौतहट कुल | ४६३ | ६३८ | ५२४ | १ ६२५ |
| बारा कुल | ६५७ | ८४७ | ७३३ | २ २३७ |
| पर्सा कुल | ४११ | ५८७ | ४८० | १ ४७८ |
| चितवन कुल | १ ०१७ | १ ७०० | १ २९० | ४ ००७ |
| गोर्खा कुल | ६४८ | १ ०५७ | ८३१ | २ ५३६ |

| जिल्ला | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | कुल |
|---|---|---|---|---|
| मनाङ कुल | १३ | ९ | ८ | ३० |
| लमजुङ कुल | ७१५ | ९६३ | ६८० | २ ३५८ |
| कास्की कुल | १ ४७५ | १ ८८९ | १ ३०३ | ४ ६६७ |
| तनहु कुल | १ ४३७ | १ ९३३ | १ ३४० | ४ ७१० |
| स्याङजा कुल | १ ९९५ | २ ७१९ | १ ९५७ | ६ ६७१ |
| गुल्मी कुल | १ ५९२ | २ १४० | १ ७७८ | ५ ५१० |
| पाल्पा कुल | ९८४ | १ ४२८ | ९३७ | ३ ३४९ |
| अर्घाखाची कुल | ६७३ | ९४० | ६८५ | २ २९८ |
| नवलपरासी कुल | १ ६४९ | २ ३६१ | १ ५२९ | ५ ५३९ |
| रुपरन्देही कुल | २ २२६ | २ ९४५ | २ ०१९ | ७ १९० |
| कपिलवस्तु कुल | १ ८९७ | १ ९९१ | १ ४६१ | ५ ३४९ |
